◆ **सम्पादकीय-**

- शान्ति सचिवालयको काम - २

◆ **राष्ट्रिय राजनीति**

- सरकारको दोस्रो महिना र नागरिक अपेक्षा – **प्रदिप नेपाल** - ३
- कसरी बित्यो सरकारको एक महिना ? - ५

◆ **अन्तर्वार्ता - माधवकुमार नेपाल** - ७

◆ **पार्टी जीवन**

- सदस्यका हित पार्टी हितको अधिनमा हुनुपर्छ– **ल्यू शाओचि** - ९

◆ **विश्लेषण**

- जवज र नयाँ जनवादबीचको अन्तरसम्बन्ध – **झलनाथ खनाल** - ११

◆ **संस्मरण**

- भैरहवाको जेल बिद्रोह – **विष्णु पौडेल** - १४

◆ **रोचक इतिहास**

- पाल्पा जेल ब्रेक – **कमल कोइराला** - १६

◆ **मुलुक परिचय- ग्रीस** - १८

◆ **म कसरी कम्युनिष्ट भएँ ? – राजेन्द्र श्रेष्ठ** - १९

◆ **आवरण**

- फासीवादविरोधी अथक योद्धा – **अग्निशिखा** - २१

◆ **मोफसल**

- धादिङको कम्युनिष्ट आन्दोलन - **राजेन्द्रप्रसाद पाण्डे** - २३

◆ **स्थलगत**

- माओवादी ज्यादती र प्रतिशोधको राजनीति – **सूर्य थापा** - २५

◆ **अर्थ**

- सिंगो मुलुकको ढुकढुकी समेटेको बजेट- **डा. गोविन्दबहादुर थापा**- २७

◆ **चिनारी**

- 'चेतनाले भ्याएसम्म पार्टीको काम गर्छु' – **कमला पराजुली** - २९

◆ **कविता - सुषमा शर्मा** - ३०

◆ **चलचित्र**

- फरेनहाइट ९/११ – **यादव शर्मा** - ३१

◆ **कथा**

- नरक-यात्रा– **विष्णु रिजाल** - ३२

◆ **अभियान**

- सहकारी : समस्या र सम्भावना – **डा. अयोधीप्रसाद यादव** - ३४

◆ **इतिहास**

- नेपालको प्रजातान्त्रिक परम्परा - ३६

# शान्ति सचिवालयको काम

*निकै लामो प्रसव वेदनापछि शान्ति सचिवालयको औपचारिक घोषणा गरिएको छ । सरकारका कामहरूको गति सुस्त छ र पार्टी पंक्ति सरकारी कामको गतिविधिबाट असन्तुष्ट छ । यसलाई कतैबाट पनि अन्यथा अर्थमा लिइनु हुँदैन । अहिलेको सरकार नेकपा (एमाले) सरकार होइन । यो हो चार पार्टीको सरकार । जहाँ दुई मन्त्रीको उपस्थिति अन्यौलग्रस्त चर्चाको विषय बनेको छ । यस्तो अवस्थामा नेकपा (एमाले) र वर्तमान सरकारको सोच उस्तै हुन्छ, हुनुपर्छ भनेर कुनै राजनीतिक निष्कर्ष निकाल्न सकिदैन ।*

*भोकाएकोले भन्छ - डाँडावारी खाउँ, अघाएकोले भन्छ - डाँडापारी खाउँ । अहिले सरकार र पार्टीहरू बीचको द्वन्दलाई धेरैले यसै अर्थमा लिएका छन् । पार्टी कार्यकर्ता र जनताको प्रतिनिधित्व गर्छ । त्यो प्रतिनिधित्व सिधै हुन्छ । सरकारले कुनै एउटा पार्टीको प्रतिनिधित्व गरिरहेको छैन । प्रष्ट शब्दमा भन्ने हो भने अहिलेको सरकार सबै विचारको चौतारी हो । त्यसैले त्यसभित्र विवाद हुन्छ, बहस हुन्छ, संघर्ष र एकता पनि हुन्छ । कहिले त्यो चर्को हुन्छ, कहिले त्यो नरम हुन्छ । त्यसैले त्यसमा संलग्न मन्त्रीहरूको अभिव्यक्ति प्रायः पार्टीको सोचभन्दा पृथक भैरहेको देखिएको छ । यो भेद त्यही द्वन्दको अभिव्यक्ति हो भनेर सबैले बुझ्नु पर्छ ।*

*धैर्यताको क्षण अत्यन्तै अप्ठ्यारो हुन्छ र अहिले हाम्रो देश त्यही क्षणबाट गुज्रिइरहेको छ । मानिसका धेरै चाहना होलान्, तर देशको एउटा मात्रै चाहना छ । त्यो चाहना हो शान्ति । यस्तो अवस्थामा सरकारले सुरक्षामा भन्दा शान्तिमा बढी ध्यान केन्द्रीत गर्नु जरूरी छ भन्ने जनचाहनाको निकास श्रावण महिनाको अन्तिम हप्तामा आएर स्थापित भएको छ ।*

*निर्णय हुने र ती निर्णयहरू फाइलको चेपमा लुकेर समाप्त हुने परम्परा नेपालको स्थापित परम्परा हो । शान्ति सचिवालय फाइलको चेपारोमा नफसोस् । कृयाशीलताको अभावमा शान्ति सचिवालयको कुनै प्रयोजन हुनेछैन ।*

*चारै पार्टीका शीर्ष नेताहरू तथा राजाको तर्फबाट प्रतिनिधित्व गर्नुहुने भनिएका नेतामन्त्रीको सहभागीतामा गठन भएको शान्ति सचिवालयले राम्रो ढङ्गले काम गर्न सकेन भने नेपाली राजनीतिका सन्दर्भमा राजा र सम्बैधानिक राजनीतिक दलहरू प्रयोजनहीन हुने खतरा सन्मूखिन छ । यो गम्भिर खतरातर्फ सचिवालयको ध्यान केन्द्रीत होओस, हामीले अर्को अङ्कको सम्पादकीय तयार गर्दासम्म शान्तिप्रकृयाका प्रारम्भिक कामहरू आरम्भ भइसकुन् ।*

*यो हो, नयाँ युगको शुभकामना ।*

# सरकारको दोस्रो महिना र नागरिक अपेक्षा

**' प्रदिप नेपाल**

कपा (एमाले) सरकारमा गएको पाँच हप्ता बित्दैछ । सरकार सञ्चालनको सन्दर्भमा पाँच हप्ता कुनै समय नै होइन । त्यसैले बितेको पाँच हप्ता र आउने तीन हप्ता पनि सफलता या असफलताको मापो बन्न सक्दैनन् । हाम्रो पार्टी सरकारमा किन गयो ? सरकारमा जानुको निश्चित कार्यक्रम र योजना थियो कि थिएन ? के हामीले मन्त्री पदको जागिर खुवाउनमात्रै पार्टीका नेताहरूलाई सरकारमा पठाएका हौं ? कि तात्कालिक हानी बेहोरेर भए पनि दीर्घकालीन हितका लागि पार्टीले एउटा अप्ठ्यारो बाटोमा आफूलाई हेलेको हो ? यी केही ज्वलन्त प्रश्नहरूलाई यतिबेला अखबारको अचार बनाइएको छ । अचारमार्फत् जनतामा भ्रमको विष रोप्ने कोसिस गरिएको छ ।

प्रतिगमन कसरी सच्चिन्छ ? यो समकालीन नेपाली राजनीतिको सर्वाधिक गम्भीर चासोको प्रश्न हो । शान्तिको पुनर्बहाली कसरी हुन्छ ? यो आम नागरिकको पहिलो र अन्तिम चासो बनेको समय हो । अहिले इमानको नेपाली राजनीतिका लागि प्रतिगमन सच्चिनु नै देश अघि बढ्ने सूचकाङ्क हो भने सवा दुई करोड नेपालीको एकमात्र माग भनेको शान्तिपूर्ण ढङ्गले बाँच्न पाउने अधिकारको सुरक्षा हुनु हो ।

प्रतिगमन सच्याउन मुलुकका राजनीतिक दलहरूले ०५९ सालको असोज २१ गतेदेखि नै आन्दोलन आरम्भ गरे । पहिलो चरणमा त्यो प्रतिगमनको मौखिक प्रतिवादको रूपमा अभिव्यक्त भयो । सबै पार्टी र अधिकांश नागरिक संस्थाहरूले प्रतिगमन सच्याइनुपर्ने माग अघि सारे । तर, राजाबाट मौखिक प्रतिवादको कुनै सुनुवाई नभएपछि राजनीतिक पार्टीहरूले विरोध प्रदर्शनको चरणमा आफूलाई लगे । ०५९ सालको कार्तिकदेखि पुससम्मको अवधिमा नेपाल राष्ट्रले चिताइ नसक्नुका विरोध प्रदर्शनहरू बेहोर्‍यो । नेकपा (एमाले) ले मात्रै पाँच लाख मानिसलाई सडकमा ओरार्‍यो । अर्थात्, नेपाली परिवारको औसत संख्याको हिसाब गर्ने हो भने हाम्रो पार्टीले मात्रै पच्चीस लाख जनसंख्यालाई प्रतिगमनविरोधी आन्दोलनमा परिचालन गर्‍यो । हामीबाहेक प्रजातान्त्रिक कांग्रेस, नेपाली कांग्रेस, जनमोर्चा र सद्भावना पार्टीहरूले पनि आ-आफ्नो गच्छेअनुसार नागरिकलाई प्रतिगमनविरोधी जनलहरमा समाहित गर्ने काम गरे ।

दोस्रो चरणको विरोध प्रदर्शन नेपाली राजनीतिको इतिहासमा अभूतपूर्व थियो । तर राजाबाट त्यसलाई देख्ने काम पनि भएन । यो नेपाली राजनीतिको सबैभन्दा ठूलो दुर्भाग्य थियो । यही गल्तीले नेपाली राजनीतिमा बन्दुकलाई बलियो बनाउने सर्वाधिक गलत, विनाशकारी र राष्ट्रविरोधी चिन्तन पैदा गरायो । जनप्रदर्शनका कार्यक्रमहरूप्रति सरकारको बेवास्ताले हिंसाको राजनीतिलाई चुल्याउने मात्र काम गर्‍यो ।

दोस्रो चरणमा अलग-अलग रूपमा आयोजना गरिएका कार्यक्रमहरूबाट प्रतिगमनकारी शक्तिलाई पराजित गर्न दबाव नपुगेको महसुस गरी विघटित प्रतिनिधिसभामा रहेका चार दलहरूले एउटा मोर्चा बनाए । मूल मुद्दामा केन्द्रित हुननसक्ने कुपोषणको विमारीसहित जन्मिएको त्यो मोर्चाले पन्ध्र महिनासम्म आफूलाई उभ्याउने कोसिस गरिरह्यो । एक अर्काप्रति सम्पूर्णरूपले विरोध गर्ने र अर्कोलाई सधैं अविश्वास मात्र गर्ने दलहरूको यो मोर्चाले पनि बेलामौकामा राम्रै काम गर्दैरह्यो । तर आफैंभित्रको अविश्वासले यो मोर्चालाई टुटाउनु अवश्यंभावी थियो, अन्तमा भयो पनि त्यस्तै । पोहोर सालको भदौमा अदृष्य शक्तिको संकेतले उचालिँदै गएको आन्दोलनलाई धाराशायी पारेपछि नै मोर्चाको भविष्य अन्धकारमय भएको थियो । जसैतसै हाम्रो पार्टीले त्यसलाई धान्यो र काठमाडौंमा एउटा शक्तिशाली प्रदर्शन गर्ने तयारीमा आफूलाई लगायो । हामीले देशव्यापीरूपमा जनपरिचालन अभियान सञ्चालन गर्‍यौं । लामो समयपछि जनआन्दोलनको सन्देश बोकेर नेकपा(एमाले)का नेताहरू गाउँघरमा पुगे ।

यो जनपरिचालन अभियानले हामीलाई एउटा गम्भीर चुनौतीको डीलमा उभ्यायो । नेपाली जनताको पहिलो माग के हो ? भन्ने प्रश्नको उत्तरमा हामीले "त्यो शान्तिमात्रै हो" भन्ने सत्य अनुभूत गर्‍यौं । राजनीतिक क्षेत्रको माग प्रतिगमन सच्चिनुपर्छ भन्ने नै थियो । जनताको माग पनि त्यही थियो । तर जनताको बुझाइमा प्रतिगमनको अर्थ बन्दुक थियो र बन्दुकको नाशबिना प्रतिगमन सच्चिन नसक्ने निश्चित थियो । त्यसै हुनाले जनपरिचालन अभियान पश्चात् बसेको नेकपा (एमाले) को केन्द्रीय कमिटीको बैठकले 'हिंसा र प्रतिगमनको अन्त तथा शान्ति र अग्रगमनका लागि राजनीति' भन्ने नीति अघि सार्‍यो । त्यसैमा आधारित भएर हामीले माओवादी र राजा दुबै पक्षसँग वार्ता गर्ने कोसिस पनि गर्‍यौं ।

हाम्रो प्रयत्नले पार नपाएपछि "काठमाण्डौ केन्द्रित सशक्त आन्दोलन गर्ने" पाँच पार्टीको निर्णय मुताबिक आन्दोलन आरम्भ भयो । त्यसले दायराको हिसाबमा ठूलो उपलब्धी पनि हासिल गर्‍यो । जनसहभागिताका सन्दर्भमा पनि त्यसले रेकर्ड कायम गर्‍यो । डेढ महिनासम्म लगातार हजारौं हजार नागरिकलाई सडकमा उतार्नु चानचूने कुरो थिएन ।

यो आन्दोलनको उत्कर्ष तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापाको राजीनामा थियो । तर यो उत्कर्षले पनि प्रतिगमन सच्याउन सकेन । नेपालका राजनीतिक दलहरूभित्र विद्यमान संकीर्णता, पारस्परिक अविश्वास, राजनीतिक संस्कारहीनताका कारण हामीले प्राप्त गर्न सक्ने जति उपलब्धी प्राप्त गर्न सकेनौं ।

आन्दोलनको एकता टुट्नु अनिवार्य थियो । त्यो टुट्यो । निष्कर्षरहित अन्तहीन आन्दोलनमा जाने कि प्राप्त अधिकारको उपयोग गर्दै थप उपलब्धीका लागि कोसिस गर्ने भन्ने नै विभाजनको मूल कारण थियो । कांग्रेस, सद्भावना, जनमोर्चा, नेमकिपाले अन्तहीन आन्दोलनको बाटो रोजे भने हामीले जनताको सार्वभौम सत्ता, मन्त्रिपरिषद्को कार्यकारी अधिकार, शान्तिको पुनर्बहाली, स्थानीय निकायको पुनर्बहालीसहित हिलोमा अल्मलिएको प्रतिगमनलाई सच्याउन हिलोमै पाइला हाल्ने बाटो अङ्गिकार गर्‍यौं ।

तात्कालिक परिस्थितिमा यो बाटो नै सही थियो । यो विरोधीहरूले हल्ला गरेजस्तो प्रतिगमनको पोल्टामा झरेको, आन्दोलनविरोधी भएको जस्तो केही थिएन । यो एकप्रकारले काँढाघारीको यात्रा थियो ।

त्यसै हुनाले ज्ञानीहरूले यही दुई विषयमा नेकपा (एमाले) को सरकार प्रवेशलाई बुझ्नु जरूरी हुन्छ । पहिलो विषय शान्तिको बहाली हो भन्ने सत्य पटक- पटक दोहोर्‍याइ सकिएको छ । निर्धारित अवधिमा सरकारले शान्तिको प्रत्याभूति दिन सक्दैन भने यो सरकारको कुनै औचित्य बाँकी रहने छैन । राजनीतिक सचेतनता र निष्ठाका कारण यसलाई प्रतिगमनको गोटी त भन्न मिल्दैन, तर अकर्मण्यताका लागि यो सरकारलाई पनि इतिहासले सेप्नेछ भन्ने सत्यलाई कसैले छोप्न सक्दैन ।

के यो सरकारले शान्तिबहाली गर्न सक्ला ? सबैतिर प्रश्नहरूमात्रै छन् । अझै, माओवादीहरूले सरकारको शान्तिप्रतिको प्रतिबद्धतामाथि विश्वास गर्नसकेका छैनन् । मन्त्रीहरूका परस्पर विरोधी, उट्पट्याङ र अराजनीतिक भाषणहरूका कारण

माओवादीहरू दिग्भ्रमित भएका छन् । कतै एमाले माओवादीलाई सिध्याउन सरकारमा गएको त होइन ? भन्ने भ्रम पनि माओवादीभित्र छ । के राजा शान्तिका लागि तयार हुन्छन् ? भन्ने नागरिकहरू पनि लाखौं छन् । राजा र माओवादीको बन्दुकलाई ठेगानमा राख्न यो सरकारले के सक्ला र ! भनेर ओठ लेपार्ने आन्दोलनकारी दलहरू पनि छन् ।

हामीले इतिहासका राम्रा अनुभवहरूलाई बिर्सनु हुँदैन । नेकपा (एमाले) को पूर्ववर्ती माले पार्टीमाथि पनि ०४२ सालमा यस्तै प्रश्नहरू थोपरिएका थिए । कर्मकाण्डी कम्निस्ट पार्टीहरूले एमाले पूरै दक्षिणपन्थी भएको, राजनीतिकरूपमा समाप्त भएको आरोप लगाएका थिए । किनभने त्यतिबेला नेकपा (माले) ले पञ्चायतमाथि जनपक्षीय हस्तक्षेप गर्ने नीति अख्तियार गरेको थियो र पञ्चायतभित्रैबाट पञ्चायतको निरंकुशतन्त्रलाई ठेगान लाउने कोसिस गरेको थियो । त्यो कोसिसको प्रतिफल नै ०४६ सालको जनआन्दोलन थियो ।

ठ्याक्कै त्यही अहिलेको परिस्थिति त होइन, तर एमालेले गरेको कोसिस भित्रैबाट प्रतिगमन सच्याउने नै हो । आठ महिनाअघि एमालेले द्वन्द समाधानका लागि नौ बुँदे रोडम्याप अघि सारेको थियो । तर शान्तिबहालीको त्यो प्रयत्नप्रति सहकार्य गरिरहेका दलहरूकै चर्को विरोध रह्यो । राजाको तर्फबाट त्यसको सुनुवाइ नै भएन । मंसिर महिनामा अघि सारिएको त्यो रोडम्यापलाई सबैले स्वीकार गरेका भए, अरू तीन हजार निर्दोष नेपालीको अनाहकमा ज्यान जाने थिएन ।

माओवादीहरू वार्ता चाहन्छन् भन्ने सत्यलाई कसैले लुकाउनु हुँदैन । एक हप्ताअघिसम्म पनि माओवादीहरू गोलमेच सम्मेलन, अन्तरिम सरकार र संविधानसभाको मागलाई नै दोहऱ्याइरहेका छन् । वार्ता नगर्ने भए उनीहरूले आफ्ना मागहरूको फेहरिस्त किन बारबार सार्वजनिक गरिरन्थे ? राजनीतिमा लागेका जोकोहीले पनि बुझ्नुपर्छ माओवादीहरू वार्ताको सहज निकास खोजिरहेका छन् । दश बर्ष सशस्त्र विद्रोहमा बिताएको माओवादीलाई शान्ति प्रक्रियामा आइहाल्न त्यति सजिलो हुँदैन भन्ने सत्यबोध गर्न नसक्नेले नेपालमा राजनीति नगरे पनि हुन्छ ।

वर्तमान सरकार माओवादीका लागि सबैभन्दा सजिलो निकास हो भन्ने सत्यलाई माओवादी पक्षले पनि बुझ्नुपर्छ । माओवादी युद्धले विजय प्राप्त गर्न सक्दैन । अबका दिनहरू युद्धका नाउँमा छिटपुट हिंसा बढाउने दिनहरूमात्रै हुनेछन् । यो युद्धले नेपाली नागरिक, नेपाली भौतिक सम्पदाको विनाशबाहेक अर्को कुनै प्रतिफल दिँदैन भन्ने सत्यलाई माओवादीले पनि बोध गर्नुपर्छ ।

यस्तो बोध होस् भनेर काम गर्नसक्नु नै अहिलेको सरकारको कुशलता हो । सरकारले माओवादी पार्टीका जनवर्गीय संगठनहरूलाई विनाहतियार सभा-सम्मेलनका कार्यक्रमहरू गर्न दिनुपर्छ, प्रेरित गर्नुपर्छ । माओवादीहरू विचार र व्यवहार दुबै क्षेत्रमा शान्तिप्रक्रियामा समाहित हुनु जरूरी छ । सरकारले युद्धविराम गर्नैपर्छ । एकतर्फी र आवधिक भए पनि गर्नैपर्छ । यो खाली अन्तर्राष्ट्रिय बजारमा आफूलाई बिकाउने तरिकामात्र होइन, यो हो शान्तिप्रतिको प्रतिबद्धताको स्पष्टोक्ति ।

हाम्रो पार्टी यही एउटा उद्देश्यमा सफल हुन सकिन्छ कि भनी सरकारमा गएको हो । मुलुकमा विद्यमान द्वन्द समयमै समाधान नभएमा मुलुकमा विदेशी हस्तक्षेप अवश्यम्भावी छ भन्ने महसुस गरेरै सरकारमा सामेल भएको हो । यतिबेला विकास निर्माणका कामहरू प्रयोजनहीन भएका छन् । केही सदरमुकाममा बाहेक नेपालमा कसैको वैधानिक सत्ता कायम छैन । एकप्रकारले भन्ने हो भने राज्यविहीन भएको छ नेपाल । यो राज्यविहीनताले या त नेपाललाई विखण्डनमा लैजान्छ या यसमाथि वैदेशिक हस्तक्षेपसहित विनाशको असंख्य श्रृङखला आरम्भ हुनेछ । नेपाल राष्ट्रको बिखण्डन कुनै नौलो कुरो पनि होइन । मानदेवको नेपाल उनको निधनपछि टुक्रिदै गएको थियो । यक्ष मल्लको नेपाल पनि उनका छोरानातिसँगै विभाजित हुन थालेको थियो । सेनमगर राज्य पनि पछिल्लो कालमा टुक्रा-टुक्रा भएको थियो भने अहिले पनि त्यो इतिहास दोहोरिँदैन भनेर कसैले ग्यारेन्टी गर्न सक्दैन ।

अहिलेका मन्त्रीहरू आफ्नो जिम्मेवारीका बारेमा कति सजग छन् त्यो उनले नै जान्लान्, किनभने नेकपा (एमाले) बाहेक अरू कुनै पनि पार्टीले प्रतिगमन, शान्ति र अग्रगमनका बारेमा ठोस अवधारणा सार्वजनिक गरेको पाइएको छैन । यस्तो अवस्थामा सबै मन्त्रीले जनताको शान्तिचाहनालाई जस्ताको तस्तै बुझेका होलान् भन्न सकिँदैन ।

सरकारको काम गराइबाट दलहरू, खास गरेर नेकपा (एमाले) सन्तुष्ट हुन सकिरहेको छैन भन्ने सबैलाई थाहा भएकै विषय हो । यो सरकारले नौ महिनाको जस्तो काम गर्ला भनेर कसैले कल्पिएको पनि छैन । तर कम्तिमा पनि सरकारमा एमालेको राग सुनिनुपर्छ भन्ने आग्रहलाई सबैले सकारात्मक ढङ्गमै बुझ्नुपर्छ । त्यो राग भनेको शान्तिसम्बन्धी हामीले अघि सारेको रोडम्याप नै हो । जवसम्म सार्थक शान्तिको प्रयत्न सरकारबाट भएको देखिँदैन तबसम्म नेकपा (एमाले) सरकारका कामकारबाहीसँग सन्तुष्ट हुनै सक्तैन । सरकार एमालेको लालचको विषय होइन, त्यो जिम्मेवारीको विषय हो । सरकारमा गएर एमालेले निजी फाइदा लिन सकिने केही देखिरहेको पनि छैन । त्यसले खोजेको शान्तिको बहाली हो र वार्ताद्वारा मात्रै त्यो सम्भव हुन्छ भन्ने त्यसको विश्वास हो ।

एउटा प्रयोग आरम्भ भएको छ नेपालमा । शान्ति चाहना साँच्चै नेपाली राजनीतिक शक्तिहरूको इमानदार उद्देश्य हो कि त्यो भाषण गर्ने पेटारी हो भन्ने सत्य खुट्याउने प्रयोगविधि हो अहिलेको सरकार । मुलुकमा विद्यमान राजनीतिक शक्तिहरूमा को शान्ति चाहन्छ र को शान्तिको गीतापाठ गरेर हिंसाको बलमा आफूलाई राजनीतिको मैदानमा खेलाइरहन्छ भन्ने सत्यको उद्घाटन गर्ने हो यो सरकार ।

सरकारले शान्ति सचिवालयको गठन गर्ने घोषणा गरिसकेको छ । तर, घोषणा गर्ने अनि व्यवहारमा केही उद्घाटित नहुने नेपाली विगतले अहिले पनि नागरिकहरूलाई चिमोटिरहेको छ । यो शान्ति सचिवालय गठनमात्र होइन, यसको व्यवहारिक

परिचालनप्रति सरकारले उचित ध्यान पुऱ्याएन भने अहिलेको सरकार पनि राष्ट्रिय समस्या समाधान गर्न असक्षम रहेछ भन्ने खाता भविष्यमा लेखिनेछ ।

□

# कसरी बित्यो सरकारको एक महिना ?

इ ढ बर्ष लामो प्रतिगमनविरोधी आन्दोलनका कारण गठित सर्वदलीय सरकारले एक महिनाभन्दा बढी अवधि पार गरेको छ । विगत आठ बर्षदेखि जारी हत्या, हिंसा र आतंकबाट आम जनताले मुक्तिको चाहना गरिरहेको बेला गठित यो सरकारले जनताको त्यही चाहनालाई आत्मसात गर्दै शान्ति बहालीलाई आफ्नो पहिलो एजेन्डा बनाएको छ । यस परिप्रेक्ष्यमा सरकारसँग विभिन्न राजनीतिक दल, मानवअधिकारवादी संस्था र नागरिक समाजदेखि प्रत्येक नागरिकको बढी आशा र अपेक्षा छ ।

त्यही कारण शान्तिप्रतिको सरकारी प्रतिबद्धता र संवेदनशीलतालाई आम नागरिकले व्यवहारमा हेर्ने हतारो देखाइरहेका छन् । कतै फेरि पनि मुलुकमा हिंसाको डढेलो नै जारी रहने त होइन ? कतै चुनावका नाममा मुलुक रगतको आहालमा त डुब्ने होइन ? कतै जनअधिकारहरूलाई व्यवहारमै सुदृढ र संगठित गर्नबाट सरकार चुक्ने त होइन ? राजनीतिक दलका कार्यकर्तादेखि आम नागरिकसम्मले यतिबेला यी र यस्तै आशंका उठाइरहेका छन् । राम्रो नियत र अभिलाषाका साथ नागरिकस्तरबाट उठाइएका यी आशंका नै वास्तवमा सरकारका लागि मार्गनिर्देशन हुन् भन्ने कुरा सरकारले बुझ्नुपर्छ ।

हुन त एक महिनाको अवधि सरकारका लागि मूल्यांकन गर्न उपयुक्त समय होइन । तर एउटा विशिष्ट र युगान्तकारी मोडमा वर्तमान सर्वदलीय सरकारको गठन भएका कारण नागरिकको अपेक्षा निकै ठूलो छ । जनअधिकारको पहरेदार हाम्रो पार्टीसमेत सहभागी सरकारबाट नागरिकले त्यस्तो अपेक्षा गर्नु अस्वाभाविक हुँदै होइन । सरकारले भोलि के गर्ला भन्ने अनुमान गर्नका लागि पनि अहिले के गरिरहेको छ भन्ने कुराको जानकारी हुन आवश्यक छ । सरकारको संरचना, बनावट र रूपका आधारमा पनि यसको काम, कारबाही र गतिविधिलाई हेर्न सक्नुपर्छ । अन्यथा त्यो हेराई अपूर्ण र एकाङ्गी हुन पुग्दछ ।

वर्तमान सरकारमा भिन्नभिन्न विचार, दृष्टिकोण र कार्यशैली बोकेका दलहरू समावेश छन् । त्यसकारण सरकार एउटै भए पनि मन्त्रालयपिच्छे यसले गर्ने काम र लिने निर्णयहरू फरकफरक हुन्छन् भन्ने हेक्का हामीले राख्नुपर्छ । अहिलेको एक महिनाको अवधिमा पनि त्यो कुरा देखा परिसकेको छ । नेकपा (एमाले)ले सम्हालेका मन्त्रालयहरूका काम जुनसुकै शर्तमा पनि जनपक्षीय र जनताको हित अभिबृद्धिको लागि हुनैपर्छ । अहिले नै त्यसको पर्याप्त छनक मिलेको छ । जति मन्त्रालयमा त्यस्तो काम देखिने गरी हुन सकेको छैन, ती मन्त्रालयका मन्त्रीहरूले पनि अविलम्ब यसमा ध्यान दिनुपर्छ ।

नेकपा (एमाले) सरकारमा सहभागी हुने बेलामा बजेटले करिवकरिब अन्तिम रूप लिइसकेको थियो । एमालेले जनपक्षीय कार्यक्रम ल्यायो भने आफू कुनातिर परिन्छ भन्ने चेतना पालेका सहकर्मी दलहरूको भूमिका एकातिर थियो भने अर्कोतिर एकहप्ताको अवधि अत्यन्तै छोटो थियो । तर पनि उपप्रधानमन्त्री एवं अर्थमन्त्री भरतमोहन अधिकारीले त्यसमा जेजति फेरबदल गर्नुभयो, त्यो प्रंशसनीय छ । नेपालको इतिहासमै सबैभन्दा सफल मानिने नेकपा (एमाले) को नौमहिने सरकारको पालामा शुरू भएको 'आफ्नो गाउँ आफैं बनाऊँ' कार्यक्रमले निरन्तरता मात्र पाएन, यो आर्थिक बर्षदेखि राम्रो काम गर्ने गाउँ विकास समितिले थप दुईलाख रूपैयाँ पनि अनुदान पाउने नयाँ व्यवस्था थपियो । नेपालजस्तो गाउँ नै गाउँले भरिएको देशका लागि जबसम्म गाउँलाई विकासको प्राथमिकतामा पारिन्न, तवसम्म आम जनताले विकासको प्रतिफल महसुस गर्न सक्दैनन् भन्ने जनपक्षीय अवधारणा यो कार्यक्रममा झल्किन्छ ।

हिंसापीडित महिला र बालबालिकाका लागि बजेटमा जति महत्व दिइएको छ, जनस्वास्थ्य र शिक्षालाई पनि त्यति नै महत्व दिइएको छ । सरकारको संरचना, राजनीतिक सन्तुलन र शान्तिसुरक्षाका झन्भन्दा झन् जटिल स्थितिका कारण सेना र दरवारको बजेट घटाउन नसकिए पनि बाहिर प्रचार गरिएजसरी बढाइएको भने होइन । सेनाको बजेट यो बर्ष घटेको छ भने राजदरवारमा एक सदस्य थपिएका कारणले बढेका भत्ताबाहेक दरवारको बजेट पनि बढेको छैन । यस्तो विषम परिस्थितिमा पनि बजार व्यवस्था सुचारू रहिरहने गरी बजेट ल्याउनु कम चुनौतीपूर्ण काम होइन । त्यो चुनौतीको सामना कुशलतापूर्वक छोटै अवधिमा पनि गरिएको महसुस व्यापारी, उद्यागीदेखि आम अपभोक्ताले सम्म गरेका छन् ।

यो अवधिमा सबैभन्दा बढी चर्चामा आएको अर्को मन्त्रालय श्रम तथा यातायात व्यवस्था हो । बैदेशिक रोजगारीका लागि कामदार छनौट गर्दा हुने गरेको ठगी र दलाली रोक्न पहिलो पटक चिट्ठा प्रणालीमा जाने निर्णय मन्त्रालयले गरेको छ ।

विगतमा भएका ठगी, दलाली र घुसखोरीका आधारमा अव त्यस्तो काम दोहोरिन नदिन मन्त्रालयले गरेका यो निर्णयबाट मानव श्रममाथि दलाली गर्ने दलाल र तस्करबाहेका आम नागरिक अत्यन्तै खुशी देखिएका छन् । अदालतले तत्काल कार्यन्वयन नगर्न आदेश दिएको सो निर्णयको पक्षमा अभूतपूर्व जनसमर्थन देखिएको छ ।

लुम्विनी ओभरसिजले लिलाम बढाबढका आधारमा एउटै कामदारबाट ६ लाखसम्म रूपैयाँ असुल्ने गरेकोमा नियममा तोकिएको ९६ हजारभन्दा बढी रूपैयाँ असुल्न नदिने श्रममन्त्री रघुजी पन्त र राज्यमन्त्री उर्वादत्त पन्तको दृढताले जनतालाई ठग्न पल्केकाहरू तिल्मिलाउनु स्वाभाविकै हो । हो, यदि चिट्ठा प्रणालीमा नजाने हो भने भनसुनका आधारमा हाम्रा पनि दुई-चारजना कार्यकर्ता पठाउन सकिन्थ्यो । तर नेकपा (एमाले) पद्धति, नियम र प्रणालीमा विश्वास गर्ने पार्टी हो । यसकारण आम बेरोजगार युवाहरूले समानस्तरमा प्रतिस्पर्धा गर्न पाउने परिपाटीको विकासका लागि योभन्दा उत्तम अर्को कुनै प्रणाली थिएन र छैन ।

सरकारले मुलुकमा पेट्रोलियम पदार्थको अन्वेषणका लागि बेलायती कम्पनी केयर्न इनर्जीलाई अनुमति दिएको छ । बर्षौंदेखि अनुमतिका लागि मन्त्रालयमा अड्किरहेको सो विषयमा चासो देखाएर उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्री इश्वर पोखरेलले नेपालका लागि दीर्घकालीन हितको आरम्भ गर्नुभएको टिप्पणी सञ्चार माध्यमहरूले गरेका छन् । कर्णाली, धनगढी, मलंगवा, वीरगञ्ज र लुम्विनी क्षेत्रमा आफ्नै लगानीमा सो कम्पनीले अन्वेषण गर्नेछ । नेपालको जमिनमा अन्वेषण गरेबापत सो कम्पनीले बार्षिक २ लाख ५० हजार अमेरिकी डलर अर्थात् १ करोड ८६ लाख ६० हजार रूपैयाँ सरकारलाई राजस्व बुझाउने छ । कम्तीमा पाँच बर्षसम्म सो कम्पनीले अनिवार्यरूपमा अन्वेषण गर्नुपर्ने छ । सो अन्वेषणका लागि कम्पनीले झण्डै सत्तरी लाख अमेरिकी डलर खर्च गर्ने अनुमान छ । अन्वेषणबाट पेट्रोलियम पदार्थ भेटिएमा त्यसमा आधाआधा अधिकार लाग्ने सम्झौता भएको छ । तत्कालीन मन्त्रीले कमिसनका कारण अड्काइराखेको सो सम्झौतापछि नेपालको पेट्रोलियम भण्डारको पहिचान हुनेछ, जुन हाम्रो मुलुकको दीर्घकालीन हित र विकासका लागि कोशेढुंगा सावित हुने विश्वास गरिएको छ ।

चार दलको सरकार भएका कारण अवश्य हामीले चाहेजति कामहरू यो अवधिमा पनि हुन सकेका छैनन् । स्थानीय निकायमा पछिल्लो पटक निर्वाचित प्रतिनिधिहरूलाई पुनर्वहाली गर्ने कुरा अझै हुन सकेको छैन । सरकार बन्नुअघि नै सहमति बनिसकेको स्थानीय निकायको पुनर्वहालीका बारेमा आफ्नो राजनीतिक स्वार्थका कारण अरू दलहरूले बखेडा खडा गरिरहेका छन् । तर मुलुकमा जनप्रतिनिधिविहीन शासन प्रणालीको विरोधमा संघर्ष गर्दै आएको नेकपा (एमाले) ले आफ्नो अडान छोडेको छैन । सत्तासाझेदार दलहरूबीच न्यूनतम सहमतिका आधारमा चल्नुपर्ने भएका कारण विलम्ब भए पनि ढिलो वा चाँडो हाम्रो अडानमा सबै दलहरू सहमत नभई सुखै छैन । तर यसमा आफूलाई जनताको मुक्तिको एकमात्र ठेकेदार ठान्ने माओवादी पार्टीका नेताहरूले जनप्रतिनिधित्वको प्रणालीविपरित अभिव्यक्ति दिनुलाई विडम्बना नै मान्नुपर्छ ।

संगीन र कठीन परिस्थितिमा पार्टी सरकारमा सहभागी भएको छ । हाम्रासामु रहेका चुनौतीलाई अवसरमा बदल्न सकिन्छ भन्ने मान्यताका साथ हाम्रो पार्टी सरकारमा सहभागी भएको हो । जनताको अभिमत हासिल गर्ने र शासन सञ्चालन गर्ने एकमात्र प्रजातान्त्रिक प्रणाली चुनाव हो भन्ने कुरामा कुनै दुविधा छैन । तर पनि समस्या बल्झाउने गरी निर्वाचनमा जानु संकटमाथि थप संकट निम्त्याउनु नै हो । शान्ति स्थापना नगरेर चुनावको मात्र कुरा गर्नु मुलुकलाई थप रक्तपात, अशान्ति र अस्थिरतातर्फ लैजानु हो । राष्ट्रिय सहमतिबाट एउटा तार्किक निष्कर्षमा नपुगी चालेको कुनै पनि कदम अहिलेको अवस्थामा सर्वमान्य हुन सक्दैन । वर्तमान सरकार यही मान्यताका साथ अगाडि बढेमा जनताको शान्तिको आशाले मूर्तरूप लिने विश्वास गर्न सकिन्छ ।

□

# *विभागीय जिम्मेवारीमा हेरफेर*

*काठमाडौं । नेकपा (एमाले)ले पार्टी कामलाई व्यवस्थित गर्न आन्तरिक जिम्मेवारीमा हेरफेर गरेको छ । सरकारमा सहभागी नेताहरूलाई पार्टी कामबाट बिदा दिएर सो जिम्मेवारी अरू नेताहरूलाई दिइएको छ । स्थायी समितिको साउन १५ गते सम्पन्न ४२ सौं बैठकले सो निर्णय गरेको हो ।*

*पार्टीका विभिन्न विभागहरूको नेतृत्वमा परिवर्तन गरिनुका साथै विभाग, सल्लाहकार कमिटी र अञ्चल समन्वय कमिटीका सदस्यहरू पनि थपिएको छ । महासचिवको नेतृत्वमा केन्द्रीय सचिवालयमा विष्णु पौडेल, काशीनाथ अधिकारी, सुवास नेम्वाङ र शान्ता मानवी थपिनुभएको छ । संगठन विभाग प्रमुखको जिम्मेवारी विष्णु पौडेलले पाउनुभएको छ भने सदस्यमा ईश्वर पोखरेल, अष्टलक्ष्मी शाक्य र राजेन्द्र श्रेष्ठ थपिनुभएको छ । के.पी. शर्मा ओलीलाई पार्टी स्कूल विभाग प्रमुखको जिम्मेवारीका साथै पूर्वाञ्चल इन्चार्ज बनाइएको छ । प्रचार तथा प्रकाशन विभागमा भानुभक्त ढकाल र अतिरिक्त क्रियाकलाप विभागमा लिला अधिकारी थपिनुभएको छ । विदेश विभागमा विष्णु रिमाल र राधा ज्ञवाली, जातीय मामिला विभागमा अशोक राई र सुजिता शाक्य, संसदीय विभागमा काशीनाथ अधिकारी, वाचस्पति देवकोटा र राजेन्द्रप्रसाद पाण्डे थपिनुभएको छ भने सीताराम नेपाललाई अनुगमन विभागमा सरुवा गरिएको छ ।*

*आर्थिक विभागको प्रमुख काशीनाथ अधिकारी, योजना तथा अनुसन्धान विभागको प्रमुखमा युवराज कार्की, सम्पर्क विभागको प्रमुखमा गोपाल शाक्य र निर्वाचन विभागको प्रमुखमा रघुवीर महासेठ आउनुभएको छ। संस्कृति विभागको जिम्मा प्रदीप ज्ञवालीले पाउनुभएको छ भने लक्ष्मण रायमाझी र जीवन राई सदस्यमा थपिनुभएको छ। युवा तथा विद्यार्थी विभाग प्रमुखको जिम्मा गोकर्ण विष्टले पाउनुभएको छ भने गरिमा शाह र ममता गिरी सदस्यमा थपिनुभएको छ। स्वास्थ्य विभागमा डी.बी. कार्की र सुशीला नेपाल, भूपू सैनिक विभागमा गजकुमारी गुरूङ; सहकारी विभागमा जया घिमिरे र शैलेश चौधरी, उद्योग व्यवसाय विभागमा भोला शाह र तुलसा थापा, शिक्षा विभागमा सुशीला श्रेष्ठ, महिला विभागमा सीता पौडेल, सामाजिक सेवा विभागमा महिन सुब्बा, स्थानीय निकाय विभागमा कृष्णगोपाल श्रेष्ठ, सम्पर्क विभागमा अष्टलक्ष्मी शाक्य, कानुन विभागमा खेमनारायण ढुंगाना र शिवमाया तुम्वाहाम्फे, अनुगमन विभागमा सविता अधिकारी र कृषि विभागमा बलराम बास्कोटा, राममणि पोखरेल, धर्मदत्त देवकोटा, गणेश नेपाली र उमा कोइराला थपिनुभएको छ। बैठकले लुम्बिनी अञ्चल इन्चार्जमा वैकल्पिक केन्द्रीय सदस्य रामनाथ ढकाललाई तोकेको छ।*

*केन्द्रीय सल्लाहकार कमिटीमा गोमा देवकोटा, विश्वेश्वरा दाहाल, शेषमणि आचार्य, रामचन्द्र अधिकारी, देवी बराल र वीरबहादुर सिंह थपिनुभएको छ। यसैगरी बागमती अञ्चल समन्वय कमिटीमा शिला कतिला र राजेन्द्र लोहनी, धौलागिरीमा श्रीमाया थकाली, राप्तीमा रिमा नेपाली, महाकालीमा माया भट्ट, जनकपुरमा महेश्वर राय र रामआशिष महासेठ, सगरमाथामा राममणि पोखरेल, कृष्ण के.सी., धर्मनाथप्रसाद साह र शंकर देवकोटा थपिनुभएको छ।*

*कृष्णगोपाल श्रेष्ठलाई उपत्यका र तुलबहादुर गुरुङलाई गण्डकीको सह-इन्चार्जबाट विदा दिइएको छ। गुरुङ्गले प्रवास 'ख' को जिम्मेवारी पाउनुभएको छ भने प्रवास 'ग' को जिम्मा भीम रावलले पाउनुभएको छ।*

*सोही बैठकले स्थायी कमिटी सदस्य झलनाथ खनालको संयोजकत्वमा माओवादी समस्या समाधान सुझाव कार्यदल गठन गरेको छ। कार्यदलमा युवराज ज्ञवाली, सुरेन्द्र पाण्डे, भीम रावल, रामचन्द्र झा, प्रकाश ज्वाला र उर्मिला अर्याल रहनुभएको छ।*

***लेखामा चार मनोनीत***

*केन्द्रीय लेखा परीक्षण कमिटीको हालै सम्पन्न बैठकले सदस्यहरुमा प्रमोद शर्मा, धर्मदत्त देवकोटा, गोविन्दप्रसाद कलौनी र सुमित्रा बि.सी.लाई थप गरेको छ।*

# माओवादीहरू शान्तिवार्ताप्रति नकारात्मक छैनन्

*o नेकपा (एमाले)को पछिल्लो स्थायी समितिले जिम्मेवारीमा व्यापक हेरफेर र समायोजन गरेको छ। यसको अभिप्राय पार्टीभित्र रहेको असन्तुष्टीको स्वरलाई मत्थर पार्नु हो ?*

- यो निर्णय एउटा सामान्य प्रक्रियाभित्र पर्दछ। पार्टीको जिम्मेवार ठाउँमा रहनुभएका कमरेडहरूले सरकार संचालनको जिम्मेवारी प्राप्त गर्नुभएको अवस्थामा पूर्ववत्‌रूपमा पार्टीको जिम्मेवारी पूरा गर्नु सम्भव हुँदैनथ्यो। त्यो अत्यावश्यक पक्ष थियो। त्यस हिसाबले जिम्मेवारी बाँडफाँड र हेरफेर गर्दा पार्टीमा उपलब्ध कमरेडहरूलाई नै कामको जिम्मा दिनु स्वाभाविकै हो। हामीले न कसैलाई भेदभाव गरेका छौं, न त पक्षपात गर्नु उचित ठान्दछौं। कामको आवश्यकताले नै कसैलाई कुनै जिम्मा दिने स्थिति बन्छ। कसैलाई पार्टीले दिएको कामले पुगेन भन्ने लाग्नसक्छ, त्यस स्थितिमा कामको जिम्मा थपिदिनुपर्दछ। यही पक्षलाई विचार गरेर व्यापक छलफल र कुराकानीपश्चात् राम्रो र सहज वातावरणमा जिम्मेवारीको बाँडफाँड गरिएको हो।

*o एमालेले सत्ता संचालन गरिरहेको बखत 'कांग्रेसको जस्तो झगडा' गर्नुहुन्न भन्ने विचार पुऱ्याउन खोजेको हो त ?*

- हामी कुनै व्यक्तिप्रति आग्रह पाल्ने कुराबाट प्रभावित बन्नुहुँदैन। सुदृढ एकताको आधार भनेकै पार्टीभित्रको विश्वास हो। पार्टीप्रति दृढ विश्वास रहनुपर्छ-सबैको। पार्टी हितप्रति सबैको सहमति र एकता हुनुपर्छ। पार्टीको मूल सिद्धान्त र मार्गदर्शनप्रतिको प्रतिबद्धता, पार्टी हितप्रतिको निरपेक्ष एकता र समान धारणा हुनैपर्छ। पार्टीको हित अन्तर्गत राष्ट्र, जनता, प्रजातन्त्रको हित एवं प्रगति, परिवर्तन र सामाजिक रूपान्तरणप्रतिको दृढ प्रतिबद्धताको पक्ष पर्दछ। पार्टी निर्माण गरेकै त्यसका

निम्ति हो भन्ने कुरा हामीले विर्सनु हुँदैन । पार्टीभित्र समय-समयमा गुनासो पनि सुन्न सकिन्छ । पूर्वाग्रह राखेर उचित जिम्मेवारी दिइएन कि भन्ने खालका कुराहरू पनि हामीले नसुनेको होइन । यदि ती गुनासाहरू जायज छन् भने हामीले तिनको सुनुवाई गर्नैपर्छ र सकभर गुनासो गर्ने स्थिति नरहोस् भनेर ध्यान दिनैपर्छ । मान्छेले कामको अवसर प्राप्त गर्न सकुन् र पार्टी हितको निम्ति तिनीहरूले अवसरको सदुपयोग गर्न सकुन् भनेर हामीले ध्यान दिनु जरूरी पनि छ ।

*o अब एमालेभित्र गुटबन्दीको समस्या सकियो नै ?*

गुटबन्दी नै पार्टीलाई कमजोर बनाउने रोग हो । पार्टीलाई कमजोर पार्न गुटबन्दी गर्नु भनेको भित्रभित्रै जरा काट्ने तरिका हो । त्यसले पार्टी एकता र आपसी विश्वास कमजोर बनाउँछ । पार्टीभित्र असमभ्रुदारी बढाउने काम गर्दछ । त्यसकारण कसैले पनि गुटबन्दीलाई प्रोत्साहन गर्नुहुँदैन । पार्टीको अहितमा लाग्ने र बदख्वाईं गर्ने काममा कसैलाई पनि प्रोत्साहन गर्नुहुँदैन । पार्टीको अहितमा लाग्ने र बदख्वाईं गर्ने काममा कसैलाई पनि प्रोत्साहन गर्नुहुँदैन । त्यस्ता कोही व्यक्ति देखिए भने सबैले निरूत्साहित गर्नुपर्दछ । किनभने अनुशासनमा दह्रो भएन भने कुनै पनि पार्टी खुकुलो झुण्ड र अराजक जमात बन्न पुग्दछ । र, अराजक जमातले केही पनि राम्रो काम गर्न सक्दैन । यो कुरालाई बुझेर हामी पार्टीमा सुस्पष्ट लक्ष्यका साथ अनुशासितरूपमा अघि बढ्ने निर्दिष्ट जिम्मेवारी प्राप्त गरी पूरा गर्ने व्यक्तिहरूको अपेक्षा गर्दछौं । र, अहिलेको कार्यविभाजनले धेरैलाई सन्तुष्ट पारेको हुनुपर्छ । कसैका मनमा गुनासा थिए भने ती गुनासाहरू हटाउन यसले सकारात्मक भूमिका खेलेको हुनुपर्दछ ।

*o तर बाहिर पत्रपत्रिकामा त एमालेको संस्थापन पक्ष क्रमशः कमजोर हुँदै गयो भन्ने कुराले प्रमुखता पाएको छ, होइन र ?*

- मैले अघि सारेको प्रस्तावअनुसार स्थायी समितिले कार्यविभाजनको यो निर्णय गरेको हो । मैले प्रस्ताव राखें, त्यसमा व्यापक छलफल भयो, अनि निर्णय गरियो । यसलाई पत्रपत्रिकाले धेरैखाले अर्थ लगाए र अनेकौं अनुमान गरेका छन् । यसका पछाडि केही मान्छेको मनमा रहेको चाहनाले काम गरेको हुनसक्छ । एमालेमा विखण्डन आओस्, नेताहरू विवाद गरिरहुन्, नेतृत्वमा एकता टुटोस् अनि एउटालाई उचालेर अर्कोमाथि प्रहार गर्न पाऔं भन्ने तिनीहरूलाई लागेको हुनुसक्छ । साथै केही मान्छे स्थायीरूपमै मेरा विरोधी पनि होलान् । तिनीहरू जहिले पनि मेरो विरोध गर्छन्, तर अन्तिममा धुलोमा पछारिन्छन् मात्रै, तिनको चाहना पूरा हुँदैन । जहिलेसुकै मेरो विरोधमा लेख्छन्, त्यसका निम्ति गलत अनुमान गर्छन्, यो पक्ष बहुमत भयो, ऊ पक्ष अल्पमतमा पऱ्यो भन्ने कल्पना गर्छन्, तर परिणाममा त्यसको कुनै अर्थ देखिंदैन ।

*o एमालेमा निर्णय एकरूप र सर्वसम्मतिले गरिन्छ, तर त्यसको व्याख्यामा बहुरूपता र नेतापिच्छेको डम्फू बजेको देखिन्छ, यो समस्याबाट अब मुक्त हुनुभयो त ?*

- यति ठूलो पार्टीमा यदाकदा त्यस्ता कुरा देखा पर्नसक्छन् । त्यसलाई त्यति ठूलो र भयंकर कुरा ठान्न जरूरी छैन । मूलरूपमा हेर्ने भनेको पार्टीले कुनै पनि निर्णय व्यापक निर्णय र छलफलको आधारमा गऱ्यो कि गरेन ? प्रजातान्त्रिक विधिको आधारमा निर्णयमा पुग्यो कि पुगेन ? भन्ने हो । नेपालमा एमाले मात्रै एउटा यस्तो प्रजातान्त्रिक पार्टी हो, जुन पार्टीमा कुनै पनि निर्णयमा पुग्नु अघि व्यापक छलफल गर्ने परिपाटी छ । कुनै एउटा व्यक्तिले भनेको कुरामा पार्टीले निर्णय गर्दैन । त्यसमा व्यापक बहस र छलफल हुन्छ । र, सामूहिक नेतृत्व अन्तर्गत चलेको पार्टीले गरेका निर्णयको परिपालना गर्नु सबैको कर्तव्य हुन्छ । त्यसो हुनाले निर्णय गर्नु अघि हामी व्यापक छलफल र बहस गर्छौं । निकै समय लगाएर बैठक गर्छौं, सबैलाई आफ्नो कुरा राख्न दिन्छौं र सिंगो कमिटी सहमत भएको आधारमा निर्णय गर्छौं । कसैले जतिसुकै टाउको फोडे पनि कमिटी कन्भिन्स भएन भने निर्णय हुन सक्दैन, त्यस स्थितिमा गुनासो गर्नुको पनि अर्थ हुँदैन । जनवादी केन्द्रीयताको सिद्धान्त भनेको निर्णय गर्नुअघि व्यापक छलफल र बहस गरी जनवादको उपभोग गर्ने, तर एउटा निर्णयमा पुगिसकेपछि त्यसलाई लागू गर्न केन्द्रीयताको पालना गर्ने विधि हो । यस हिसाबले चल्न सक्दा कुनै पनि मान्छे कम्युनिष्ट पार्टीमा टिक्छ ।

*o एमाले सरकारमा जाँदा राष्ट्रिय राजनीतिमा एउटा बेग्लै तरंग सिर्जना गरेको थियो । तर सरकारले यथास्थितिमा कुनै तरंग पैदा गर्न सकिरहेको छैन, किन होला ?*

- हो, सरकारमा जाँदा एमालेले तरंग पैदा गरेको थियो । अर्थमन्त्रीले बजेट ल्याउँदा अर्को महातरंग पैदा भयो । श्रम मन्त्रालयले एउटा निर्णय गऱ्यो, त्यसको तरंग अझै जारी छ । शान्तिवार्ताको सन्दर्भमा हाम्रो पार्टी तरंग पैदा गरेर अघि बढ्न चाहन्छ । तर मान्छेले आ-आफ्नो रूपमा अनुभूति गर्न सक्छन् । अहिले नेकपा (एमाले)को प्रयासप्रति मान्छेहरू सन्तुष्ट छन्, एमालेले केही गर्न खोजेको अनुभूति सबैलाई भएको छ । केही गर्न चाहेको छ, त्यसका लागि चिच्याइरहेको छ । तर सरकारमा रहेका अरू पार्टनरको गति हाम्रो गतिसँग मिल्न सकिरहेको छैन । एक हलमा नारिएका गोरूको ताल मिल्यो भनेमात्र बाँझो फाँड्न सकिन्छ । हामी त्यस हिसाबले ताल मिलाएरै अघि बढ्न खोजिरहेका छौं । हाम्रो गति तीव्र छ, हामी जे काम पनि छिटो गर्न चाहन्छौं र मौरीको गोलाजस्तै त्यही काममा खनिन्छौं । यो एमालेको विशेषता हो । लागेको कामलाई सफल पारेरै छाड्नु एमालेको पहिचान हो । आम अनुभूतिको कुरा महत्वपूर्ण हो । आमरूपमा एमाले शतप्रतिशत ठीक छ म भन्दिनँ । तर यसको मूलपक्ष र तुलनात्मकरूपमा हेर्दा चाहिं हाम्रो पार्टी एउटा सही, इमान्दार तथा नेपाली जनता र राष्ट्रको एउटा भरपर्दो साथी हो । र, प्रजातन्त्रको बलियो खम्बा हो भन्ने कुरा यसले व्यवहारमा देखाएको छ ।

*o शान्ति बहाली गर्ने काममा सरकारले गतिका साथ काम गर्न सकेन, माओवादी पनि तत्काल वार्ताप्रति नकारात्मक देखिए, अनि एमालेले कार्यदल बनाएर अध्ययन गरी सहयोग पुऱ्याउने खोजेको हो ?*

- मलाई लाग्दैन, माओवादीहरू शान्तिवार्ताप्रति नकारात्मक छन् । मैले बुझेसम्म उनीहरू शान्तिवार्ताकै पक्षमा छन् । तर शान्तिवार्ताको ठोस प्रयत्न होस् भन्ने उनीहरूको चाहना रहेको हुनुपर्छ । कतिपयका अभिव्यक्तिले पनि उनीहरूलाई के हो,

के हो ? भन्ने पारेको हुनसक्छ । त्यसकारण जिम्मेवार व्यक्तिले बोल्दाखेरि विचार पुऱ्याएर बोल्नुपर्छ । तर माओवादीहरू त्यस्ता अभिव्यक्तिको पछि पछि कुद्नुहुँदैन । मुख्य कुरा सरकार र माओवादी दुवै पक्ष वार्ताको माध्यमबाट शान्ति बहाली गर्न अग्रसर हुनुपर्छ । यस्तो अग्रसरता लिने बित्तिकै व्यक्तिका अभिव्यक्तिहरू अर्थहीन हुन्छन् । हाम्रो पार्टीको कार्यदलले माओवादी समस्याको लागि सुझाव दिने हो । कार्यदलले नागरिक समाज, मानवअधिकारकर्मी, राजनीतिक दलहरू, सरकार, माओवादी र जनतासँग सम्बन्ध, सम्पर्क र अन्तर्क्रिया गर्ने काम गर्नेछ । त्यसले हाम्रो पार्टीको तर्फबाट शान्ति प्रक्रियालाई अघि बढाउन गर्नुपर्ने सबै काम गर्न सक्छ । र, शान्ति बहालीको दिशामा मुलुकलाई अघि बढाउन अनुकूल वातावरण सिर्जना गर्न सक्दो भूमिका खेल्नेछ ।

*o शान्ति प्रक्रियाको ठोस पहल नगरे हामी सरकारमा बस्दैनौं भन्ने यहाँको पछिल्लो अभिव्यक्ति किन आयो त ?*

- मैले भनेको यो कुरा हाम्रो आजको प्रमुख जोड होइन । हाम्रो जोडको कुन पक्ष कति हो भन्ने कुरा मिडियाले ठीक ढंगले बुझेर सम्प्रेषण गर्न नसक्ने समस्या छ । पार्टीको एउटा 'थ्रस्ट' हुन्छ र अहिले हामीलाई सरकारबाट हट्ने कुनै उकुसमुकुस छैन । यो सरकार टिक्छ, टिकाउनुपर्छ र यसलाई अघि बढाउनुपर्छ भन्ने हाम्रो विश्वास हो । अहिले कुनै संकटको बेला आएको छैन । मैले धेरै विषयमा करिब आधा घण्टा बोलें तर मिडियाले मेरो मुख्य जोडलाई पक्रेर लेखेनन् । मिडियाले मुख्य जोड के हो भनेर बुझेर लेख्न सक्नुपर्छ । हाम्रो जोड हो-यो सरकारले सुस्त गतिमा काम गर्नुभएन । तर अहिल्यै हामीले सरकारलाई 'थ्रिटेन' गरिहालेका छैनौं र त्यस्तो अवस्था पनि छैन । प्रधानमन्त्री गम्भीर नभएको स्थितिमा 'थ्रिटेन' गर्नुपर्ने अवस्था हुन्थ्यो होला । मलाई लाग्छ-अहिले प्रधानमन्त्री गम्भीर नभएको अवस्था होइन । हामीले चाहेजस्तो गति नदेखिनु एउटा कुरा हो, तर प्रधानमन्त्री पनि देशमा शान्ति बहाली गर्न गम्भीर हुनुहुन्छ । उहाँ पनि अघि बढ्न खोजिरहनुभएको छ, तर हाम्रो जोड गति अलिक बढाऔं भन्ने हो । अहिले हामी आग्रह गरिरहेका छौं, धम्की र चुनौती बोलिरहेका छैनौं । यो सरकार टिक्छ र हामी यसलाई टिकाउँछौं । यसमा कुरै नमिल्ने समस्या आइहालेको छैन । मैले कुराकानी गर्दा प्रधानमन्त्रीज्यू यो सरकारका सामु रहेको अवसरलाई सदुपयोग गरी शान्ति बहालीको निम्ति अघि बढ्ने पक्षमा हुनुहुन्छ । अहिले यसो गर्नुको कुनै विकल्प छैन । यसरी अघि बढ्दा कसैले षड्यन्त्र गऱ्यो भने उसकै अहित हुन्छ । हामी जसरी अघि बढ्न खोजिरहेका छौं, तदनुरूप काम भएन भने भोलि के होला ? यस्तो काल्पनिक कुरामा समय खर्चनुको केही अर्थ छैन ।

*o सरकार गतिहीन, ढिलासुस्ती र अकर्मण्य नहोस् भन्ने धेरैको चिन्ता छ, त्यसकै सम्बोधन गर्नुभएको हो ?*

- एउटै पार्टीको मात्र सरकार हुँदा र मिलीजुली सरकारको एउटै गति हुँदैन । त्यसो हुनाले कतिपय अप्ठेरा भएपनि अहिलेको सरकार ठीकै दिशामा अघि बढ्न खोजिरहेको छ । त्रुटि कमजोरीका पक्ष होलान्, काम गर्ने क्रममा त्रुटि हुन्छन् र छन् । तर त्रुटिहरू नहोउन् भनेर ध्यान दिनुपर्दछ । सरकारले नीतिगत प्रष्टता र छिटोछरितो हिसाबले काम गर्दै अघि बढ्नु जरूरी छ । दुर्गम क्षेत्रमा खाद्यान्न अभाव भइरहेको छ, विभिन्न ठाउँमा समस्या देखापरेका छन्, बाढीपहिरो पीडितलाई राहत पुगेको छैन, विभिन्न ठाउँमा सुरक्षाकर्मीले गिरफ्तार गरी मान्छेलाई दुःख दिएको र क्षतिपूर्तिको समस्या छ, विगतमा गलत निर्णयको दुष्प्रभाव देखिएको छ । दलहरूबीच सहमति र समझदारी बढाउनुपर्ने खाँचो छ, स्थानीय निकायमा पुनर्वहाली गर्नुपर्ने आवश्यकता छ र सरकार संचालनको संयन्त्र तुरून्तै बनाउने र शान्तिवार्ताको ठोस पहल गर्न तत्काल जनतालाई त्यसको अनुभूति गराउन ठोस कदम चाल्नुपर्ने अवस्था छ । यस्ता थुप्रै काम गर्न र यी काममा ध्यान दिन जरूरी छ । तर समय धेरै बितिहालेको छैन । भर्खर एक महिना बित्यो, एक महिनामै सबथोक गरिहाल्ने जादूको छडी त सरकारसँग छैन । तर अघि बढ्नेलाई उत्साह र हौसला दिने काम गर्नुपर्छ-बाहिर बस्नेहरूले । यसको निम्ति हाम्रो भूमिका सकारात्मक र सहयोगी हुनुपर्छ ।

*o एमाले सरकारमा सहभागी भएपछि माओवादीले गाउँ-गाउँमा कार्यकर्ताको अपहरण, कुटपिट र यातना दिने क्रमलाई तीव्रता दिएको छ । यस पाटोमा कति संवेदनशील हुनुहुन्छ ?*

- माओवादीले अत्यन्तै गलत काम गरिरहेको छ । आम विद्यार्थी र गाउँलेहरूलाई अपहरण गरी बलजफ्ती तालिम दिने, आफ्नो कार्यक्रममा सहभागी बनाउने गर्नु कदापि राम्रो तरिका होइन । मान्छेलाई स्वेच्छाले तान्न सक्नुपर्छ, त्यसको निम्ति राजनीतिक पार्टी चुम्बक बन्न सक्नुपर्छ । माओवादीले पनि चुम्बक बन्ने प्रयास गर्नुपर्छ, अन्यथा उसको संगठन र शक्ति लामो समय टिक्न सक्दैन । जबर्जस्ती गर्ने तानाशाही शासन सत्ताहरू कहीं टिक्न सकेका छैनन् । त्यसकारण माओवादी तानाशाही सोचबाट मुक्त हुन जरूरी छ । तर माओवादी मान्छेलाई 'भेंडा' ठानेर जति गोद्यो उति ठीक हुन्छ भन्ने गलत मान्यताकासाथ चल्न खोजेको देखिन्छ । अहिले माओवादीको सिंगो पंक्ति यही गलत मान्यताले ग्रस्त छ र मान्छेलाई विवेक नभएको मेसिन ठानेर सताउने काम गरिरहेको छ । एमालेका कार्यकर्ता वा जुनसुकै पार्टीका कार्यकर्ता र निर्दोष नागरिकहरूलाई सताउने, दुःख दिने, यातना दिने, तर्साउने, झुट्ठा आरोप लगाउने र मार्ने जस्ता अप्रजातान्त्रिक, तानाशाही र फासिष्ट क्रियाकलाप माओवादीले तत्काल बन्द गर्नुपर्छ । आफ्ना फासिवादी कदमलाई सच्याएर अघि बढ्न सकेमा माओवादीको पनि हित र कल्याण हुनसक्छ । अन्यथा उनीहरू स्वयंले आफ्नो पतन निम्त्याउनेछन् ।

◆

# सदस्यका हितहरु पार्टी हितको अधिनमा हुनुपर्छ

व्यक्तिगत हितहरू पार्टीका हितहरूको, स्थानीय पार्टी संगठनका हितहरू सम्पूर्ण पार्टीको, एक खण्डका हितहरू सम्पूर्णको, तात्कालीक हितहरू दीर्घकालीन अधिनमा हुनैपर्छ । यो प्रत्येक साम्यवादीले मान्नुपर्ने मार्क्सवादी-लेनिनवादी सिद्धान्त हो ।

साम्यवादीले व्यक्तिगत र पार्टीका हितहरू बीचको सही सम्बन्धबारे स्पष्ट हुनुपर्छ ।

साम्यवादी पार्टी सर्वहारावर्गको पार्टी हो र सर्वहारावर्गको मुक्तिबाहेक यसको अर्को कुनै हित छैन । सर्वहारावर्गको अन्तिम मुक्ति भएपछि सारा मानव जातिको पनि अन्तिम मुक्ति हुनु अनिवार्य छ । सर्वहारावर्गले सारा कामदार जनता र सारा राष्ट्रहरूलाई मुक्त नपारेसम्म सारा मानवजातिलाई मुक्ति नपारेसम्म यसले आफूलाई पूरा मुक्त पार्न सक्तैन ।  सर्वहारावर्गको मुक्तिको उद्देश्य सारा कामदार जनता, सारा थिचोमिचोमा परेका राष्ट्रहरू र सारा मानवजातिको मुक्तिको उद्देश्यसँग मिल्दो छ र तिनहरू एक अर्काबाट अभिन्न छन् । त्यसकारण साम्यवादी पार्टीका हितहरू पार्टीका हितहरूको अधिन भएपछि, ती हितहरू वर्ग र राष्ट्रको मुक्तिका हितहरू र साम्यवाद र सामाजिक हितहरू अधिन हुन्छन् ।

कामरेड माओ जेदोङले भनेका छन् :

कहिल्यै पनि र कुनै हालतमा साम्यवादीले आफ्नो व्यक्तिगत हितलाई प्राथमिकता दिनुहुदैन, उसले तिनलाई राष्ट्र र आम जनताका हितहरूको अधिनमा राख्नुपर्छ । अतः स्वार्थ, लोसेपन, भ्रष्टता, नामको भोक आदि कुराहरू घृणास्पद कुराहरू हुन् र निःस्वार्थी हुनु सारा शक्तिले काम गर्नु, सार्वजनिक सेवामा दिलोज्यानले लाग्नु र खुब परिश्रमी बन्नु प्रशंसनीय कुरा हुन् ।

पार्टीको सदस्यले आफ्नो व्यक्तिगत हितहरू हर अवस्थामा पूर्णरूपले र विनाशर्त पार्टीका हितहरूको अधिन राख्न सक्छ कि सक्दैन भन्ने कुरा नै पार्टी, क्रान्ति र साम्यवादको उद्देश्यप्रति उसको आस्था छ कि छैन भन्ने कुराको परीक्षा हो ।

हर समयमा र हर प्रश्नमा, पार्टी सदस्यले सम्पूर्ण पार्टीका हितहरूलाई पहिलो प्राथमिकता दिनुपर्छ र तिनलाई पहिलो पंक्तिमा राख्नुपर्छ र व्यक्तिगत कुरा र हितहरूलाई दोस्रो पंक्तिमा राख्नुपर्छ । पार्टीका हितहरूको सर्वोच्च स्थान नै त्यो उच्चतम सिद्धान्त हो जसले हाम्रो पार्टीका सदस्यहरूका विचार र कामहरूलाई निर्देशित गर्नुपर्छ । यसै सिद्धान्तअनुसार प्रत्येक पार्टी सदस्यले आफ्नो विचार र आफ्ना कामहरू दुवैमा पार्टीका हितहरू र आफ्ना व्यक्तिगत हितहरूलाई छुट्याउनुपर्छ । उसले आनाकानी नगरी अथवा नहिच्किचाई पार्टीका हितहरूप्रति समर्पित हुन र दुईथरिका हितहरू बाझेको बेला आफ्नो व्यक्तिगत हितहरूलाई त्याग्न सक्नुपर्छ । पार्टी र सर्वहारावर्गको निम्ति र राष्ट्रको र सारा मानवजातिको मुक्तिको लागि व्यक्तिगत हितहरू र आफ्नो जीवनसमेत नहिच्किचाई त्याग्ने तत्परता यही नै हामीले भन्ने गरेका “पार्टी भावना”, पार्टी उत्साह अथवा “संगठनको उत्साह” आदिको एउटै अभिव्यक्ति हो । यो साम्यवादी नैतिकताको, सर्वहारावर्गको पार्टीको सिद्धान्तनिष्ठ स्वभावको र स्वच्छतम सर्वहारा वर्गीय चेतनाको उच्चतम अभिव्यक्ति हो ।

हाम्रो पार्टीका सदस्यहरूमा पार्टी हितहरूबाट अलग व्यक्तिगत लक्ष्यहरू हुनुहुन्न । उनीहरूका व्यक्तिगत लक्ष्यहरू पार्टी हितहरूसँग मिल्नुपर्छ । यदि उनीहरूले मार्क्सवाद-लेनिनवाद अध्ययन गर्ने, आफ्नो काम गर्ने क्षमता बढाउने, क्रान्तिकारी संगठनहरू खोल्ने र जनतालाई सफलतापूर्ण क्रान्तिकारी संघर्षमा नेतृत्व दिने लक्ष्य राखे भने यदि उनीहरूले पार्टीको निमित्त बढी काम गर्ने लक्ष्य राखे भने पार्टी हितसँग यस्तो व्यक्तिगत लक्ष्यले मेल खान्छ । पार्टीलाई यस्ता धेरै सदस्यहरू र कार्यकर्ताहरूको खाँचो छ । यो लक्ष्यबाहेक, पार्टी सदस्यहरूले पद वा ख्याति पाउने, अथवा व्यक्तिगत बहादुरी देखाउने जस्ता अलग निजी आकांक्षा राख्नुहुँदैन, राखे भने पार्टी हितको विपरीत हुन्छ वा त्यस्ता व्यक्तिहरू पार्टीभित्र पदलोलुप बन्न पुग्छन् ।

यदि पार्टी सदस्यले साम्यवादी हितहरू र पार्टीका लक्ष्यहरूबारे मात्र विचार गर्छ, ऊ साँच्चै नै निःस्वार्थ छ र पार्टीबाट अलग उसको आफ्नो कुनै लक्ष्य र विचार छैन र यदि उसले क्रान्तिकारी व्यवहार र मार्क्सवाद-लेनिनवादको अध्ययनद्वारा आफ्नो राजनीतिक चेतनाको स्तर अविरल रूपले बढाउँछ भने त्यसको परिणाम तल दिए अनुसार हुन्छ ।

पहिलो, उसको उच्च साम्यवादी नैतिकता हुन्छ । प्रष्ट छ, दृढ सर्वहारावर्गीय अडान लिंदा, ऊ सबै कामरेडहरू, सबै क्रान्तिकारीहरू र कामदार जनताप्रति सद्भाव र प्रेम दर्शाउन, खुल्ला दिलले उनीहरूलाई सघाउन र उनीहरूसँगको बराबरीको स्तरमा काम गर्न समर्थ हुन्छ, र आफ्नो हितको निमित्त ऊ कसैलाई चोट पुऱ्याउन चाहँदैन । ऊ अरूको मर्म बुझ्न सक्ने, आफूलाई अरूको ठाउँमा राखेर हेर्ने, उनीहरूप्रति सहानुभूति राख्न समर्थ व्यक्ति हुन्छ । अर्कोतिर, ऊ मानव जातिको दुष्ट शत्रुहरूसँग डटेर संघर्ष गर्न र पार्टी, सर्वहारा वर्ग र राष्ट्र तथा सारा मानव जातिको मुक्तिको निमित्त गरिने लडाईंमा लगनशील बन्नसक्छ । ऊ “चिन्ता लिने पहिलो र आनन्द लिने अन्तिम व्यक्ति” हुनेछ । पार्टीमा होस् वा जनताको माझमा, ऊ नै कठिनाई सहनेमा पहिलो र आनन्द लिनेमा पछिल्लो व्यक्ति हुन्छ, उसले आफूलाई अरूसँग भौतिक आनन्द लिनमा होइन, क्रान्तिको निमित्त गरिने कामको बोझ बढी लिने र संघर्षमा तीब्र सहनशीलताको भावना राख्ने हिसाबमा तुलना गर्दछ । प्रतिकूल समयमा ऊ साहसका साथ अघि बढ्छ र कठिनाइको समयमा ऊ आफ्नो पूरा कर्तव्य पालन गर्दछ । उसमा यस्तो क्रान्तिकारी दृढता र एकाग्रता हुन्छ कि उसलाई “न धनसम्पत्ति न त मानमर्यादाले भ्रष्ट बनाउँछ, न गरिबी न त कष्टप्रद अवस्थाले सिद्धान्तबाट च्यूत गर्दछ, न धम्की न त शक्तिले नै उसलाई झुकाउन सक्छ ।”

दोस्रो, उसमा महानतम क्रान्तिकारी साहस हुन्छ । स्वार्थी आकांक्षा नभएको, ऊ कुनै कुरासँग डराउँदैन । आफूलाई हीनताभास हुने कुनै कुरा उसले नगरेको हुनाले, ऊ आफूलाई पूरा उदाङ्गो राख्न र "सूर्य वा चन्द्रमामा लागेका ग्रहण" झैं आफूमा रहेका गल्ती र कमीलाई साहसपूर्वक सच्याउन सक्छ । आफूमा सही विकासद्वारा प्रेरित साहस भएकोले, ऊ सत्यदेखि कहिल्यै डराउँदैन, साहसपूर्वक यसको पक्ष लिन्छ, यसलाई फिंजाउँछ र यसको निमित्त लड्दछ । यसो गर्दा उसले केही समयसम्म हानी खप्नुपरे पनि त्यसको पक्ष लिंदा विभिन्न किसिमका प्रहार खानुपरे पनि, धेरैजनाको विरोध र टिकाटिप्पणी सुन्नुपरे पनि र यसरी केही समयसम्म (र सम्मानपूर्ण रूपमा) अलग्गिएर बस्नु र आफ्नो ज्यानैसमेत दिनुपर्ने स्थिति आए पनि, उसको सत्यको बचाउको निम्ति ती छालहरूको निर्धक्क सामना गर्नेछ र त्यसै लहरसँगसँगै कहिल्यै आफूलाई बगाउनेछैन ।

तेस्रो, मार्क्सवाद-लेनिनवादको सिद्धान्त कसरी राम्रोसँग पक्रन सकिन्छ भन्ने कुरा ऊ जान्दछ । ऊ समस्याहरूलाई नियालेर हेर्नमा र वास्तविकतालाई जान्न तथा फेर्नमा त्यसलाई प्रयोग गर्नसक्ने हुन्छ । उसले प्रष्ट र दृढ सर्वहारावादी अडान लिने र ऊ मार्क्सवाद-लेनिनवादमा पूरा मन्थन हुने हुनाले, ऊ व्यक्तिगत डरत्रास र निजी स्वार्थबाट मुक्त हुने हुनाले, कुनै कुराको अवलोकन गर्दा उसलाई कुनै कुराले छेक्दैन अथवा सत्यको जानकारी लिंदा त्यो बाङ्गिएला भन्ने डर उसलाई हुँदैन । ऊ तथ्यबाट सत्यको खोजी गर्दछ, र ऊ सारा सिद्धान्तहरूलाई जाँच्दछ र क्रान्तिकारी व्यवहारमा गलत कुरा र सही कुरा छुट्याउँछ । ऊ मार्क्सवाद-लेनिनवादलाई कोरा सिद्धान्तवादी अथवा व्यवहारवादी दृष्टिले नहेरी मार्क्सवाद-लेनिनवादको सर्वव्यापी सत्यलाई ठोस क्रान्तिकारी व्यवहारसँग गाँस्दछ ।

चौथो, ऊ मानिसहरूमध्ये सबैभन्दा इमान्दार, सबैभन्दा सफा र सबभन्दा सुखी हुन्छ । उसको आफ्नो कुनै निजी धन्दा नभएको, पार्टीबाट लुकाउने कुनै कुरो नभएको, अरूलाई भन्न नहुने कुनै कुरो नभएको हुनाले उसलाई पार्टी र क्रान्तिको हितबाहेक व्यक्तिगत लाभहानीको कुनै समस्या हुँदैन, व्यक्तिगत चिन्ता हुँदैन । बिना रेखदेख ऊ एक्लै काम गरिरहेको र काम बिगार्न सक्ने स्थितिमा भए पनि, उसले "आफू एक्लो हुँदा आफूमाथि त्यतिकै निगरानी राखेको" हुन्छ र कुनै हानी हुने काम गर्दैन । उसको कामको जाँच हुन्छ तर जाँच भए पनि उसलाई त्यसको डर हुँदैन । उसलाई आलोचनासँग डर हुँदैन र अरूको आलोचना पनि ऊ त्यतिकै साहस र इमान्दारितापूर्वक गर्दछ ।

पाँचौं, उसमा महानतम आत्मसम्मान र आत्मगौरव हुन्छ । पार्टी र क्रान्तिको लागि ऊ कामरेडहरूप्रति सहनशील र धैर्य बन्नसक्छ र सामान्य हितको निम्ति, त्यस्तै स्थितिमा गलत जानकारी र अपमानप्रतिसमेत कुनै कडा प्रतिक्रिया नदेखाई, गलत व्यवहार खप्न सक्छ । कुनै व्यक्तिगत हितका निम्ति न ऊ कसैको चाकरी चाहन्छ, न त ऊ कसैको चाकरीमा जान्छ । व्यक्तिगत मामिला आइपर्दा, ऊ आफूलाई कसरी संचालन गर्नुपर्छ भन्ने कुरा जान्दछ र अरूको हातबाट काम लिन उसलाई शीर निहुराउने कुनै दरकार हुँदैन । ऊ पार्टी र क्रान्तिको हितको निम्ति आफ्नो राम्रो रेखदेख कसरी गर्नुपर्छ र आफ्नो सैद्धान्तिक ज्ञान र व्यवहारिक प्रभावशीलतालाई कसरी मजबुत बनाउनुपर्छ भन्ने कुरा जान्दछ । तर पार्टी र क्रान्तिको निम्ति अपमानलाई पचाउनुपर्ने र कुनै महत्वपूर्ण उद्देश्यको लागि कामको ठूलो बोझ उठाउनुपर्ने खण्ड पर्‍यो भने पनि ऊ अलिकति पनि नहिच्किचाइकन सबभन्दा गाह्रो र मुख्य काम गर्न तयार हुन्छ र अरूमाथि कठिनाई पन्छाउन चाहँदैन ।

कम्युनिष्ट पार्टीको सदस्यमा सर्वोत्तम र सर्वोच्च मानव गुणहरू हुनुपर्छ र उसले प्रष्ट र दृढ पार्टी तथा सर्वहारावर्गीय अडान लिनुपर्छ अर्थात्, उसमा पार्टी भावना र वर्गीय भावना हुनुपर्छ । हाम्रो नैतिकता असल हुन्छ, किनभने यो सर्वहारावर्गीय र साम्यवादी नैतिकता हो । यो व्यक्तिहरूको अथवा मुट्ठीभर शोषकहरूको हितको सुरक्षामा आधारित नभई, सर्वहारावर्ग र आम कामदारवर्गको, सारा मानवजातिको अन्तिम मुक्ति, पूँजीवादको संहारबाट सारा विश्वको छुटकाराको र सुखपूर्ण तथा सुन्दर साम्यवादी विश्वको निर्माणको हितको सुरक्षामा आधारित हुन्छ-यो वैज्ञानिक साम्यवादसम्बन्धी मार्क्सवादी-लेनिनवादी सिद्धान्तमा आधारित नैतिकता हुन्छ । हामी कम्युनिष्टहरूको दृष्टिमा कुनै व्यक्ति विशेष अथवा थोरै व्यक्तिहरूको हितको निम्ति आफूलाई बलिदान दिनु जस्तो निकम्मा अथवा कच्चा काम अरू कुनै हुँदैन । तर पार्टीको निम्ति, सर्वहारावर्गको निम्ति, राष्ट्र र सारा मानवजातिको मुक्तिको निमत्ति आफूलाई बलिदान दिनु विश्वमा सबभन्दा योग्य र सबभन्दा उचित काम हो । निश्चय नै साम्यवादी पार्टीका अनगिन्ती सदस्यहरूले मृत्युको सामना धैर्यपूर्वक गरेका छन् र अलिकति पनि निहिच्किचाइकन अन्तिम बलिदान दिएका छन् । अधिकांश साम्यवादीहरू आवश्यकता परेको बखत उद्देश्यको निम्ति मर्नु, न्यायको निम्ति जीवन अर्पनु एउटा सामान्य कुरा ठान्दछन् । यस्तो भावनाको उदय कुनै क्रान्तिकारी आवेश अथवा नामको भोकबाट नभई, सामाजिक विकासबारे उनीहरूको वैज्ञानिक र उनीहरूको गहिरो राजनीतिक चेतनाको कारणबाट हुन्छ । वर्ग समाजमा उच्च साम्यवादी नैतिकताको दाँजोमा अरू कुनै नैतिकता हुँदैन । वर्गभन्दा माथि उठेको ठानिएको विश्वव्यापी नैतिकता केवल धोखा हो र वास्तवमा मुट्ठीभर शोषकहरूको हितलाई रक्षा गर्न खडा गरिएको नैतिकता हो । यस्तो नैतिक धारणा सधैं आदर्शवादी हुन्छ । हामी साम्यवादीमात्र आफ्नो नैतिकतालाई ऐतिहासिक भौतिकवादको वैज्ञानिक आधारमा निर्माण गर्छौं, र यसको उद्देश्य सर्वहारा वर्ग तथा सारा मानव जातिको मुक्तिको निम्ति संघर्षमा लागेको सर्वहारा वर्गका हितहरूको रक्षा गर्नु हो भनी सार्वजनिकरूपले घोषणा गर्छौं ।

साम्यवादी पार्टीले आफूले गरेको मुक्ति संघर्षमा सर्वहारावर्ग र आम मानवजातिको सर्वसामान्य र दीर्घकालीन हितको प्रतिनिधित्व गर्दछ, पार्टीको हितहरू यही उद्देश्यको समष्टिगत अभिव्यक्ति हो । साम्यवादी पार्टीलाई केवल आफ्ना सदस्यहरूका हित पूरा गर्ने संस्था जस्तै एउटा संकीर्ण जमात ठान्नुहुन्न । यस्तो विचार राख्ने कोही पनि साम्यवादी बन्न सक्तैन ।

पार्टी सदस्यका आफ्नै हितहरू हुन्छन्, जुन हितहरू कुनै अवस्थामा पार्टीका हितहरूसँग अमिल्दो, अझ हुनसक्छ तिनको विपरीत पनि हुनसक्छन् । यस्तो स्थितिमा, आफ्ना व्यक्तिगत हितहरूको बलिदान दिनु र तिनलाई पार्टीको हितभन्दा मुनि राख्नु उसको कर्तव्य हुनजान्छ, कुनै हालतमा, कुनै बहाना गरेर आफ्ना निजी हितबाट डोरिएर उसले पार्टीका हितहरूलाई बलिदान दिनुहुन्न । हर समय र हर परिस्थितिमा, पार्टीका हितहरू र पार्टीको विकासको निम्ति, ती हित र विकासलाई आफ्नै निजी ठानी, उसले दिलोज्यान दिएर लड्नुपर्छ । प्रत्येक पार्टी सदस्यले जनताको सेवाको निम्ति आफ्नो प्रभावकारिता र क्षमतालाई बढाउने प्रयत्न गर्नुपर्छ । तर पार्टीको अग्रिम विकास, सफलता र विजयको निम्ति गरिने लडाइँमा नै यी कुराहरूको विकास गर्नुपर्छ, र पार्टीको उद्देश्यको अग्रिम विकासको निम्ति गरिने लडाइसँग असम्बन्धित कुनै व्यक्तिगत विकासको निम्ति कुनै प्रयत्न हुनुहुन्न ।

तथ्यबाट प्रमाणित हुन्छ कि पार्टीको अग्रिम विकास, सफलता र विकासको निमित्त गरिने लडाइँमा पूरा समर्पित भएर मात्र पार्टी सदस्यले आफ्नो प्रभावकारिता र क्षमतालाई बढाउन सक्छ र यसबाहेक अरू कुनै तरिकाले उसले प्रगति गर्न सक्तैन, आफ्नो क्षमता बढाउन सक्तैन । त्यसैले पार्टी सदस्यले आफ्ना व्यक्तिगत हितहरूलाई पूरा मात्रामा पार्टीका हितहरूमा मिलाउन सक्छ र मिलाउनुपर्छ ।

हाम्रो पार्टीका सदस्यहरू सामान्य जनता होइनन्, सर्वहारावर्गको जागृत अग्रगामी लडाकूहरू हुन् । उनीहरूले पूरा सचेत भएर सर्वहारावर्गको वर्गीय हित र वर्गीय विचारधारालाई प्रतिनिधित्व गर्दछन् । त्यसकारण, तिनीहरूको व्यक्तिगत हितहरूले पार्टी र सर्वहारावर्गका हितहरूलाई उछिन्नु हुँदैन, पार्टीका प्रत्येक कार्यकर्ता र नेताले पार्टी र सर्वहारावर्गका सबै सामान्य हितहरूको ज्यूँदो प्रतिमूर्ति हुनु र आफ्ना व्यक्तिगत हितहरूलाई तिनका सर्वमान्य हितहरू र लक्ष्यहरूसँग पूरा मिलाउनु झन् बढी आवश्यक छ । वर्तमान चीनमा, राष्ट्रिय मुक्तिका हितहरूलाई सबभन्दा राम्ररी प्रतिनिधित्व गर्ने वर्ग सर्वहारावर्ग नै हो । त्यसकारण हाम्रो पार्टी सदस्यहरूले सारा राष्ट्रको हितहरूको योग्य अग्रदूत बन्नुपर्दछ ।

*- 'असल कम्युनिष्ट कसरी बन्ने' किताबबाट*

# जबज र नयाँ जनवादबीचको अन्तरसम्बन्ध

## ' झलनाथ खनाल

**विषय सन्दर्भ**

हाम्रो पार्टीको पाँचौं राष्ट्रिय महाधिवेशनले पार्टीको र नेपाली कम्युनिष्ट आन्दोलनको न्यूनतम् तथा आम जनताको साझा कार्यक्रमिक लक्ष्यका रूपमा जनताको बहुदलीय जनवादलाई पारित गरेपछि नेपाली जनवादी तथा कम्युनिष्ट आन्दोलनमा जबज र नयाँ जनवादका बीच भिन्नता के हो ? र तिनीहरूबीचको अन्तरसम्बन्धलाई कसरी हेर्नुपर्छ ? भन्ने एउटा सैद्धान्तिक सवाल हाम्रोसामु उठ्यो । यो एउटा सैद्धान्तिक प्रश्न हो र त्यो उठ्नु विल्कुल स्वाभाविक थियो ।

सन् १९४९ देखि सन् १९९३ सम्म नयाँ जनवादलाई आफ्नो न्यूनतम् लक्ष्यका रूपमा लिएको पार्टीले जबजलाई न्यूनतम् लक्ष्यका रूपमा पारित गरेपछि त्यसले अनेकौं कोणबाट नेपाली कम्युनिष्टहरूकै पंक्तिभित्र प्रश्न उठाउनु स्वाभाविक थियो र तिनीहरूको समाधान दिंदै जबजलाई अझ विकास गर्न जरूरी थियो । तर क. मदनकुमार भण्डारी, जसको अगुवाईमा ने.क.पा. (एमाले)ले जबजलाई पारित गर्‍यो, त्यो कार्यक्रम पारित भएको करिब ४ महिना पूरा हुन नपाउँदै उहाँको निधनसमेत भएको परिप्रेक्ष्यमा जबजका सैद्धान्तिक बैचारिक मान्यतालाई अझ अघि बढाउने दायित्व सिङ्गो पार्टी र पार्टी नेतृत्वका काँधमा आएको थियो । तर यो वा ऊ कारणले गर्दा उक्त कामलाई सन्तोषजनक ढङ्गले अघि लान सकिएको छैन ।

त्यसले गर्दा एकथरी मानिसहरूलाई क. पुष्पलाल जस्ता नेपाली कम्युनिष्ट आन्दोलनका र प्रजातान्त्रिक आन्दोलनकै शिखर पुरूषले अघि सार्नुभएको नयाँ जनवाद जस्तो कार्यक्रम र सिद्धान्तलाई किन बदल्नु पर्दथ्यो ? त्यो नबदलेको भए के हुन्थ्यो भन्ने धारणाहरू बनाउन सजिलो भयो । कसै कसैलाई त अझ जबज भनेको नयाँ जनवादलाई नै विस्थापित र निषेधित गरेर ल्याइएको हो भन्ने पनि लाग्यो । त्यसले नेपाली कम्युनिष्ट आन्दोलनमा सैद्धान्तिक भ्रमहरू सृजना मात्र गरेन, त्यसले मानिसहरूलाई दुईखाले वैचारिक खेमामा विभाजित हुन मद्दत पनि गर्‍यो । त्यो वैचारिक विभाजनका तुषहरू अझैसम्म पनि रहेका छन् । त्यस्ता तुषहरूबाट प्रभावित मानिसहरूमध्ये कोही क. पुष्पलालप्रति बढी अनुराग राख्न खोज्छन् भने कोही क. मदनकुमार भण्डारीसँग बढी अनुराग भएको देखाउन खोज्छन् । त्यस्ता सोचाइहरूले कहिलेकाहीँ आन्दोलनका शिखर व्यक्तित्वहरूप्रति मानसम्मान व्यक्त गर्ने सामान्य कुराहरूमा पनि अर्घेल्याइँ प्रकट हुने गर्छ । वास्तवमा नयाँ जनवाद भनेको के हो, त्यसमा परिमार्जन र विकास किन गर्नुपर्‍यो, त्यसको ऐतिहासिक सन्दर्भ के हो, नयाँ जनवादका के के कुराहरूलाई जबजले निरन्तरता दिएको छ, जबजले त्यसमा के के नयाँ कुराहरू थपेको छ, त्यसो गर्नु पर्ने ऐतिहासिक, राजनीतिक, आर्थिक, सामाजिक, दार्शनिक, अन्तराष्ट्रिय तथा राष्ट्रिय कारणहरू के के हुन् भन्ने कुराहरू सैद्धान्तिक धरातलबाट अझै प्रष्ट पार्न बाँकी रहेको देखिन्छ । यी सबै कुराहरूलाई तोड्न पनि हामीले जबज र नयाँ जनवादका बीचको अन्तरसम्बन्धलाई हेर्ने दृष्टिकोणलाई प्रष्ट पार्नुपर्छ र सैद्धान्तिक समझलाई उन्नत पार्नुपर्छ । दृष्टिकोण प्रष्ट भएपछि अन्य सानामसिना कुराहरू आफैं ठिकमा आउन सक्छन् । आंशिकरूपमा भए पनि यो कार्यपत्र तिनै उद्देश्यमाथि केन्द्रित छ ।

**ऐतिहासिक सन्दर्भ**

अहिले सिंगो विश्व समाज पूँजीवादबाट समाजवादतिर संक्रमण गरिरहेको छ । यो प्रक्रिया सन् १९१७ को रूसको महान् अक्टोवर क्रान्तिबाट शुरू भएको छ र त्यो अनेकौं उतार चढावका बावजुद नयाँ अनुभवहरू जम्मा गर्दै अघि बढ्दैछ । बर्तमान युगमा कुनै पनि देशमा हुने क्रान्ति वा निर्माणको प्रक्रिया समाजवादी विश्व क्रान्तिको यो प्रक्रियासँग नगाँसी अघि बढ्न सक्तैन ।

२० औं शताब्दीको सिंगो अवधिमा एकातिर विश्वमा पूँजीवादको विकास र विस्तार बढो तीब्रताकासाथ अघि बढ्यो भने उता समाजवाद निर्माणका क्षेत्रमा विभिन्न प्रयोग र परीक्षणका प्रक्रियाहरू पनि रोचक ढंगले अघि बढे । त्यस प्रक्रियामा समाजवादका अनेकौं नमूनाहरू विकसित भए । तिनीहरूमध्ये सोभियतसंघ उउटा बिश्वशक्तिकै रूपमा समेत विकसित भयो । तर त्यही विश्वशक्ति सोभियत संघ लगायतका कतिपय नमूनाहरू त्यही शताब्दीमा नराम्ररी असफल पनि भए । तर विश्व पूँजीवाद भने लगातार विकास र विस्तारको दिशामा अघि बढ्यो । समग्र विश्व नै यस अवधिमा तीब्रताकासाथ विकसित भयो । त्यसले विश्वलाई भूमण्डलीकरणको एउटा नयाँ अवस्थामा ल्याइपुऱ्याएको छ । खुद तेस्रो विश्वका धेरै देशहरूमा समेत यस अवधिमा पूँजीवादको विकास मात्रात्मक ढंगले बिस्तृत हुदै गएको भएपनि यस्ता देशहरूमा अझै सामन्तवाद रहेकै छ र ती देशहरूमा पूँजीवादी जनवादी क्रान्तिका कार्यभारहरू पनि पुरा हुन बाँकी छन् । त्यस्तो देशमा सम्पन्न हुने क्रान्तिले र त्यसको परिणामस्वरूप स्थापना हुने प्रजातन्त्र स्वाभाविक रूपमा नै सामन्तवाद र साम्राज्यवाद विरोधी हुनेछ ।

एशिया, अफ्रिका, ल्याटिन अमेरिका र ओसेनीयाका विशाल क्षेत्रहरू अहिले पनि पिछडिएका छन् र ती क्षेत्रहरू नै अहिले तेस्रो विश्वका रूपमा चर्चित छन् । ती क्षेत्रका देशहरूमा स्थापित हुने जनवादको चरित्र आमरूपमा सामन्तवाद र साम्राज्यवाद विरोधी हुन्छ । तर ती देशहरूका राष्ट्रिय स्थितिहरू भिन्न भिन्न छन् र राष्ट्रिय जनवादका रूपहरू पनि भिन्न हुन सक्छन् । तर तिनीहरू सबै नै समकालीन समाजवादी विश्व क्रान्तिका भने अभिन्न अङ्ग हुन्छन् ।

त्यसरी तेस्रो विश्वका देशहरूमा स्थापना गरिने जनवादको आम चरित्र सामन्तवाद र साम्राज्यवाद विरोधी हुनुका साथसाथै त्यो विश्वको बदलिंदो परिस्थिति अनुरूप पनि हुनु पर्छ । अर्थात् जनताको जनवाद वा राष्ट्रिय जनवादले विश्व धरातलमा विकसित भै रहेको परिस्थिति र प्रजातान्त्रिक क्षेत्रमा विकसित भइरहेका नयाँ मूल्य र मान्यताहरूलाई समेत आत्मसात गर्नुपर्छ । तबमात्र ती देशहरूलाई प्रजातान्त्रिकरण गर्ने ऐतिहासिक कार्यभार पूरा हुनसक्दछ । यसैले यी सबै देशहरूमा स्थापना गरिने जनवाद भनेको नयाँ जनवाद हो । त्यो पुरानो पूँजीवाद जस्तो पनि हुँदैन र एकैचोटी समाजवादी जनवादमा पनि पुग्न सक्तैन ।

हाम्रो देश नेपाल पनि तेस्रो विश्वको त्यस्तै एउटा देश हो । हाम्रो देशको राष्ट्रिय जनवादी क्रान्ति वा नयाँ जनवादी क्रान्ति पनि विश्व समाजवादी क्रान्तिकै अभिन्न अंङ्ग हो । यो क्रान्तिले स्थापना गर्ने जनवाद स्वाभाविक रूपले नै सामन्तवाद र साम्राज्यवाद विरोधी हुन्छ । साथसाथै त्यसले आफूलाई बदलिंदो राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिअनुरूप आफूलाई ढाल्ने र परिष्कार गर्ने काम पनि गर्नुपर्छ । अन्य विभिन्न देशहरूमा स्थापना गरिएका राष्ट्रिय जनवाद, जनताको जनवाद जस्तै नेपालका आफ्नै अनुभवहरूमाथि आधारित जनवाद आफनै किसिमको हुन्छ । त्यसैले यसको विकास आफ्नै ढङ्गले हुँदै आएको छ ।

**अवधारणागत विकास र परिवर्तनको सन्दर्भ**

**नेपाली समाजको विकासमा देखापरेका तीन मूल राजनीतिक धाराहरू**

हाम्रो देशमा २० औं शताब्दीको करिब मध्येसम्म पनि सामन्ती निरंकुशतावादको धारा हरेक प्रकारले हावी थियो । त्यसले नेपाली समाजमा एकलौटी प्रभुत्व जमाइरहेको थियो र नेपाली जनतालाई अन्धकारमा गुम्सिन बाध्य पारिरहेको थियो । तर सन् १९४० को दशकमा आएर दुइवटा ऐतिहासिक नयाँ धाराहरू जन्मे । ती थिए पूँजीवादी प्रजातन्त्रको धारा र समाजवादी प्रजातन्त्रको धारा । यसरी सन् ४० को दशकबाट नेपाली राजनीतिमा तीनवटा राजनीतिक धाराहरू प्रकट भए । १) सामन्ती निरंकुशतावादको धारा २) उदारवादी प्रजातन्त्रको धारा वा पूँजीवादी सुधारवादको धारा र ३) समाजवादी प्रजातान्त्रिक धारा । यी तीनवटा राजनीतिक धाराहरूबीचको टकरावमा नै नेपाली इतिहास विगत ५५ बर्षदेखि विकास गर्दै आएको छ ।

**समाजवादी प्रजातान्त्रिक आन्दोलनका दुई चरण**

यो धारालाई शुरूदेखि नै नेकपाले प्रतिनिधित्व गर्दै आएको छ र समकालीन नेपालमा त्यसलाई मूलतः नेकपा (एमाले)ले प्रतिनिधित्व गर्दछ । नेकपाले नेपालको ठोस परिस्थितिको विश्लेषण गर्दै क. पुष्पलालको नेतृत्वमा नेपाली जनताको प्रजातान्त्रिक आन्दोलनलाई दुई चरणमा बाँड्यो । पहिलो नयाँ जनवादको चरण र दोस्रो समाजवाद वा समाजवादी प्रजातन्त्रको चरण । त्यसअनुरूप हामीहरू अहिले नयाँ जनवादको चरणबाट नै अघि बढिरहेका छौं ।

**नयाँ जनवादबाट जबजमा रूपान्तरण**

हामीले लामो समयसम्म नयाँ जनवादलाई नै आफ्नो न्यूनतम् लक्ष्य बनाएर संघर्ष गर्दै आयौं । त्यो सामन्तवाद र साम्राज्यवाद विरोधी आम सिद्धान्त थियो । तर समयक्रममा राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिमा आएका परिवर्तनलाई समेत विश्लेषण गर्दै हामीले त्यसलाई नेपाली समाजको विशिष्ट स्थितिअनुरूप अझ परिमार्जित र अद्यावधिक गर्नुपर्ने आवश्यकता महसुस गर्दै गयौं । त्यही आवश्यकता र अनुभूतिअनुरूप हामीले पाँचौं महाधिवेशनमा आएर क. मदनकुमार भण्डारीको अगुवाईमा जबजलाई पार्टीको न्यूनतम कार्यक्रमका रूपमा पारित गऱ्यौं ।

प्रथमतः त्यसरी स्थापना भएको जबज नयाँ जनवादकै निरन्तरता हो, त्यसले नयाँ जनवादको झण्डालाई उठाएर संचालित हुँदै आएको संघर्षलाई नै निरन्तरता दिएको छ ।

दोस्रो, जबज भनेको हरेक अर्थमा नयाँ जनवादकै परिस्कृत र परिमार्जित रूप हो, त्यसले नयाँ जनवादका कुनै पनि असल सिद्धान्त वा नीतिहरूलाई छोडेको छैन । बरू तिनीहरूलाई विकास गरेको छ ।

तेस्रो, जवजले बदलिंदो विश्व परिस्थितिअनुरूप प्रजातान्त्रिक मूल्य-मान्यतालाई अझ उच्च धरातलबाट अंगिकार गरेको छ र तिनीहरूलाई अंगिकार गर्दै नेपालको धरातलमा नयाँ जनवादका सिद्धान्तलाई विकास गरेको छ ।

पाँचौं, जबजले नेपाली जनताको प्रजातान्त्रिक आन्दोलनलाई पूँजीवादी प्रजातन्त्रको कठघराबाट बाहिर निकालेको छ र जवज मार्फत् त्यसलाई स्पष्टरूपले समाजवादी प्रजातन्त्रको स्थापनातर्फ उन्मुख पारेको छ ।

छैटौं, जबजले आफूलाई पूँजीवादी प्रजातन्त्र भन्दा श्रेष्ठ रूपमा अघि सारेको छ र त्यो समाजवादी प्रजातन्त्रकै अभिन्न अङ्ग हो भन्ने कुरालाई प्रष्ट पारेको छ ।

त्यसैले जबज भनेको नयाँ जनवादको निषेध होइन । त्यो नयाँ जनवादकै विकसित र परिमार्जित रूप हो र त्यसलाई अर्को शब्दमा भन्नुपर्दा त्यो नेपाली विशिष्टतामा विकसित, परिमार्जित र अद्यावधिक गरिएको नयाँ जनवाद हो । त्यो हाम्रा लक्ष्यगत अवधारणामा प्रजातान्त्रिकरण गर्ने प्रक्रियाको पनि उपज हो ।

**जबज र नयाँ जनवादमा रहेका साझा पक्षहरू**

प्रथमतः दुवैको कार्य परिस्थिति वस्तुगतरूपले एउटै हो र दुवैको काम पनि एउटा अर्धउपनिवेशी र अर्धसामन्ती वस्तुगत स्थितिलाई बदलेर नेपाललाई एउटा स्वतन्त्र, मुक्त प्रजातान्त्रिक नेपालमा रूपान्तरण गर्नु हो ।

दोस्रो, दुवैको मूल ऐतिहासिक कार्य नेपाली समाजमा रहेको सामन्तवादलाई पूर्णरूपले उन्मूलन गर्नु हो र नेपाली समाजलाई सामन्ती आर्थिक सम्बन्ध र सामन्ती निरंकुशतावादी राजनीतिक ढाँचाबाट मुक्त पार्नु हो ।

तेस्रो, दुवैको मूल ऐतिहासिक राष्ट्रिय दायित्व नेपाललाई सबै प्रकारका वैदेशिक प्रभुत्व, बन्धन र सम्बन्धनबाट स्वतन्त्र र मुक्त बनाउनु हो ।

चौथो, दुवैको उद्देश्य नेपाली समाजका सबै वर्ग, तह र समुदायका जनतालाई प्रतिनिधित्व गर्ने वास्तविक प्रजातन्त्रको स्थापना गर्नु हो ।

पाँचौं, दुवैको काम नेपाली जनतालाई सबै प्रकारका हक-अधिकारले सुसज्जित पार्ने आम जनतालाई जागृत, संगठित, आन्दोलित र एकताबद्ध पार्नु हो ।

छैटौं, दुवैको उद्देश्य नेपाली समाजमा कृषिलाई आधुनिकीकरण गर्दै नेपाललाई राष्ट्रिय औद्योगिकरणतर्फ अघि बढाउनु र चाँडै नेपाललाई समुन्नतितिर लानु हो ।

सातौं, दुवैको उद्देश्य नेपाली समाजमा एउटा प्रजातान्त्रिक, देशभक्त र वैज्ञानिक ढङ्गको जनसंस्कृतिको विकास गर्नु हो ।

आठौं, दुवैको उद्देश्य नेपाली समाजको रूपान्तरणको प्रक्रियामा श्रमजीवी जनतालाई अघि ल्याउने, उनीहरूलाई प्रोत्सोहित गर्ने र उनीहरूलाई नेतृत्वमा ल्याउने हो ।

नवौं, दुवैको उद्देश्य नेपाली समाजलाई सर्वव्यापी प्रजातान्त्रिकरणको आम प्रक्रियाबाट अघि बढाउँदै समाजवाद र सामाजवादी प्रजातन्त्रतिर रूपान्तरण गराउनु हो ।

**जबजले नयाँ जनवादमा विकास गर्न चाहेका नयाँ पक्षहरू**

जवजले आफूलाई एउटा गतिशील, समृद्ध र संक्रमणशील अवधारणाका रूपमा लिएको छ । त्यसले नेपाली जनताको न्यूनतम् लक्ष्यलाई पनि बदलिंदो राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिअनुरूप परिस्कृत र परिमार्जित गर्न चाहेको छ ।

प्रथमतः जवजले पूँजीवादी प्रजातन्त्रमा रहेको सीमितता, त्यसको एकपक्षीयता र त्यसले आम जनतालाई प्रजातन्त्रको नाउँमा गरिरहेको ठगीलाई उदाङ्गो पारेको छ र जनताको प्रजातन्त्र भनेको खाली पूँजीवादी प्रजातन्त्रले भनेको जस्तो राजनीतिक स्वतन्त्रतामात्र होइन, त्यो आर्थिक, सामाजिक र साँस्कृतिक प्रजातन्त्र पनि हो भन्ने कुरालाई अघि ल्याएको छ ।

दोस्रो, जबजले पूँजीवादी प्रजातन्त्रले चलाइरहेको पूँजीवादी बहुलवादको भ्रमलाई पनि तोडिदिएको छ र नयाँ जनवादमा प्रजातान्त्रिक बहुलवादलाई पनि समाहित गरेको छ । तद्नुरूप जबजले जनताका प्रजातान्त्रिक पार्टीहरू खोल्ने, तिनीहरूका बीच प्रतिस्पर्धा गर्न पाउने र जनअनुमोदित शासन प्रणालीलाई अघि बढाउने कुरालाई प्रष्टरूपले अघि सारेको छ । ती कुराले जबजलाई पूँजीवादी प्रजातन्त्रभन्दा श्रेष्ठ सिद्ध गरिदिएको छ ।

तेस्रो, जबजले नयाँ समाजको निर्माण एउटा बन्द बाकसभित्र वा फलामे पर्दाभित्र बसेर गर्न सकिन्न र त्यो एउटा खुल्ला वातावरणमा रहेर पारदर्शी ढङ्गले मात्र राम्ररी गर्न सकिन्छ भन्ने कुरालाई पनि सामु ल्याएको छ । वास्तवमा त्यसरी अघि बढ्दा मात्र आफ्ना राम्रा पक्षहरू अघि बढाउनुका साथै कमीकमजोरीहरू देख्न पनि सजिलो हुन्छ भन्ने कुरालाई पनि जबजले अघि ल्याएको छ ।

चौथो, जबजले नयाँ समाजमा आम जनताका निम्ति राष्ट्रिय सामाजिक उत्पादन कार्यलाई व्यापकरूपले अघि बढाउन राज्यको सामाजिक दायित्व र आम जनताका सामुहिक तथा निजी पहलका सबै पक्षहरूलाई समन्वयात्मकरूपले अघि बढाउने छ र जनता र राष्ट्रको आवश्यकता र गतिशीलताका आधारमा राष्ट्रिय उत्पादन र उपार्जनका कार्यहरूलाई पनि अघि बढाउने छ ।

पाँचौं, जबजले त्यसरी राष्ट्रिय उत्पादनलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा गरिने वितरण र विनिमय प्रक्रियालाई व्यवस्थित र वैज्ञानिकरूपले अघि बढाउन प्रजातान्त्रिक बजार व्यवस्थाको विकासलाई हरेक प्रकारले प्रोत्साहित गर्नेछ, कुनै पनि प्रकारका एकाधिकारवादी प्रवृत्तिहरूलाई कडाईका साथ बन्देज लगाउनेछ र स्वस्थ प्रतिस्पर्धालाई संगठित गर्नेछ । त्यसको उद्देश्य जनतालाई सुलभ ढङ्गले माल, वस्तु र सेवा आपूर्ति गर्नु हुनेछ ।

छैटौं, जवजले विश्व परिस्थितिमा आइरहेको नवीनतम विकासलाई, आधुनिक विज्ञान प्रविधिको विकासलाई तथा भूमण्डलीकरणको प्रक्रियाले ल्याइरहेको अनिवार्य परिणामहरूलाई समेत ध्यान दिँदै विश्व विकासमा आइरहेको अन्तरनिर्भरताको प्रक्रियालाई स्वीकारेको छ र नेपालको भावी पुनर्निर्माण कार्यलाई पनि त्यो अन्तरनिर्भरताको प्रक्रियाकै अभिन्न अङ्गका रूपमा अघि बढाउनुपर्छ । त्यसो गर्दा हाम्रो राष्ट्रिय क्षमतालाई बृद्धि गर्ने र हाम्रा तुलनात्मक फाइदाका पक्षहरूलाई पहिचान गरी विकास गर्ने कुरालाई प्राथमिकता दिने कुरामा होसियार रहनुपर्छ ।

सातौं, जवजले परिकल्पना गरेको प्रजातान्त्रिक समाज खाली बहुसंख्यकहरूका लागि मात्र हुनेछैन । त्यो पश्चिमी प्रजातन्त्रका खास खास रूपहरू जस्तो बहुमतवादी प्रजातन्त्र मात्र हुन सक्तैन, त्यसले नेपाली समाजको विविधतापूर्ण चरित्रअनुरूप जनताका सबै वर्गहरूका साथै जाति, भाषा, लिङ्ग, धर्म, समुदायलाई समेत सामेलिकरण (Inclusive) गर्नेगरी सबैलाई उनीहरूका प्रजातान्त्रिक हक, अधिकार उपलब्ध गराउनेछ र जबज नेपाली वास्तविकतामाथि आधारित हुनेछ ।

आठौं, जबजले नेपाली जनतालाई शक्तिसम्पन्न बनाउनका निम्ति खाली श्रमजीवी जनताका हातमा शासन सत्ता ल्याउने कुरामात्र गर्दैन, आम जनतालाई वास्तविक अर्थमा सशक्तिकरण गर्नका निम्ति नेपाली समाजलाई सामाजिक, आर्थिक संरचनामा आमूल परिवर्तन गर्नुका साथै राजनीतिक वा राज्य संरचनामा व्यापक सुधार र परिवर्तन गर्नुपर्छ, ती सबै स्थानीय निकायहरूलाई पूर्णरूपले स्वशासनको अधिकार दिनुपर्छ र समाजमा राज्यको भूमिकाभन्दा बढी स्थानीय निकायहरूमार्फत् जनतालाई हरहिसाबले स-शक्तिकरण गरिने छ । जनतालाई अधिकार सम्पन्न नबनाई समाजको विकास संभव हुँदैन ।

नवौं, जबजले नेपाली समाजमा रहेका सबै सामाजिक भेदभावहरूलाई खासगरी लिङ्ग, जाति, भाषा, सँस्कृति, धर्म र भूगोलका आधारमा गरिने सम्पूर्ण भेदभावहरूलाई समाप्त पार्नेछ । छुवाछूत जस्तो सामाजिक कलंकलाई उन्मूलन गर्ने छ र नेपाली समाजलाई एउटा स्वतन्त्रता र समानतामा आधारित आधुनिक समाजका रूपमा रूपान्तरण गर्नेछ ।

दशौं, जबजले नेपाली समाजलाई त्यसको विकास प्रक्रियामा देखापरेका सबै प्रकारका अवरोधबाट मुक्त पार्नेछ, समाजको विकासका निम्ति मुक्त वातावरण सृजना गर्नेछ र राष्ट्रिय अर्थतन्त्रलाई औद्योगिकरण गर्ने, सबै सामाजिक सम्बन्धहरूलाई प्रजातान्त्रिकरण गर्ने, राष्ट्रिय संस्कृतिलाई सुदृढीकरण गर्ने र समग्र समाजलाई आधुनिकीकरण गर्ने दिशातर्फ अघि बढाउनेछ ।

एघारौं, यसरी जबजले नेपाली समाजको चातुर्दिक विकासका निम्ति व्यापक राष्ट्रिय पूर्वाधारहरूको निर्माण गर्नेछ, सामाजिक, आर्थिक विकास र रूपान्तरणको प्रक्रियालाई तीव्र पार्नेछ र नेपाली समाजका सामाजिक उत्पादक शक्तिहरूको विकासको स्तरलाई उन्नत पार्दै समग्र समाजलाई समाजवाद तथा समाजवादी प्रजातन्त्रको नयाँ उचाईमा उठाउन ठोस आधार तयार पार्नेछ ।

**निष्कर्ष**

त्यसैकारण जबज भनेको नेपाली समाजको वर्तमान ऐतिहासिक सन्दर्भमा नयाँ जनवादको परिस्कृत र परिमार्जित रूप हो । त्यसले नेपाली जनता र राष्ट्रलाई सामन्तवाद र साम्राज्यवादबाट स्वतन्त्र र मुक्त बनाउँदै क्रमशः समाजवादी प्रजातन्त्रतिर उठाउँदै लान्छ । त्यसैले जबज भनेको नेपाली जनताको स्वतन्त्रता र मुक्तिको बाटो हो, सबै प्रकारका सामाजिक शोषण, उत्पीडन र भेदभावहरूलाई उन्मूलन गर्ने बाटो हो, नेपाली समाजको प्रगति र समृद्धिको बाटो हो, नेपाली श्रमजीवी जनताका निम्ति सम्मान प्राप्तिको बाटो हो र जबज भनेको नेपाली जनता र राष्ट्रलाई वर्तमान अवस्थाबाट समाजवादी प्रजातन्त्रसम्म पुऱ्याउने ऐतिहासिक सामाजिक विकासको र रूपान्तरणको सामाजिक मार्गचित्र पनि हो । त्यसैले नयाँ जनवाद र जबजका बीच कुनै आधारभूत अन्तरविरोध छैन । तिनीहरू एक अर्काका विरोधी होइनन् । जबज नयाँ जनवादकै विकास र विस्तार हो र नेपाली वास्तविकतामा ढालिएको त्यसैको परिमार्जित रूपमात्र हो । त्यसरी नै क. पुष्पलाल र क. मदनकुमार भण्डारीका चिन्तनका बीचमा पनि कुनै विपरीत सम्बन्ध छैन । क. पुष्पलाल नेपाली कम्युनिष्ट आन्दोलन, प्रजातान्त्रिक आन्दोलन र देशभक्तिपूर्ण आन्दोलन अर्थात् नेपाली समाजवादी प्रजातान्त्रिक आन्दोलनका संस्थापक नेता हुनुहुन्छ, क. मदनकुमार भण्डारी उहाँकै चेला र उत्तराधिकारी हुनुहुन्छ, उहाँले क. पुष्पलालकै चिन्तन र विचारलाई बदलिंदो परिस्थितिअनुरूप विकास र परिष्कार गर्नुभएको छ । उहाँहरू दुवै हाम्रा आदरणीय नेता हुनुहुन्छ । हामी सबैका काँधमा उहाँहरूले छाडेर जानुभएका अधुरा कामहरूलाई सम्पन्न गर्ने गहन कार्यभार रहेको छ । त्यसलाई पूरा गर्न हामीले उहाँहरूले अघि सार्नुभएका विचारहरूलाई बदलिंदो परिस्थितिअनुरूप विकास र परिष्कार गर्नुपर्छ, तिनीहरूलाई निरन्तर समृद्ध बनाउँदै जानुपर्छ र अझै नयाँ उचाईमा उठाउनु पर्छ । तबमात्र हामीहरू नेपाली क्रान्तिका सिद्धान्तहरूको श्रृंखला विकास गर्न सक्छौं र नेपाली क्रान्तिकारी आन्दोलनले पनि बहुआयामिक गति लिंदै अघि बढ्न सक्नेछ ।

***(क.पुष्पलालको २६औं स्मृति दिवसका सन्दर्भमा आयोजित अन्तरक्रिया कार्यक्रममा प्रस्तुत कार्यपत्र)- ६, साउन २०६१***

# भैरहवाको जेल विद्रोह

## ' विष्णु पौडेल

मीकहाँ संस्मरण साहित्यलाई आत्मप्रशंसाको निम्ति दुरूपयोग गर्ने प्रचलन छ । यो रोग प्रतिगामी र यथास्थितिवादीहरूमा मात्र होइन, प्रजातान्त्रिक र प्रगतिवादी धारका बाहक हौं भन्नेहरूमा समेत जवर्जस्त रूपमा प्रकट हुने गरेको छ । कतिपयले त असन्तुष्टि, असहमति वा आक्रोश पोख्ने र कुण्ठा वा क्षुधा अभिव्यक्त गर्ने माध्यम पनि बनाउने गरेका छन् । कामद्वारा भन्दा प्रचार तथा प्रकाशनको सहारा लिएर आफूलाई व्यक्तित्वशाली बनाउन खोज्ने र व्यक्तित्व निर्माणका निम्ति विज्ञापनलाई निर्णायक माध्यम ठान्ने मूर्खतापूर्ण सोचको प्रभाव पनि संस्मरण साहित्यमा पर्ने गरेको छ ।

म मा संस्मरण लेखनप्रति रूची जागृत हुन सकेको छैन । केही दिनअघि मसँग नवयुगका लागि "नेतृत्व परिचय" मागिएको थियो र त्यतिबेला मैले बहाना बनाएर उम्किएको थिए । अहिले नवगुगका लागि "भैरहवा जेल विद्रोह" शीर्षकमा संस्मरण लेख्न भनिएको छ । तर यसपटक भने उम्किन संभव छैन र सहज ढंगले संस्मरण लेख्न पनि संभव छैन । इच्छा प्रतिकूल लेखिएको यो संस्मरणको हैसियत नवयुगको पाना र पाठकहरूको समय बर्वाद गर्नेभन्दा अरू होला जस्तो लागेको छैन ।

कोअर्डिनेशन केन्द्रको उत्तरार्ध र नेकपा (माले)को पूर्वार्द्धमा पार्टी दस्तावेजहरू भारतको बनारसबाट प्रकाशित गरिन्थ्यो । पार्टीमाथिको कडा प्रतिबन्धका कारण देशभित्रका प्रेसहरूलाई पार्टी दस्तावेज प्रकाशनका लागि प्रयोग गर्नसक्ने अवस्था थिएन ।

भारतमा प्रकाशित पार्टी दस्तावेज देशभित्र भित्र्याउन खास-खास जिल्लाका खास-खास नाकाहरू प्रयोग गरिन्थ्यो । रूपन्देही दस्तावेज भित्र्याइने जिल्लाहरूमध्येको एक थियो र त्यँहाको पार्टीका लागि यो एउटा नियमित जिम्मेवारी नै थियो । मर्चावार, पक्लीहवा, धकधई लगायतका अनेक नाकाहरू र खासगरी भैरहवा विमानस्थल दक्षिणको खुनगाँवा नाका यस निम्ति प्रयोग गरिन्थ्यो ।

०३७ साल असार १२ गतेको कुरा हो, जनमत संग्रहको परिणाम र त्यसको विश्लेषणमा केन्द्रित "मुक्तिमोर्चा", शहीद रत्नकुमार वान्तवाको जीवनगाथामा आधारित पुस्तक र रूपन्देहीको महिला कार्यकर्ता भेलाको कार्यपत्रका बण्डलहरू लिएर कमरेड मोदनाथ प्रश्रित बनारसबाट आउने र रेलवे स्टेशनमा ओर्लिने पूर्वनिर्धारित योजना थियो । पार्टीले मलाई ती दस्तावेजहरू भित्र्याउन १५/१६ जना कमरेडहरूका साथमा नौतनवा जाने जिम्मेवारी सुम्पियो । सितापुर, भैसाखादर र हर्नहियाका किसान कमरेडहरूको लस्करका साथमा नौतनवा पुग्दा प्रश्रितजी रेलबाट ओर्लिएर नजिकैको होटलमा आइसक्नुभएको थियो । हामीले दस्तावेजहरूलाई १५/१६ भागमा बाँड्यौं, पोको पार्‍यौं र आ-आˆनो पोको बोकेर सिमानातर्फ कदम चाल्यौं ।

बजारको मध्यभागमा पुग्दा-नपुग्दै प्रश्रितजीले भाउजू कविता (प्रश्रितजीको श्रीमती) का लागि लुंगी किन्ने प्रस्ताव राख्नुभयो । लस्करसहित पसलतिर जान उचित हुँदैनथ्यो । त्यसैले अरू कमरेडहरूलाई नौतनवा पश्चिमको बगैंचामा बस्न पठायौं र प्रश्रितजी र म लुंगी खोज्न पसलतिर लाग्यौं । लुंगी किनेर बगैंचामा पुग्दा कमरेडहरू हिंडिसक्नुभएको थियो । उहाँहरू कुन बाटो लाग्नुभयो होला भनेर अनुमान नै गर्न सकिएन । देशभित्र प्रवेश गर्ने अनेक नाकाहरू थिए । हामीले खुनगाँव (भैरहवा एयरपोर्ट दक्षिणको सिमाना) नाका भएर नेपाल भित्रिने निश्चय गर्‍यौं ।

प्रश्रितजी अस्वस्थ हुनुहुन्थ्यो । ज्वरोको कारण उहाँको हिंडाइको गति मन्द थियो । हामी छिन-छिनमा हिंड्दै र विश्राम गर्दै नेपाल-भारतको सिमाना पार गरेर भैरहवा विमानस्थलको पश्चिम आइपुग्यौं । त्यतिबेला अपरान्हको ५ बजेको थियो होला । करीव १०० मिटर उत्तर लुम्बिनी सडकमा मानिसको एउटा झुण्ड देखियो । ध्यानपूर्वक हेर्दा थाहा लाग्यो, साथीहरू गिरफ्तार हुनुभएछ । त्यो झुण्डमा बर्दिधारी प्रहरी, लाठी बोकेका लठैतहरू र तमासा हेर्न भेला भएका गाउँलेहरूको माझमा हाम्रा कमरेडहरू टाउकोमा दस्तावेजको पोको बोकेर खडा भइरहनुभएको थियो । प्रहरी र लठैतहरू हाम्रो प्रतीक्षा गरिरहेका छन् भन्ने कुरा सहजै अनुमान गर्न सकिन्थ्यो । हामीले तत्क्षण पछाडि फर्किने निश्चय गर्‍यौं । पछाडि फर्केका मात्र के थियौं, प्रहरी र लठैतहरूको जमात हामीलाई गिरफ्तार गर्न दौडियो । हाम्रो भाग्ने कोसिस सफल हुन सकेन । हामी प्रहरीको कब्जामा पर्‍यौं ।

म नयाँ र सिकारू कार्यकर्ता थिएँ । तर प्रश्रितजीको गिरफ्तारीले पार्टीलाई ठूलो क्षति पुगेको महसुस भयो । त्यसैले उहाँलाई प्रहरीको पंजाबाट मुक्त गर्ने कुनै उपाय हुन सक्छ कि भन्ने बिषयमा ध्यान केन्द्रित गर्‍यौं । हामीले प्रहरीसमक्ष प्रश्रितजीलाई छाड्ने शर्तमा साथमा भएको करीव दुईसय रूपैयाँ घुसदिने र मचाहिँ प्रहरीको साथमा हिरासतमा जाने प्रस्ताव राख्यौं । तर प्रहरीले मंजुर गरेन । थप प्रहरी शक्ति नआउँदासम्म हामीलाई भैरहवा एयरपोर्ट नजिकको लुम्बिनी सडकमा राखियो । हामीले प्रहरीको आँखामा धुलो छरेर भाग्ने योजना बनायौं । तर, त्यसो गर्न पनि संभव भएन । अन्ततः हामीलाई प्रहरी कष्टडीमा लगियो ।

जिल्ला प्रहरी कार्यालय भैरहवा र इलाका प्रहरी कार्यालय बुटवलमा ९/१० दिन राखेर अनेक पटक लिखित र मौखिक बयान लिएपछि हामीलाई अंचलाधिशसमक्ष प्रस्तुत गरियो । अंचलाधिशले प्रश्रितजी र मलाई राजकाज मुद्दामा ३ बर्ष कैद र रू. ३०००/- जरिवाना गर्ने आदेश दिए । अरू कमरेडहरूलाई पनि राजकाज मुद्दा नै लगाइयो तर उहाँहरूलाई कैद र नगद जरिवाना केही कम तोकियो । हामीलाई पालो-पालो अंचलाधिशसमक्ष बयानका निम्ति हाजिर गरियो र क्रमशः भैरहवा जेल चलान गरियो ।

तत्कालीन कोअर्डिनेशन केन्द्र र नेकपा (माले) को जेल विद्रोह गर्ने नीति थियो । पार्टीका नेता वा कार्यकर्ताहरू जेल परे भने विद्रोह गरेर बाहिर आउने प्रयास गर्नुपर्छ भनेर प्रशिक्षण दिने गरिन्थ्यो । जसले गर्दा ३ बर्षको लामो अवधिसम्म जेलमा कुँजिएर नबस्ने निष्कर्षमा हामी पुग्यौं र जेल विद्रोहको योजनामा केन्द्रित भयौं । प्रश्रितजी र म करीव २ दिनको अनवरत छलफलपछि जेल विद्रोहको एउटा मौलिक विधि निश्चित गर्न सहमत भयौं । हामीलाई जेलको अलग भवनमा राखिएको थियो । हाम्रो साथमा हामीसँगै गिरˆतार हुनुभएका साथीहरूबाहेक वन मुद्दाका अर्को एकजना बन्दीमात्र हुनुहुन्थ्यो । प्रश्रितजी र म जेल विद्रोहको योजना कार्यान्वयनमा केन्द्रित हुन थाल्यौं । हामीले अन्य साथीहरूलाई सकभर जानकारी नदिने र जानकारी भइहालेको खण्डमा गोपनीयता जोगाउन अनुरोधको तरिका अपनायौं ।

हामीले कोठाका झ्याल-ढोका जोडेर भर्‍याङ बनाउने, भर्‍याङबाट पर्खालमा चढ्ने र डोरीको सहाराले पर्खाल बाहिर ओर्लिने योजना बनायौं । झ्याल-ढोका जोड्नका लागि बर्मा, नट, बोल्टु र रेञ्ची चाहिन्थ्यो । फलामको डण्डी काट्न ह्याक्सो चाहिन्थ्यो । उज्यालोका निम्ति टर्चलाइट चाहिन्थ्यो । बाहिरका कमरेडहरूलाई यी सामग्रीहरू पठाउनका निम्ति अनुरोध गर्दै कागतीको रसले लेखेको पत्र पठायौं । सितापुरकी दिदी चुमादेवी बन्जाडेले तामाको ठूलो भाँडामा खानेकुराको माझमा राखेर गाउँले भेषभूषामा आफन्तीहरूलाई भेट्ने बहानामा हामीलाई चाहिने सबै सामग्रीहरू लिएर आउनुभयो । उहाँको कलात्मक अभिनयलाई जेलको जाँचकीले साँच्चिकै ठान्यो र झुक्कियो । सामग्री खानेकुराभित्र लुकेर जेलभित्र पस्यो । रस्सी बाँट्न बोरा चाहिन्थ्यो र झ्यालढोका जोड्नका लागि काठका सेफ्टी चाहिन्थे । यी सामग्रीहरू पनि भूसेचुलोका निम्ति आवश्यक परेको बहानामा बाहिरबाट मगायौं ।

हप्तादिन जति फलामको चुकुल (डण्डी) ढुङ्गामा घोटेर काठमा प्वाल पार्ने बर्मा बनायौं । बर्मा प्रयोग गरेर दिनभरका दिनभर झ्याल, ढोका र सेˆटीमा प्वाल पारेर नट घुसाउने ठाउँ बनायौं । जुटको बोरा खोलेर रस्सी बाट्यौं । पानी परेको

मौसममा हेक्साको सहाराले झ्यालका फलामे डण्डीहरू काट्यौं । मानसिक रूपमा जेलबाट भाग्न तयार नहुनुभएका साथीहरूले हामी हिंडेपछि यातना भोग्न नपरोस् भन्ने उद्देश्यले निदाउने औषधीका चक्कीहरू मगायौं । र, त्यसको खोल देखाएर "हामीलाई यो औषधी खान दिए, हामी निदायौं र को कसरी भाग्यो केही थाहा पाएनौं" भनेर बहाना गर्न सिकायौं । पत्रद्वारा बाहिरका कमरेडहरूलाई साउन मसान्तको राति जेल र आसपासका क्षेत्रमा विजुलीको लाइन निभाउन अनुरोध गर्‍यौं ।

योजना निर्माण गरेको मितिले करीव एक महिनाको अनवरत प्रयत्नपछि जेल विद्रोहको तयारी पूरा भयो । हामी विजुली निभ्ने क्षणको प्रतीक्षामा थियौं । विजुली निभाउनका निम्ति हामीले लेखेको पत्र बाहिरका कमरेडहरूले समयमै पाउनुभएको रहेनछ । तर, त्यही राति १ बजेतिर बिजुली निभ्यो । सबैतिर अन्धकार भयो । हामीले कमरेडहरूबाटै यो काम सम्पन्न भएको ठान्यौं र माथिल्लो तलाको झ्यालका फलामे डण्डीहरू बाङ्गो पारेर रस्सीको सहाराले तल्लो तलामा झर्‍यौं । झ्याल, ढोका जोडेर भर्‍याङ बनाउन के थालेका थियौं, ठीक त्यही बेला बिजुली बल्यो । उता, बुर्जाको प्रहरी खबर्दारी गर्दै चिच्याइरहेको थियो । हामीले आफूलाई मृत्युको मुखैनेर पुगेको महसुस गर्‍यौं । विजुलीको उज्यालोमा बुर्जाको प्रहरीले हामीलाई देख्नेछ र गोली चलाउने छ भन्ने हामीलाई लाग्यो । तैपनि हामीसँग धैर्यको कुनै विकल्प थिएन । हामीले आफूलाई सम्हाल्ने कोसिस गर्‍यौं र तयारी कार्यलाई सावधानीपूर्वक अघि बढायौं । सुखद् संयोग नै भनौं, केही समयपछि बिजुली निभ्यो । भर्‍याङ तयार भयो । त्यसलाई बोकेर जेलको पर्खालमा खडा गर्‍यौं । भर्‍याङको छेवैनेर पर्खालमा चुकुल ठोक्यौं र चुकुलमा डोरीको एउटा टुप्पो बाँध्यौं । अब, डोरीको अर्को टुप्पोसहित भर्‍याङबाट पर्खाल चढ्न र डोरी समातेर पर्खालबाट बाहिर ओर्लन सकिने भयो । हामीहरू अर्थात् प्रश्रितजी, म र अरू ६ जना साथीहरू पालैपालो जेलबाट बाहिरियौं । हामी बाहिरिएको करीब आधा घण्टापछि धर्तिमा उज्यालो झरिसकेको थियो ।

जेलबाट बाहिरिएपछि सिमानापारीको भारतीय भूमि हाम्रो लागि बढ्ता सुरक्षित हुन सक्दथ्यो । तर, नेपाली क्रान्तिका लागि मूलतः नेपाली भूमिमै आधारित हुनुपर्छ भन्ने मान्यताबाट हामी प्रशिक्षित थियौं । यही मान्यताका कारण हामी भारततिर नलागेर रूपन्देहीकै मधौलियाको विहुली गाउँमा आश्रय लिन पुग्यौं । त्यतिबेला बिहानको करीव ९ बजिसकेको थियो । जिल्लाको सम्पूर्ण प्रहरी शक्ति हाम्रो खोजीमा परिचालित भइसकेको थियो । हामीहरू सेल्टरभित्र प्रवेश गरेको केही क्षणपछि हामी बसेको गाउँ बस्तीमा समेत प्रहरीको बिगबिगी बढिसकेको थियो । तर, हामी जनताको न्यानो मायामा सुरक्षित थियौं ।

मेरो गिर`तारी, जेल जीवन र जेल विद्रोहको घटना मुलुक, जनता र पार्टीका निम्ति कुनै महत्वको बिषय होइन । तर, मेरो जीवनमा भने यी घटनाहरू महत्वपूर्ण सावित भएका छन् । यदि म यी घटनाक्रमहरूबाट गुज्रिएको हुँदैनथें भने सायद मेरो जिन्दगीले अर्कै कोल्टे फेर्ने थियो ।

◆

# पाल्पा जेल ब्रेक

## ' कमल कोइराला

संधै साह्रै सोझो देखिने चिम्सो आँखा भएको हरदम कुरा नबुझी अलमलिएको बुद्धु जस्तो देखिने मुख थियो- कमरेड एकदेवको । तर ती आलेजीका आँखाका कुनाहरूमा म बराबर एउटा भित्री बाठोपनको चमक देख्दथें । विश्वास ठूलो कुरा हुन्छ । आत्मविश्वास लक्ष्य प्राप्तिका लागि ठूलो कुरा हुन्छ । सकारात्मक सोच कुनै कार्यको सफलताको लागि ठूलो कुरा हुन्छ ।

पाल्पा जेल ब्रेक गर्ने र त्यहाँबाट निस्केर पार्टीको तेस्रो महाधिवेशनमा कमरेड पुष्पलाल, तुलसीलालहरूसँग भेट गर्न पुग्न सफल एकदेव आलेमा यी तीनवटै कुरा थिए । विश्वास गलत पनि हुनसक्छ । तर गलत विश्वास पनि विश्वास हुन्छ । र, त्यसमा पनि ठूलो शक्ति हुन्छ । ठूलो शक्तिको सदुपयोग वा दुरूपयोग दुवै गर्न सकिन्छ । गलत विश्वासको आधारमा पनि एउटा ठूलो माहौल बनाई ठूलो फाइदा लिन सकिन्छ । कुनै कुनै स्थितिमा यो राम्रो पनि मान्न सकिन्छ ।

२०१९ सालमा पार्टी महाधिवेशन बनारस (बाराणसी) मा आयोजित हुने भएको थियो । तर संगठन गर्दागर्दै पक्राउ परी एकदेव आले पाल्पा जेलमा हुनुहुन्थ्यो । नेपाली कांग्रेसले सशस्त्र विद्रोह पनि प्रारम्भ गरिसकेको थियो । पाल्पा जेलमा कम्युनिष्टहरू र कांग्रेसहरू पनि प्रशस्त थिए । तर धेरै ठूलो संख्यामा जघन्य अपराधका लामोलामो कैद र जन्मकैद पाएका कैदीहरू पनि थिए ।

द्वितीय विश्वयुद्धका भेट्रान योद्धा सिर्फ एउटा पेस्तोलले एउटा जिल्ला कब्जा गर्नसक्ने साहसीमा पनि उहाँ आटिलो एकदेव आलेले सोच्न थाल्नुभयो कि अब कसरी यो पाल्पा जेलबाट निस्केर तेस्रो महाधिवेशनमा पुग्ने ? त्यतिबेला भारतीय र नेपाली ज्योतिषीहरूका भनाइमा आठ ग्रह एकै रेखामा सिधा पर्न जाने र ठूलो अनिष्ट, ठूलो भुईंचालो भन्दा पनि ठूलो कुनै प्रलय जस्तो कुरा पनि हुनसक्छ भन्ने हल्ला चलेको थियो । एकदेव आलेले सोच्नुभयो कि यो हल्ला र गहिरो अन्धविश्वासको फाइदा उठाउन सकिन्छ । उहाँभित्र सही आत्मविश्वास पनि थियो कि पाल्पा जेल कब्जा गर्ने योजना सफल हुनसक्छ र जेलबाट निस्केर भारतमा निर्वासित कमरेडहरूमाझ आफू पुग्न सकिने छ । उहाँलाई आवश्यकता थियो- केही यस्ता मान्छेहरूको, जो जेलबाट जस्तोसुकै ज्यानको खतरा लिएर पनि भाग्ने मौका छोप्न तयार हुनेछन् ।

ती युवकहरू यस्ता हुन सक्दछन् जो लामो कैद वा जन्मकैदमा परेका छन् र जसका अपीलहरू पनि खतम भइसकेका छन् । त्यसैले क. आलेले अत्यन्त सावधानीपूर्वक एकएक जनाको मनपेट पहिले बुझ्नुभयो र को कतिसम्म गर्न तयार हुनसक्छ त्यसको पनि मनमनै गम्भीर विश्लेषण गर्नुभयो ।

उहाँले जन्मकैदमा परेको एक नवयुवकको मनपेट लिने कुराबाट प्रारम्भ गर्नुभयो । एकदिन उहाँले त्यो नवयुवकलाई भन्नुभयो-"के गर्छस् भाइ रिसको झोंकमा आँखा देखिनस् । जन्मकैद परिस् । हामी त राजनीतिमा काम गर्ने मान्छे, माफी मागे भोलि छुट्न सक्छौं, प्रजातन्त्र आए चाँडै पनि छुट्न सक्छौं । तर तेरो त यो जवान उमेर, अब अपील पनि सर्वोच्च अदालतबाट खत्तम भयो ।" क. एकदेव आलेका कुरा सुनेर त्यो युवकले रूँला जस्तो अँध्यारो मुख लगाएपछि एकदेव आलेले भन्नुभयो- "मलाई त तेरो कुरा सोच्दै मन सारै खल्लो हुन्छ । भाग्न पाए तेरो इण्डियातिर फौज पुलिसमा भर्ती हुने उमेर पनि छ । नत्र भए पनि यत्रो ठूलो इण्डिया छ, कहीँ न कहीँ काम पाइहाल्छस् ।"

आलेजीले यो भन्नासाथ त्यो युवकको मुनमा एउटा उज्यालो चमक आयो । उसले तुरून्तै एकदेव आलेको हात समाउँदै भन्यो-"भाग्ने उपाय भए भन्नुस् दाइ, म तपाईको निम्ति जिन्दगीमा जे पनि गरौंला ।"

एकदेव आलेले सोच्नुभयो-यो जवान ज्यान माया मारेर पनि भाग्न तयार हुन्छ । भोलिपल्ट एकदेव आलेले उसको वास्ता नगरेको जस्तो गर्दा त्यो केटो घरीघरी उहाँको नजिक आयो र भन्यो-"दाइ कुराकानी गरौं न ।" तर क. एकदेव आलेले पटक-पटक "एकछिनपछि गफ गरौंला" भन्नुभयो । त्यो युवाले त्यस दिनभरी एकदेव आलेको पिछा छोडेन । अब क. एकदेव आलेले बुझ्नुभयो कि यो मान्छे जेलबाट भाग्न हरूक्क छ र जस्तै खतरा पनि लिन तयार छ ।

त्यसदिन एकदेव आलेले भन्नुभयो-"खोई, मैले त केही सोच्नै सकिनँ । यत्तिको अग्लो पर्खाल छ । यसै बुर्जामा र गेटमा सेन्ट्री छ । खोई कसरी तँलाई भगाउँ ? तेरो विजोग देख्दा तँलाई भगाउन मन लाग्छ । तर तेरो र मेरो दुवैको ज्यान खतरामा पर्छ ।"

"होइन दाइ, जे गरेर हुन्छ बिन्ती छ । भाग्न सक्ने कुनै उपाय छ भने भन्नुस् म जिन्दगीभर तपाईंको कमारो भएर रहन पनि तयार छु ।" क. एकदेव आलेले भन्नुभयो-"अहिले कसैलाई केही नभन् । चुप लागेस् । दुई तीन महिना मैले भने भनेअनुसार मात्र गर । म तँलाई भगाउने उपाय गर्छु । तर, तेरो-मेरो माझ भएको कुरा कसैलाई नभन् ।

आजदेखि जोसँग पनि के भन्न थाले भने "बाहिर आठग्रह जुटेर प्रलय हुने हल्ला छ । मान्छेहरू खुला चौरमा र बारीमा छाप्रा बनाई बस्ने तयारी गर्दैछन् । हामीहरू त पर्खालभित्रै, कोठा र पर्खालहरू लडी मर्ने भयौं । मैले ज्यान बच्ने आशा मारिसकें । म त पैसा जम्मा गर्दै मर्नुभन्दा पहिले मज्जासँग मासुभात खाँदै बस्न घरबाट पैसा झिकाउँछु । तपाईं पनि पैसा मगाउनुस् । आखिर, आठ ग्रह जुटेर पर्खाल लडी एकै चिहान त भइने होला नि ।"

वास्तवमा, २०१८/१९ सालतिर जेलबाहिर पनि नेपाल र भारतमा आठग्रह एक लाइनमा पर्ने ज्योतिषीहरूको भनाइ थियो र यसले पृथ्वीमा ठूलो उथलपुथल, अहिलेसम्म नभएका घटना हुने हल्ला र भविष्यवाणीहरू व्यापकरूपमा भएका थिए । पाँच, छ दिनपछि पाल्पा जेलभरी सबै कैदीहरूमा यही चर्चाले ठूलो निराशा र भयको वातावरण आउन थाल्यो । कैयौंजना त्यो अष्टग्रह जुटेर जेलमा मर्ने भयले साँच्चै ग्रस्त भए ।

क. एकदेव आलेले यो युवक जस्तै अरू तीन चार युवकहरूको पनि एकाएक गरी ५/७ दिनमा मनपेट चोर्नुभयो, जो जेलमा मर्ने वा सड्ने भन्दा जेलबाट भाग्न जेसुकै जोखिम, खतरामा पर्ने आँट गर्न तयार थिए ।

उहाँको दिमागमा जेल कब्जा गर्ने खाका स्पष्ट रूपले बनिसकेको थियो ।

एकदेव आलेले सबै घर घरबाट पैसा झिकाई ६/७ वटा खसी काट्ने र सबैले सामूहिकरूपले आनन्दका साथ भोज खाने मिति पनि तोक्नुभयो ।

अर्कोतिर एकदेव आलेले एकएक गरी संगठन गरी १० जना यस्ता मान्छे भित्रभित्रै तयार गरिसक्नुभएको थियो, जो ज्यानको बाजी लगाएर पनि जेल कब्जा गर्न र भागेर इण्डिया जाने अति गोप्य योजनामा दत्तचित्त भएर लागिसकेका थिए । १४ जना पुगे काम फत्ते हुने विश्वास एकदेव आलेलाई थियो ।

**कब्जा कार्यान्वयन**

त्यसदिन आठजना कैदीहरू सिपाहीहरूको निगरानीमा जेलसामु खुला ठाउँमा चुलो खन्ने, पानी तताउने एकएक गर्दै आठवटै खसी काट्न र आन्द्राभुँडी सफा गर्न थाले ।

क. एकदेव आलेको गुप्त योजना भने जेल कब्जा गर्ने निर्णायक क्षण त्यो बेला थियो जुन बेला कैदीहरूलाई चामल बाँड्न ठेकेदार जेलको गेटमा आउनेछ । त्यतिबेला जेलको मूल ढोका त खुल्दैन तर सानो, निहुरिएर छिर्न सकिने तल्लो सानो होचो भाग खुला हुन्छ । सिपाहीहरूलाई खाना खान बसाउने काम पनि ठ्याक्क त्यही बेला गर्नुपर्छ ।

त्यो बेला त्यो सानो फाटकबाट "मलाई चामल छिटो, मलाई चामल छिटो" भन्दै सेन्ट्री र ठेकेदारले केही बुझ्न नपाउँदै एकदेव आले र एकपछि अर्को गरी ४/५ जना एकदम फूर्तिले निस्कने । सबैभन्दा पहिले निस्कनेले सेन्ट्रीको बन्दुक उसले के भयो बुझ्न नपाउँदै झ्याप खोसेर भाग नत्र मार्छु भनी तेर्स्याउने । अरू निस्केकाहरूले हतियार राखेका ठाउँमा सोझै दौडेर बन्दुकहरू कब्जामा लिने । खाना खान बसेका सिपाहीहरूतिर तेर्स्याउने । त्यहाँका सेन्ट्रीहरूको बन्दुक एकै समय चारै बुर्जामा खोस्ने । यति भएपछि सेनाका साथ हतियार हुँदैन र सबै हतियार विद्रोहीहरूको हातमा हुनेछ, जेल कब्जा हुनेछ ।

यसैअनुसार चामल बाँड्ने ठेकेदार आउने बखत पारेर सिपाहीहरूलाई सोधियो । "हजुरहरू नै त पहिले खाने होला ? फेरि हजुरहरूले खाएर बुर्जामा गई पालो दिएपछि बुर्जावालाले खाने पालो आउला ? हजुरहरू आधीले पहिले आधीले पछि खाने होइन त ?"

एकातिर ठेकेदार जेलको फाटकमा पुग्यो, अर्कोतिर सिपाहीहरू मासु भात खान चौरमा बसे । मासु र भात पस्कियो । अर्कोतिर कैदीहरूलाई चामल दिन जेलको सानो तल्लो फाटक खुल्यो । सबैभन्दा अगाडि रहनुभएका क. एकदेव आलेले 'छिटो मलाई चामल" भन्दै निहुरेर फाटक बाहिर निस्की सेन्ट्रीको बन्दुक झ्याप्पै खोसिहाल्नुभयो । र, 'भाग्नुस् नत्र हान्छु' भनी बन्दुक लोड गरेर तेर्स्याउँदा सेन्ट्री भाग्न लाग्दा नलाग्दै त्यसैगरी निहुरेर फुत्फुती पाँच छ जना निस्की हतियार राखेको ठाउँमा पुगी बन्दुकहरू लिए । क. एकदेव आलेको नेतृत्वमा भोज खान बसेकातर्फ फूर्तिका साथ सबै बन्दुक तेर्स्याउँदै, 'उठ्यौ भने ज्यान जान्छ' भनी सिपाहीहरूलाई कब्जा गरे । पहिले नै तय दुई-दुई जनाले बिजुलीको फूर्तिका साथ अलग-अलग दिशाका बुर्जाहरूमा पुगी त्यहाँका सेन्ट्रीहरूको बन्दुक हात पारे । त्यसपछि सबै बन्दुक लिएर एकै ठाउँमा आए ।

क. एकदेव आलेको कमाण्डमा यसरी पाल्पा जेल नै कब्जा भयो ।

जेलको पूरै फाटक खोलियो र सबै कैदीहरूलाई बाहिर निस्कन भनियो । र, उनीहरू स्वतन्त्र भएका र जो-जो इण्डिया जान चाहन्छन् साथ आउन घोषणा भयो । जेलबाट सद्देहरूले मात्र होइन, लङ्गडाहरूले पनि भाग्ने अवसर पाए ।

तर, क. एकदेव आलेलाई थाहा थियो-पाल्पा जेल नजिकै अर्को सैनिक ब्यारेक छ, त्यसैले विलम्ब गर्नुहुँदैन, बन्दुक छाड्नुहुँदैन । किनभने जरूरत पर्दा पोजिसन लिंदै पिछा गर्ने सेनालाई रोक्दै अगाडि जानुपर्छ ।

कैदीहरूको काफिला भारततर्फ प्रस्थान गऱ्यो । भोलिपल्ट एक ठाउँमा पार्टी कमरेडहरू प्रेम प्रकाशले 'सारै भोक लाग्यो म त भात पकाएर खान्छु' भन्दा क. एकदेव आलेले यसो नगर, आर्मीले पिछा गर्दैछ, धुँवा देख्नसाथ डाँडा माथिबाट गोली हान्न थाल्छ" भन्नुभयो । तर, उनीहरू नमानेपछि क. एकदेव आले भोकभोकै अगाडि बढ्नुभयो । उहाँहरू हिंडेको दुई घण्टापछि पल्लो डाँडाबाट गोली चलेको आवाज आयो । यस्तो बेला साथीहरू मरे कि बाँचे हेर्नपट्टि लाग्न सम्भव थिएन ।

काफिला रूकेन, बढ्दै गयो ।

भोलिपल्ट उकालो-ओरालो हामफाल्दै घुँडा, कुइनो र हात गोडामा चोट पार्दै पाकिराखेको भात छाडेर दौडँदै फेरि साथीहरू आएर एकदेव आलेकै जत्थामा उहाँकै कमाण्डमा सामेल भए । फुक्को चामल भिजाउँदै खाँदै, त्यो सकिएपछि चरीअमिलोको पात, तित्रीका पात अनि कपडाले छेकेर पक्रेका माछा काँचै खाँदै त्यो जत्था जंगलै जंगल इण्डियातर्फ लाग्यो ।

कमरेड एकदेव आलेका साथ कमरेड प्रेमप्रकाश र अरू अपराधी पनि भारत आइपुगे । कांग्रेसीहरू नौतनवा र गोरखपुरतर्फ लागे, उहाँहरू वाराणसी आउनुभयो, जहाँ केही समयपछि पार्टीको तेस्रो महाधिवेशन भयो । क. एकदेव आले र प्रेमप्रकाश दुवै पूर्ण र बैकल्पिक रूपमा केन्द्रीय कमिटीमा चुनिनुभयो ।

◆

# यो पनि ग्रीसकै सभ्यता हो

ग्रीसको नाम सुन्नेबित्तिकै हामीलाई प्राचीन सभ्यता र संस्कृतिको स्मरण हुन्छ । तर ग्रीसलाई आधुनिक सभ्यता र संस्कृतिका लागि पनि विश्वले सम्झनुपर्छ । ग्रीस नै त्यस्तो देश हो, जहाँ जनमत संग्रहमार्फत् जनताको सार्वभौमसत्ता व्यवहारमा प्रमाणित भएको छ । जनताको मतले राजतन्त्रको उन्मुलन भएको छ र गणतन्त्रको स्थापना भएको छ । आधुनिक प्रजातन्त्रको परिभाषामा यो मानव जातिका लागि यो एक उल्लेखनीय उपलब्धी हो । सन् १९७५ मा भएको जनमत संग्रहमा शर्मनाक पराजय बेहोरेपछि राजतन्त्र त्यहाँको इतिहासको पानामा मात्रै सीमित भएको छ ।

ग्रीस कुनै एक कारणले मात्र प्रख्यात छैन । मानव सभ्यताका सम्पूर्ण आधारशीलाहरूको जननी ग्रीस नै हो । राजनीति, साहित्य, कला, दर्शन, संगीत, अर्थशास्त्रदेखि खेलकुदसम्मको नालीबेली पहिल्याउँदै जाने हो भने जो कोहीले पनि ग्रीससम्म नपुगी सुखै छैन । जुनसुकै शब्दको उत्पति खोजौं वा त्यसको प्रचलन, आँखा चिम्लेर भनिदिए हुन्छ, यसको उत्पति ग्रीसबाट भएको हो । मानव सभ्यताको विकासमा शायदै अर्को स्थानले यति धेरै योगदान दिएको होला । हो, यो त्यही ग्रीस हो, जसले शान्तिपूर्णरूपमा राजतन्त्रको उन्मूलन गरेर विश्वका अगाडि नयाँ सभ्यताको थालनी गरेको छ ।

यतिबेला फेरि एकपटक ग्रीस चर्चामा छ । त्यसको कारण हो- ओलम्पिकको पच्चीसौं संस्करण ग्रीसको राजधानी एथेन्समा हुँदैछ । सन् १८९६ मा ग्रीसको ओलम्पियाबाट शुरू भएको ओलम्पिक खेल विश्वभरि फन्को मारेर एक शतकपछि घर फर्किंदा त्यहाँको सरकार, नागरिक र खेलाडीमा अर्कै किसिमको भावना उत्पन्न भएको छ । संस्कार, संस्कृति र सभ्यताको राजधानी ग्रीसको लागि यो एउटा ऐतिहासिक अवसर हो भन्ने कुरा त्यहाँका नागरिकले अनुभूत गरिरहेका छन् ।

राजनीतिको खिचातानीले ग्रीसलाई लामो समयसम्म पीडित नबनाएको होइन । सन् १९२१ देखि १९२९ सम्मको अनवरत र कठिन लडाइँपछि मात्रै ग्रीक जनताले टर्कीको ओटोमन साम्राज्यबाट आफ्नो सार्वभौकिता फिर्ता पाएका हुन् । सन् १९४० मा इटालीसँग पनि ग्रीसले लड्नुपऱ्यो । स्वतन्त्रतापछि त्यहाँ राजतन्त्र स्थापित भएको थियो । पटकपटक

जनतामा राजतन्त्रले जानुपर्ने र जनताको मत मुताविक चल्नुपर्ने स्थिति त्यहाँ सिर्जना भएको थियो । राजतन्त्रको विरोध गर्ने कम्युनिष्टमाथि त्यहाँ पनि भीषण दमन भएको थियो । तर पनि राजतन्त्रको मक्किएको धरातलले त्यसलाई धेरै दिन थामिरहन सकेन र त्यो इतिहासको एउटा निर्मम पानामा थन्किनुपर्‍यो ।

ग्रीसको राजनीतिमा कम्युनिष्ट पार्टीको भूमिका उल्लेखनीय रहिआएको छ । सन् १९४७-४९ को युद्धमा कम्युनिष्ट पार्टीले ठूलो क्षतिको सामना गर्नुपर्‍यो । अमेरिकाको सहयोगमा त्यहाँको सरकारले कम्युनिष्टहरूको कत्लेआम गर्‍यो । सशस्त्र गुरिल्ला युद्धमा उनीहरूले बेहोरेको क्षतिको लेखाजोखा अहिलेसम्म पनि राम्ररी हुनसकेको छैन । ग्रीसको कम्युनिष्ट पार्टीको भूमिकामाथि विद्यावारिधि गर्ने प्राध्यापक सी. कोस्टोनिकाको विश्लेषण छ-'त्यो युद्ध नै कम्युनिष्टहरूलाई अहिलेसम्म उठ्नै नसक्ने गरी क्षति पुर्‍याउने प्रमुख कारण हो, जसको पुरताल अझै हुनसकेको छैन ।' कोलिसन अफ लेफ्ट एण्ड प्रोग्रेस, कम्युनिष्ट पार्टी अफ ग्रीसजस्ता कम्युनिष्ट पार्टीहरूको भूमिका अहिलेको राजनीतिमा गणनीय मानिन्छ ।

अचम्म नमाने हुन्छ, ग्रीसमा कुनै जनजाति समूह छैनन् । त्यहाँ ९८ प्रतिशत नागरिकले ग्रीक धर्म मान्छन् भने त्यति नै संख्याका नागरिकले ग्रीक भाषा बोल्छन् । १ करोड ६ लाख २३ हजार ८ सय ३८ जनसंख्या रहेको ग्रीसको क्षेत्रफल ५० हजार ४ सय बर्ग माइल रहेको छ । ग्रीसको उत्तरमा अल्बानिया, मेसेडोनिया पर्छन् भने पूर्वमा टर्की पर्छ । संसदीय सर्वोच्चतासहितको हेलेनिक गणतन्त्र ग्रीसमा वास्तविक लोककल्याणकारी राज्यको अवधारणा व्यवहारमा लागू भएको पाइन्छ । पन्ध्र बर्षसम्मका बालबालिकाका लागि अनिवार्य र निःशुल्क शिक्षाको व्यवस्था सरकार आफैंले गरेको छ । जसका कारण त्यहाँको साक्षरता प्रतिशत ९५ भन्दा उकालो लागेको छ । त्यहाँका पुरूषको औसत आयु ७६ दशमलव शून्य तीन बर्ष र महिलाको ८१ दशमलव ३२ बर्ष रहेको छ ।

त्यहाँको आर्थिक मेरूदण्डको रूपमा पर्यटन, कपडा, रसायन, धातु, मदिरा र खाद्य उद्योग रहेका छन् । तेल, फलफूल, मकै, आलु, आदि त्यहाँका प्रमुख बाली हुन् भने म्याग्नेसाइट, मार्वल र तेलजस्ता प्राकृतिक सम्पदाले त्यहाँको अर्थतन्त्र धानेको छ । गाई, कुखुरा, सुँगुर र बाखा त्यहाँ पालिने प्रमुख वस्तुभाउ हुन् । कूल श्रमशक्तिमध्ये त्यहाँ ५९ प्रतिशत सेवामा संलग्न छ भने २१ प्रतिशत उद्योग र २० प्रतिशत कृषिमा संलग्न छ ।

*' विष्णु रिजाल*

# क्रान्तिलाई शीरमा र पार्टीलाई हृदयमा राखेर हिंड्ने प्रण गरें

**' राजेन्द्र श्रेष्ठ**

**बा**ल्यावस्थाबाट किशोरावस्थामा संक्रमण सँगसँगै मैले १९९७ सालको पर्व र २००७ सालको क्रान्तिका गाथाहरूबारे सुन्न थालेको थिएँ । खासगरी १९९७ सालको पर्वपश्चात् गणेशमान सिंहज्यू यट्खा हुँयपुननिस्थित मेरो ममाघरसँगै लुक्न आएको, खर्पन बोकी ज्यापूको भेषमा बाहिर निस्केको, ढलको नालीमा लुकी ज्यान बचाएको, जेल तोडी भागेको जस्ता धेरै चमत्कारिक घटनाहरू मैले आफ्नो आमा, मामा र बज्यैहरूबाट सुनेको थिएँ । मेरो माहिला मामा गोरेबाबु श्रेष्ठले त गणेशमानजी जेल पर्दा खाना पुर्‍याइदिने र आफ्नो घरको करूवा बेचेर समेत जेलमा फलफूल किनेर लगेको जस्ता घटनाहरू सुनाउनुहुन्थ्यो । गणेशमानजीको घरमा उहाँको धेरै आवत-जावत थियो । त्यसले ममा नजानिंदो ढंगबाट नेपाली कांग्रेसतिर झुकाव बढेको थियो । मेरो मामा गणेशमानजीको भक्त नै भए पनि त्यति सिद्धान्त बुझेको मान्छे नभएको हुँदा उहाँ वैचारिक आकर्षणको केन्द्र हुन सकेन । बरू ममा सानैदेखि प्रजातन्त्रको लागि दलगत व्यवस्था ठीकै भए पनि विकासको लागि कम्युनिष्ट व्यवस्था नै चाहिन्छ भन्ने बालसुलभ भावना थियो । देशको विकास हुने, धनी गरीब नहुने, सबै समान हुने, मान्छेद्वारा मान्छेको शोषणको अन्त्य हुने, उँच-नीचको भावनाको उन्मूलन हुनेजस्ता सुन्दैमा आनन्द लाग्ने कुराहरू कम्युनिष्ट व्यवस्थाप्रति आकर्षणका मुख्य कारण थिए । त्यतिबेला चीनमा उत्पादित सस्ता र बलिया सामानहरूको जनचर्चा, चीनले बनाइदिएको कोदारी राजमार्ग, भारतले बनाइदिएको त्रिभुवन राजपथको तुलनामा राम्रो भएको चर्चा, चीनको नेपालप्रतिको सद्भावजस्ता कुराहरूले पनि ममा सकारात्मक प्रभाव पारेको थियो भने काठमाडौंको फूटपाथमा पाइने चीन सचित्रको अध्ययन, विप्लवी पुस्तकालयमा गएर पुस्तकहरू हेर्ने बानी, त्यहाँ आउने कम्युनिष्ट समर्थकहरूसँगको कुराकानी आदिले झन् पछि झन् मेरो मनमा कम्युनिष्ट विचारको बीजारोपण हुँदै गएको थियो ।

२०३१ साल (१९७४ सेप्टेम्बर)मा सिक्किमलाई भारतमा विलय गरेको घटनाको कारण नेपालमा भारतीय विस्तारवादविरोधी विद्यार्थी आन्दोलन शुरू भयो । मैले आफ्नो जीवनमा पहिलो पटक एक आन्दोलनकारीको रूपमा १४ बर्षको उमेरमा सिक्किम काण्डविरोधी संघर्षमा सहभागी भएँ । विभिन्न स्कूलहरू हड्ताल गर्दै कान्ति स्कूलको पढाइ रोकेर हनुमानढोका दरवार स्क्वायरतिर हामी के प्रवेश गरेका थियौं, त्यहाँ प्रहरी हस्तक्षेप भई अन्धाधुन्ध लाठीचार्ज भयो । मैले नजानी नजानी मरू सत्तलमा उभिएर प्रहरी हस्तक्षेपविरूद्ध भाषण गरें । प्रहरीहरू आउने बित्तिकै नारा लगाएर चिकंमुगलतर्फ लागें । उक्त जुलुसमा पहिलोपटक शरीरमा नीलडाम हुने गरी दुई लौरो खाएँ । यस घटनाले ममा राष्ट्रियताप्रतिको जागरण ल्याएको थियो । एस.एल.सी. को जाँच दिएपश्चात्

विप्लवी पुस्तकालयमा चिनजान भएका असन न्हायकंतल्लाका साथी काजीलाल श्रेष्ठको सिफारिसमा म बसन्तपुरस्थित नेपाल-चीन मैत्री संघको पुस्तकालयमा जान थालें । त्यसरी नै जमलस्थित रूसी सांस्कृतिक केन्द्र, नेपाल-कोरिया मैत्री संघ आदि स्थानमा जाने र पत्रपत्रिका हेर्ने र पुस्तकहरू पढ्ने काम मेरो नियमित दिनचर्या जस्तै हुन थाल्यो । विप्लवी पुस्तकालयमा जाँदा कवि दुर्गालाल श्रेष्ठका क्रान्तिकारी गीत र कविताहरू भएको पुस्तक 'सर्गः सिवें धर्ति नमिंग्वः' (आकाशभन्दा धर्ति रातो छ), भूपि शेरचनको घुम्ने मेचमाथिको अन्धो मान्छे, लुशुनको आह क्यूको साँचो कथा, म्याक्सिम गोर्कीको आमा उपन्यास आदि अध्ययन गरेको थिएँ । त्यहाँ प्रोफेसर माणिकलाल श्रेष्ठका नेपाल भाषामा लेखिएका लेख रचनाहरू पनि खोजी खोजी पढ्न थालें । पछि नेपाल-चीन मैत्री संघ एवं रूसी सांस्कृतिक केन्द्र आदिमा जान थालेपछि अरू राजनीतिक साहित्यहरू पनि अध्ययन गर्न थालें ।

मैले पहिलो पटक राजनीतिक साहित्यमा भोटाहिटीस्थित प्रगतिशील पुस्तक पसलबाट एस.वी. वान्तवा र सी.वी. सुब्बाद्वारा लिखित मार्क्सवाद पहिलो पुस्तक र स्टालिनको द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद शीर्षकको सानो पुस्तिका किनेर पढें । त्यतिबेला मैले पढेका मुख्य किताबहरूमा क. पुष्पलालद्वारा अनुदित कम्युनिष्ट घोषणापत्र र नेपाल कम्युनिष्ट पार्टीको घोषणापत्र पनि थियो, जुन नेपाल-चीन मैत्री संघमा जाँदा मेरो कम्युनिष्ट साहित्यप्रति रूची देखेर एकजना किसान नेताले मलाई दिनुभएको थियो । उहाँले मलाई पुष्पलालजीको विचारदेखि लिएर उहाँ जनताको घरमा जाँदा कसरी बस्नुहुन्थ्यो, कसरी खानुहुन्थ्यो, घरपरिवारसँग कस्तो व्यवहार गर्नुहुन्थ्यो भन्ने कुरासमेत सुनाउनुभएको थियो । वास्तवमा काठमाडौंका किसानहरूबीच क. पुष्पलाल अत्यन्तै लोकप्रिय व्यक्ति हुनुहुन्थ्यो भन्ने कुरा उहाँबाट सुनेपछि मलाई क. पुष्पलालसँग एकपटक भेट्न पाए हुन्थ्यो भन्ने लागेको थियो । तर उहाँ निर्वासनमा भएको हुँदा उहाँसँग भेट्ने मेरो इच्छा पूरा भएन । त्यसपछि विभिन्न स्रोतबाट प्राप्त गर्दै अन्य पुस्तकहरू पनि हेर्न थालें जसमा गोथा कार्यक्रमको आलोचना, राज्य र क्रान्ति, साम्राज्यवाद, पूँजीवादको चरम सीमा, गाउँका गरीबहरूलाई, के गर्ने ?, कम्युनिष्ट नैतिकता तथा माओका रेडबुकहरू मुख्य हुन् । नेपालीमा निस्केको माओका "उद्धृत उक्तिहरू" विशेष रूचीका साथ मैले दोहोऱ्याई तेहऱ्याई पढेको थिएँ ।

त्यतिबेला मुलुकमा पञ्चायती व्यवस्थाको नाममा हुकुमी शासन चलिरहेको थियो । भर्खर-भर्खर कम्युनिष्ट साहित्य पढ्न थालेको हुँदा ममा उत्साह भए पनि परिपक्वता पटक्कै थिएन । कसैले कम्युनिष्ट विचारको विरूद्ध कुरा गऱ्यो भने म तुरून्तै प्रतिकार गरिहाल्थें । २६ डिसेम्बरको दिन माओत्सेतुङको जन्मोत्सवको उपलक्ष्यमा भएको कार्यक्रमपछि त्यहाँ दिएको लकेट भिरेर म घर आउँदै थिएँ । बाङ्गेमुढामा पुगेपछि मेरो दाजु पर्ने फुपाज्यूको जेठो छोरा कविन्द्रदास श्रेष्ठसँग मेरो भेट भयो । उनले यो के लगाएको भनेर लकेटतर्फ इङ्गित गर्दै सोधे- मैले माओत्सेतुङको लकेट भनेर भनें । उहाँले "यस्तो लकेट लगायो भने तिमीलाई राजाको सिपाहीले थुन्छ" भन्दै लकेट झिकेर फालिदिए । तर मैले तुरून्तै टिपेर फेरि लगाएँ र माओत्सेतुङप्रति आफ्नो आस्था प्रकट गरें । त्यो रात मैले सपनामा रातारातो लुगा लगाएका व्यक्तिहरूसँगै कम्युनिष्ट आन्दोलनमा लागेको र लालसेना भई अनकन्टार ठाउँमा हिंडिरहेको सपना देखेको थिएँ । २०३३ साल चैतमा झापा विद्रोहीहरूद्वारा नख्खु जेल ब्रेक गरेको घटना, सोही दिन बिहानैदेखि काठमाडौंमा सनसनीपूर्ण ढंगले फैलिरहेको थियो । त्यो दिन पत्रिका पढेपछि झापा विद्रोहको नेतृत्व गर्ने व्यक्तिहरूमा मोहनचन्द्र अधिकारी, सी.पी. मैनालीहरू भएको कुरा मैले थाहा पाएँ र । सी.पी. लगायत प्रदीप नेपाल, गोपाल शाक्यहरू जेल ब्रेक गरेर बाहिर आएको समाचार मैले दोहोऱ्याई तेहऱ्याई पढें र उत्साहित भएर "हेर्नुस् त हेर्नुस् त ..." भनेर क्षेत्रपाटीका रवि महर्जन तथा रमेश श्रेष्ठलाई देखाएँ । मेरो अनुहारमा देखिएको खुशीलाई हेरेर उनीहरूले "तिमी पनि झापाली कम्युनिष्ट हो कि क्या हो ?" भनेर भने । वास्तवमा तिनीहरूसँग मेरो केही सम्बन्ध नभए पनि म कम्युनिष्टप्रति झुकाव राख्ने व्यक्ति भएको हुँदा नख्खु जेलब्रेकको घटना काठमाडौंमा सनसनीपूर्ण ढंगले फैलिंदा रोमाञ्चित हुन पुगेको थिएँ ।

२०३३ सालमा म आइकम पढ्न पब्लिक युथ क्याम्पसमा भर्ना भएँ । त्यहाँ वामपन्थी विचारका साथीहरूसँग मेरो मित्रता बढ्न थाल्यो । त्यही बर्ष मेरो हजुरआमा (आमाको आमा)ले चिनेको एकजना विदेशीले मलाई युनाइटेड मिशन टु नेपालको थापाथली कार्यालयमा जागिर लगाइदिनुभयो । त्यसले शान्त भवन (वर्तमान पाटन हस्पिटल)लगायत देशका विभिन्न भागमा स्वास्थ्य केन्द्रहरू संचालन गर्दथ्यो । म लाइब्रेरियनको रूपमा त्यहाँ कार्यरत भएँ । संजोगले त्यहाँ बराबर आइरहने आफूलाई दार्जिलिङका भनेर चिनाउने पी. तामाङ (पदम तामाङ) सँग मेरो परिचय भयो । लाइब्रेरीमा अलिकति फुर्सद पाउने बित्तिकै म त्यहाँ पुस्तकहरू पढ्ने गर्दथें । एकदिन होचिमिन्हको कम्युनिष्ट नैतिकता भन्ने पुस्तक पढिरहेको बेला उहाँ त्यहाँ आइपुग्नुभयो । मैले पुस्तक लुकाएँ । तर उहाँले पुस्तकको नाम पहिल्यै देखिसक्नुभएको रहेछ । उहाँले मलाई आफू पनि कम्युनिष्ट विचारको भएको भन्दै एकजना व्यक्तिसँग भेटाइदिने कुरा गर्नुभयो र भन्नुभयो-"उहाँसँगको भेटले तपाईंले वैचारिकरूपमा छलाङ मार्नुहुनेछ र नयाँ जीवन पाउनुहुनेछ ।" उहाँको प्रस्तावलाई केही समयपछि मैले स्वीकारें । भेट्नुभन्दा अगाडि उहाँले मलाई त्यस व्यक्तिका बारे धेरै कुरा नसोध्न भन्नुभयो । मैले ठीकै छ भनें ।

भोलिपल्ट उहाँले समय दिएअनुरूप साँझ ५ बजे म पाटन कुम्भेश्वरमा पुगें । उहाँले मलाई गाःबहालतिर लानुभयो र गल्लीभित्रको एउटा घरमा छिराउनुभयो । त्यहाँ आवत-जावत गर्ने मान्छेहरूबाट मैले त्यो घर राजोपाध्यायहरूको भन्ने कुरा पत्ता लगाएँ । मलाई छिंडीको एउटा कोठामा लग्यो र मेरो परिचयका साथ क. रामबहादुर तामाङसँग भेट गरायो । क. रामबहादुर अत्यन्त सोझा र भलाद्मी देखिनेमात्र होइन अत्यन्त माया गर्ने खालको व्यक्तित्व हुनुहुँदोरहेछ । उहाँले मसँग शुरूमा केही व्यक्तिगत कुराहरू सोध्नुभयो र त्यसपछि नयाँ जनवादी क्रान्तिको बारे कुरा गर्नुभयो । राजतन्त्रको सन्दर्भमा मैले त्यति अध्ययन गरेको थिइनँ । उहाँले राजतन्त्रको वर्गचरित्रबारे बताउँदै त्यो नै राष्ट्र र जनताको मुख्य शत्रु भएको र पञ्चायती व्यवस्था भनेको राजाको वर्गस्वार्थको लागि लागू गरिएको अधिनायकवादी व्यवस्था भएको कुरा बताउनुभयो । नेपाली क्रान्तिको बाटो जनआन्दोलनलाई सशस्त्र आम विद्रोहको दिशामा अगाडि बढाउनु हो भन्ने उहाँको विचारले मेरो राजनीतिक जीवनमा ठूलो प्रभाव छोडेको छ । उहाँ वैचारिक सैद्धान्तिकरूपमा अत्यन्त तीक्ष्ण भएको मैले महसुस गरें । मैले आफ्नो १७ बर्षे जीवनमा उहाँ जति प्रष्ट सैद्धान्तिक कुरा राख्ने मान्छे कोही भेटेको थिइनँ । उहाँले मलाई छुट्ने बेलामा नयाँ जनवादी क्रान्तिमा लाग्नुपर्ने बताउँदै एउटा "मशाल" पत्रिका दिनुभयो र पार्टीलाई आर्थिक सहयोग माग्नुभयो । त्यतिबेला मेरो मासिक तलव ५००।- रूपैयाँ थियो, त्यसमध्ये मैले प्रतिमहिना ५०।- रूपैयाँ दिने बाचा गर्दै फर्कें । उहाँसँगको भेट नै मेरो जीवनको राजनीतिक छलाङ हो । धेरैपछि मैले थाहा पाएँ त्यस्तो कम्युनिष्ट योद्धासँग मेरो भेटघाट भएको रहेछ जो नेपालको कम्युनिष्ट आन्दोलनको एकजना सिद्धान्तकार तथा तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (चौथो महाधिवेशन) समूहको महासचिव हुनुहुँदोरहेछ । त्यही रामबहादुर तामाङ जसलाई मैले पछि क. निर्मल लामाको रूपमा पाएँ । उहाँजस्तो

व्यक्तित्वलाई मैले आफ्नो प्रथम गुरू बनाउन पाउनु मेरो ठूलो सौभाग्यको कुरा थियो । त्यसयता २०३४ सालदेखि २०३६ सालसम्म मैले नेकपा (चौम) को बौद्धिक क्षेत्रमा रहेर काम गरें ।

२०३५ साउनमा नेकपाको संस्थापक नेता क. पुष्पलालको निधन भयो । उहाँको निधन भएपश्चात् क. निर्मल लामाद्वारा पार्टीको महासचिवको हैसियतले श्रद्धाञ्जली अर्पण गरी वक्तव्य दिनुभयो । त्यस वक्तव्यलाई लिई पार्टीभित्रको एउटा गुट, जसको नेतृत्व मोहनविक्रम सिंहले गरेका थिए, ले पार्टीले गद्दार भनेको पुष्पलाललाई श्रद्धाञ्जली दिएको भन्दै महासचिवको राजीनामा मागियो । त्यसले पार्टीभित्र अन्तर्द्वन्द्व बढायो । क. मोहनविक्रममा चिनियाँ सांस्कृतिक क्रान्तिको अत्याधिक प्रभाव थियो, जसको नक्कल गर्दा नेपाली क्रान्तिका प्रथम सिद्धान्तकार तथा संस्थापक महासचिव पुष्पलाललाई क्रान्तिको कार्यनीतिक मतभिन्नताका कारण अन्यायपूर्वक गद्दार घोषणा गरियो । यो प्रकरण चर्कँदै जाँदा क. निर्मल लामामाथि अन्य आरोपहरूसमेत थपेर चार्जसिट तयार भयो र उहाँ महासचिवबाट हट्नुभयो । त्यसपश्चातक् दिनमा मेरो चौमसँग सम्पर्क टुट्न गयो । यो कुरा बाहिर आएपछि कम्युनिष्ट आन्दोलनमा रहेको एम.बी. प्रवृत्तिप्रति मलाई घृणा लाग्न थाल्यो । म विस्तारै तिनीहरूसँग टाढिँदै गएँ ।

मेरो राजनीतिक जीवनमा प्रभाव पार्ने अर्को महत्वपूर्ण व्यक्तित्व प्रोफेसर माणिकलाल श्रेष्ठ हुनुहुन्थ्यो । उहाँको घर र मेरो फुपाज्यू (मथुरादास श्रेष्ठ)को घर थँहिटीमा जोडिएको छ । त्यसैले फुपाज्यूकोमा जाँदा उहाँसँग बराबर भेट हुन्थ्यो । त्यस्तै नेपाल-कोरिया मैत्री संघमा पनि उहाँसँग भेट हुन्थ्यो । मैले उहाँबाट विश्व कम्युनिष्ट आन्दोलन र नेपालको कम्युनिष्ट आन्दोलनबारे धेरै कुराहरू सिकेको छु । जनजाति मामलामा पनि उहाँको दखल अत्यन्त राम्रो छ । काठमाडौंका बुद्धिजीवीहरूबीच उहाँ नेपालको इन्साइक्लोपेडियाका रूपमा चर्चित हुनुहुन्छ । वैचारिक र सैद्धान्तिक सवालमा मलाई केही अस्पष्टता भयो भने म तुरून्तै उहाँकोमा गएर प्रष्ट हुन्थें । उहाँसँगको चिनजान र भेटघाटले मेरो राजनीतिक उद्भव र विकासमा ठूलो प्रभाव परेको छ ।

नेकपा (चौम) सँग टाढिएपछि मैले आफ्नो रूचीअनुरूप नेपाल भाषाका गीत र कविताहरू लेख्ने काम र भाषा आन्दोलनको कार्यक्रममा बढी समय दिन थालें । वास्तवमा म कम्युनिष्ट बन्नुभन्दा अगाडि भाषिक आन्दोलनका कार्यकर्ता थिएँ । द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद जस्तो वैज्ञानिक दर्शनको अध्ययन गर्न थालेको हुँदा भाषिक आन्दोलनमा पनि मेरा विचारहरू अलि चोटिला हुन थाले । भाषिक आन्दोलनका नेता जनकवि दुर्गालाल श्रेष्ठको लेख रचनाहरूबाट म धेरै प्रभावित थिएँ । उहाँले पनि मलाई भाषिक आन्दोलनमा लाग्न धेरै प्रेरणा दिनुभयो । पछि पद्मरत्नजीहरूसँग पनि नेपाल भाषा पत्रिकाको लागि एउटा लेख दिन जाँदा बालकुमारीस्थित उहाँको प्रेसमा मेरो परिचय भयो । त्यसपछि त्यहाँ पनि मेरो आवत-जावत हुन थाल्यो । त्यहाँ तत्कालीन नेकपा (माले) पक्षधर व्यक्तिहरू पनि बराबर आउनुहुँदोरहेछ । क. विष्णु चित्रकार, टंक कार्की आदि व्यक्तिहरूसँग मेरो त्यहीं परिचय भएको थियो । उहाँहरू त्यतिबेलाका नेकपा (माले) का सक्रिय कार्यकर्ताहरू हुनुहुन्थ्यो ।

२०३७ सालमा क्याम्पसमा स्ववियु निर्वाचनको हावा चलिरहेको थियो । म पब्लिक युथ क्याम्पसमा डिप्लोमा पढ्दै थिएँ । त्यहाँ मेरो सिजनराज तुलाधरसँग मित्रता बढ्यो । स्ववियु निर्वाचन सँगसँगै उहाँ बस्ने नरदेवीको तमोगल्लीस्थित घरमा मिटिङ हुन थाल्यो । त्यहाँ माले पक्षधर व्यक्तिहरूको मिटिङ हुँदोरहेछ । त्यतिबेला मेरो कुरा गर्ने तौरतरिका हेरेर उहाँहरूले मलाई चौम निकटको हो कि भनेर शंका गर्नुभएको रहेछ । त्यसकारण खासखास बैठकहरूमा मलाई बोलाइँदैनथ्यो । एकपटक उहाँहरूको गोप्य बैठकमा म पुग्दा मैले थाहा पाउला भनेर कुरा नै अन्त मोडेको घटना मलाई अहिले पनि सम्झना छ । एकदिन उहाँको घरमा जाँदा मलाई उहाँले आफ्नो दाजु मिलनराज तुलाधरसँग भेटघाट गराइदिनुभयो । उहाँले मसँग अप्रत्यक्षरूपमा मेरो राजनीतिक झुकावबारे बुझ्ने प्रयत्न गर्नुभयो । मैले आफू कुनै पार्टीमा संलग्न नभएको कुरा बताएँ । त्यही सिलसिलामा उहाँले मलाई झापा आन्दोलन र नेकपा (माले) बारे थोरै कुराहरू बताउनुभयो । पछि क. विष्णु चित्रकारसँग एकदिन भोटाहिटीको नातिबज्र बज्राचार्यको पसलमा भेट भयो र म उहाँसँगै उहाँको घरमा गएँ । त्यहाँ एकजना मोटो, अग्लो, गोरो हेर्दा विदेशी जस्तो देखिने व्यक्तिसँग मेरो भेट भयो । उहाँ त्यहाँ किताब पढ्दै हुनुहुन्थ्यो । एकछिन उहाँसँग कुरा गरें । पछि थाहा भयो उहाँ नेकपा (माले)का केन्द्रीय सदस्य झलनाथ खनाल हुनुहुँदोरहेछ । यी विभिन्न भेटघाटले मलाई क्रमशः नेकपा (माले)को विचारप्रति आकर्षिक गर्दै थियो ।

त्यसैबीच २०३७ साल कार्तिकमा मैले यू.एम.एन.को जागिर छोडेर नेपाल बैंक लिमिटेडको पोखरा शाखामा काम गर्न थालें । त्यहाँ काम गरिरहँदा मैले बीचबीचमा प्रगतिशील गीत गुनगुनाउँथें । त्यो कुरा पछि त्यहीं काम गर्न आउनुभएका साथी प्रमेश हमालले सुन्नुभएछ । त्यतिबेला क. प्रमोद शर्मा पनि म रहेकै विभागमा काम गर्नुहुन्थ्यो । त्यो दिन क. प्रमेश हमालले मसँग सँगै चिया खान जाने प्रस्ताव राख्नुभयो । चिया खाँदै हामीले राजनीतिक गफ गर्न थाल्यौं । मैले गुनगुनाएका गीत तत्कालीन चौम पक्षधर व्यक्तिहरूले गाउने गर्दथे । त्यसैले होला उहाँले मसँग निर्मल लामा र मोहनविक्रमहरूको सन्दर्भ निकाली कुरा थाल्नुभयो । मैले मलाई केही थाहा छैन भनें । कुराहरू सुनें मात्रै । अनि उहाँले "तपाईंले अघि काम गर्दै गाउनुभएको गीत राम्रो छ" भन्नुभयो । त्यसपछि उहाँ पनि कम्युनिष्ट विचारकै हुनुहुँदोरहेछ भन्ने थाहा पाएँ । कुरा गर्दै जाँदा उहाँले "प्रमोद हमाल चिन्नुहुन्छ ?" भनेर सोध्नुभयो । मैले क्षेत्रपाटीमा चिल्ड्रेन कल्चर सोसाइटीमा जाँदा सामान्य परिचय भएको बताएँ । उहाँले प्रमोद मेरो भाइ हो भन्नुभयो । त्यसपछि एकाएक हाम्रो मित्रता प्रगाढ बन्यो । अफिस छुटेपछि हामीसँगै निस्केर उहाँको कोठामा गयौं । त्यहाँ मैले आफैंले लेखेको 'हाम्रो आवाज मुक्तिको आवाज' र "चेलीलाई हामी आदर गर्छौं" शीर्षकको गीत सुनाएँ । उहाँले पनि गीतहरू सुनाउनुभयो । यसरी मेरो सरसंगत सबै माले निकटकाहरूसँग नै हुन थाल्यो । २०३८ सालको असोजतिर म सरूवा भएर काठमाडौं आएँ । काठमाडौं आएको थाहा पाएपछि मलाई सघनरूपले माले निकटका साथीहरूले भेटघाट गर्न थाले । क. विष्णु चित्रकार र क. मिलनराज तुलाधरसँग म आफैं भेटघाट गर्न थालें । अब म मानसिक रूपमा मात्र होइन भौतिक रूपमा पनि नेकपा (माले)मा काम गर्न तयार भएँ । फलस्वरूप २०३८ सालको अन्त्यतिर म नेकपा (माले) को पार्टी एक्टिभ ग्रुपमा संगठित भएँ । त्यसदिन मैले नेपाली क्रान्तिलाई आफ्नो शीरमा र आफ्नो प्रिय पार्टी नेकपा (माले)लाई हृदयमा राखेर राष्ट्र र जनताको सेवामा समर्पित हुने प्रण गरें । त्यही सिलसिलामा २०३९ सालमा पार्टी सदस्यता प्राप्त गरी आजसम्म निरन्तररूपमा पार्टी काममा सक्रिय हुँदै आएको छु । बाँच्दा पनि जनताको बीचमा मर्दा पनि जनताको बीचमा भन्ने आदर्शलाई पालन गर्दै आजको तन्नेरी अवस्थामा मात्र होइन, कुप्रो भएर लौरो टेकी हिंड्ने अवस्थामा पनि म जनता, राष्ट्र र नेपाली क्रान्तिको महान् कार्यमा आफूलाई समर्पित गर्ने प्रण गर्दछु ।

◆

## एन्टोनियो ग्राम्ची

# फासीवादविरोधी अथक योद्धा

**' अग्निशिखा**

**फा**सीवादका संस्थापक तानाशाह मुसोलिनीले कम्युनिस्ट नेता ग्राम्चीलाई जेलमा कोचेका थिए । र, जेलबाट आफ्नी आमालाई लेखेको चिट्ठीमा ग्राम्चीले भनेका थिए- 'यस प्रकारको यातना र जेलजीवनको अपेक्षा मैले गरेकै थिएँ । कुनै पनि दण्ड वा प्रलोभनको दबाबमा आफ्नो विचार दबाउने वा फेर्ने कुरालाई मैले अस्वीकार गरेको छु । म आफ्नो विचारको अभिव्यक्ति स्वतन्त्रताका लागि मर्नसमेत तयार छु ।' ग्राम्चीलाई कहाँ तर्साउन सक्थे कुनै मुसो-मुसोलिनी !

सार्डिनियामा सन् १८९१ मा जन्मेका थिए एन्टोनियो ग्राम्ची, जो निनोको नाममा प्रसिद्ध भए । इटालियन कम्युनिस्ट आन्दोलनका अथक योद्धा ग्राम्चीले त्यसै चिट्ठीमा आफ्नी आमालाई यो पनि लेखेका थिए-'आमा, तपाईं बुझ्नुस् कि मेरो नियति अब कैद र यातनामात्र हो, जसलाई पार गर्न म बाध्य छु । अवश्य पनि, जेलयातना एउटा भयावह स्थिति हो । तर, मेरा लागि नैतिक कमजोरी र कायरता त्योभन्दा पनि खराब कुरा हो । फासीवादद्वारा बन्दी बनाइएका असंख्य कैदीमध्ये म पनि एक हुँ, जो मुसोलिनीसँग क्षमा मागेको खण्डमा छुट्न सक्छन् ।'

यसका लागि कैयन पटक आफूलाई सत्ताले प्रलोभन दिएको चर्चा गर्दै चिट्ठीमा उनले लेखेका थिए- 'तर आमा म यस्तो गर्न (क्षमा माग्न) अस्वीकार गर्छु । ... आमा, जीवन एकदमै संघर्षपूर्ण छ र कहिलेकाहीँ छोराहरू आफ्नो स्वतन्त्रता तथा सम्मानको रक्षाका लागि आमाहरूलाई कष्टको स्थितिमा पार्ने गर्छन् ।' ग्राम्चीको बाल्यकालमा, प्रशासनिक दुरूपयोगको अभियोगमा पिताको जागिर निलम्बनमा पर्दा र जेलमा थुनिँदा आमा मार्चियासले नै सात सन्तानको भार बोक्नुपरेको थियो ।

ग्राम्ची चौथो सन्तान थिए । जसका कारण प्राथमिक कक्षा पार गर्नासाथ उनले बाह्र वर्षको उमेरमै जागिर खानुपर्‍यो । दुई वर्षसम्म कर कार्यालयको कारिन्दा भएर काम गरे । पन्ध्र बर्ष लाग्दानलाग्दै ग्राम्ची समाजवादी प्रकाशनको अध्ययन गर्न थाले । उनका दाजु गेन्नारो समाजवादी पार्टीको शाखा सचिव थिए । ग्राम्चीको सरसंगत समाजवादीहरूसँग हुन थाल्यो । उनी पनि बहसमा जुट्न थाले । बुककिपरको रूपमा काम गर्दा मार्क्सका ग्रन्थहरू पनि उनले पढ्न थाले । यससँगै, स्कुल खर्च जुटाउन टचुसन पनि पढाउन थाले ।

सार्डिनियामा पहिलो पटक सर्वपक्षीय निर्वाचन भयो । निर्वाचन अभियानका दौरान जुन रूपमा राजनीतिमा किसानहरूको सहभागिता रह्यो, त्यसले ग्राम्चीलाई प्रभावित गर्‍यो । दुई बर्षअघि नै ग्राम्ची एक अखबारको संवाददाता भइसकेका थिए । उनी तुरिनको समाजवादी पार्टीको सदस्य भए । उनले विश्वविद्यालयको परीक्षा पनि उत्तीर्ण गरे । राष्ट्रिय राजनीतिका साथै मुलुकको जल्दोबल्दो विषयमा उनले कलम चलाउन थाले। उनी तुरिनबाट प्रकाशित हुने 'अवान्ती' नामक अखबारको सम्पादक मण्डलका सदस्य भएर अधिकांश समय पत्रकारितामा समर्पित भए ।

समाजवादी पार्टीमा क्रान्तिकारी धारको प्रतिनिधित्व गर्थे ग्राम्ची । तथाकथित राष्ट्रवादी र युद्धपिपाशुहरूविरूद्ध तीखो कलम चलाउँथे उनी । श्रमिकहरूको अध्ययन समूहमा विश्वका क्रान्ति र क्रान्तिकारी लेखकहरूका विषयमा व्याख्यान पनि दिन्थे उनी । लेनिन र रूसमा जारी क्रान्तिको समर्थनमा लेख लेख्थे उनी । तुरिनमा रूसी प्रतिनिधिमण्डलको भ्रमणको व्यवस्था उनैले मिलाएका थिए । त्यही भ्रमणको दौरान रूसी क्रान्तिको समर्थनमा विशाल मजदुर प्रदर्शन भएको थियो । सरकारी दमनको क्रममा ५० भन्दा बढी व्यक्ति मारिएका थिए भने तुरिनका प्रायः सबैजसो मजदुर नेता गिरफ्तार भएका थिए ।

ग्राम्ची अर्को अखबारका सम्पादक भए र समाजवादी पार्टीको तुरिन शाखाको सचिव पनि भए । पार्टीभित्र 'सम्झौताहीन क्रान्तिकारी फ्याक्सन' थियो । उनी गोप्यरूपमा त्यसको बैठकमा जुट्थे । ग्राम्चीले समाजवादी आन्दोलनमा वैचारिक तथा सांस्कृतिक पुनः ताजगीका लागि अभियान नै छेडे । समाजवादी संस्कृतिसम्बन्धी पत्रिका प्रकाशित गरे । ग्राम्ची संलग्न रहेको अर्को पत्रिकाको नारा थियो-'आफूलाई शिक्षित तुल्याउनुस्, तपाईंको सम्पूर्ण विद्वताको हामीलाई आवश्यकता छ । आफूलाई उद्वेलित पार्नुस्, तपाईंको सम्पूर्ण उत्साहको हामीलाई आवश्यकता छ । आफूलाई संगठित गर्नुस्, तपाईंको सम्पूर्ण शक्तिको हामीलाई आवश्यकता छ ।'

जब रूस र हंगेरीमा स्थापित गणतन्त्रप्रति ऐक्यबद्धता जाहेर गर्दै राजनीतिक हडताल भयो, ग्राम्ची पक्राउ परे र केही दिन थुनिए । बोलोग्नामा सम्पन्न समाजवादी पार्टीको अधिवेशनले कम्युनिस्ट इन्टरनेसनलमा पार्टी आबद्ध हुनुपर्ने निर्णय गर्‍यो । स्मरणीय छ, समाजवादी पार्टीभित्रै कम्युनिस्ट फ्याक्सन थियो, जसलाई 'इमोला फ्याक्सन' भनिन्थ्यो । यसबीच, ग्राम्चीले मजदुर आन्दोलका सन्दर्भमा कैयन लेख लेखे, कम्युनिस्ट इन्टरनेसनलको कार्यकारी कमिटीमा रिपोर्ट पनि पठाए । तुरिनका कम्युनिस्टहरूको मुखपत्रको रूपमा 'एल अर्डिने नुओओ' नामक दैनिक अखबार पनि निस्कियो र ग्राम्ची त्यसको सम्पादनको हर्ताकर्ता भए ।

२१ जनवरी १९२१ मा समाजवादी पार्टीको कम्युनिस्ट फ्याक्सनका प्रतिनिधिहरूको अलग्गै भेला भयो र इटालियन कम्युनिस्ट पार्टीको गठन भयो । ग्राम्ची त्यसको केन्द्रीय सदस्य भए । सैद्धान्तिक र वैचारिक प्रश्नमा उनको कलम चलिरह्यो । फासिष्ट आन्दोलनको वर्गचरित्रको विश्लेषण गर्दै उनले कैंयन लेख लेखे । तीस बर्षको उमेर नाघ्नानानाघ्दै प्रखर मार्क्सवादी

विचारक र संगठकको रूपमा ग्राम्चीको व्यक्तित्व विकास भयो । कम्युनिस्ट इन्टरनेसनलको कार्यकारी कमिटीमा इटालियन कम्युनिस्ट पार्टीको प्रतिनिधित्व उनैले गरे । उनी कोमिन्टर्नको कार्यकारी कमिटीको सदस्य भए ।

प्रधानमन्त्रीको पदमा मुसोलिनीको नियुक्तिसँगै फासिष्टहरू इटलीको सत्तामा पुगे । फासिष्टहरूद्वारा सञ्चालित दमन अभियानले गर्दा खुलारूपमा पार्टी गतिविधि गर्न मुश्किल भयो । जसका कारण समाजवादी र कम्युनिस्ट पार्टीको एकीकरण सम्बन्धी गृहकार्य तुहियो । सरकारी सुरक्षा बलसँगको साँठगाँठमा फासिष्टहरूले कम्युनिस्ट तथा सोसलिस्टहरूमाथि घातक हमला गर्न थाले । विध्वंसात्मक गतिविधिको अभियोग लगाइन थालियो । अखबारहरू बन्द गराइन थालियो र जुन बेला कम्युनिस्ट पार्टीका नेताहरू राज्यविरूद्ध षड्यन्त्रको आरोपमा गिरफ्तारीमा परे, त्यसबेला ग्राम्ची मस्कोमा थिए । इटलीमा उनको गिरफ्तारीको आदेश जारी गरियो ।

पार्टीले ग्राम्चीलाई भियनामा खटायो । त्यहाँ उनले युरोपका अन्य कम्युनिस्ट पार्टीसँग सम्पर्क कायम राख्नु थियो । मुलुकमा आफू नभएकै अवस्थामा समेत उनी संसदमा निर्वाचित भए । उनी इटालीमा फर्के र गोप्यरूपमा आयोजित पार्टीको राष्ट्रिय अधिवेशनमा सहभागी भए । पार्टीको लाइनमा अल्पमतमा परे पनि उनी कार्यकारी कमिटीको सदस्यमा चुनिए । स्मरणीय छ, पछि गएर ट्राटस्कीले समेत त्यतिबेलाको इटालीको राजनीतिक स्थितिको संस्मरण गर्दै भनेका थिए कि- फाशिष्ट तानाशाही भित्रिने संभावना रहेको विचार त्यसबेला इटालियन कम्युनिस्ट पार्टीमा ग्राम्चीबाहेक अरू कुनै नेताको थिएन ।

मुसोलिनीको विरोधमा र फासीवादी हिंसाको विरोधमा संसदमा बोल्ने रिफर्मिस्ट सोसलिस्ट पार्टीका गियाचोमो माटेओटीको जब फासिष्टहरूले हत्या गरे, ग्राम्चीसमेत सहभागी विपक्षी दलका सांसदहरूको बैठकले यसको विरोधमा एउटा कमिटी नै गठन गरे । जसलाई 'कमिटी अफ सिक्सटिन' भनियो । र, संसद बहिष्कार गर्ने निर्णय गरियो । स्मरणीय छ, पाँच महिनापछि संसदमा कम्युनिस्ट सांसद लुइगी रेपोस्सीले फासिष्टविरोधी घोषणापत्र पढेका थिए ।

जुनबेला मस्कोमा नै रहेकी उनकी पत्नी जुलियाले छोरो जन्माइन्, पार्टीको महासचिव बनेका ग्राम्ची भने 'सेल' को आधारमा पार्टीको सांगठनिक संरचना फेर्ने काममा जुटेका थिए । उनले संसदमा एक पटकमात्र बोलेका थिए र गोप्य संगठनहरूमाथि प्रतिबन्ध लगाउने प्रस्तावित विधेयकविरूद्ध बोलेका थिए । ग्राम्ची पार्टीको पाठचसामग्री निर्माणको काममा समेत जुट्थे । फ्रान्समा सम्पन्न पार्टीको तेस्रो राष्ट्रिय अधिवेशनमा ग्राम्चीद्वारा प्रस्तुत राजनीतिक दस्तावेज ९०.८ प्रतिशत मतद्वारा पारित भएको थियो ।

जब ३१ अक्टोबर, १९२६ मा मुसोलिनीको हत्या गर्ने प्रयास भयो, तब फासीवादी दमन तथा हिंसा अझ चर्कियो । ग्राम्चीलगायत अन्य कम्युनिस्ट सांसदहरूलाई गिरफ्तार गरियो, जबकि, संसद सदस्यको हैसियतले उन्मुक्ति पाउनुपर्ने थियो । ग्राम्चीलाई रोमको रेगिना सोली कारागारमा थुनियो । भोलिपल्ट संसदमा रहेको फासिष्ट सांसदहरूको बहुमतले कम्युनिस्ट तथा विगतमा संसदको बहिष्कार गरेका सांदसरूको सिट गुमेको घोषणा गऱ्यो । ग्राम्चीलाई पाँच बर्षको कैद सजाय दिइयो । उनलाई विभिन्न जेल सार गर्दै उस्तिचा टापुमा पुऱ्याइयो र त्यहाँबाट मिलान हुँदै फेरि रोमको जेलमा ल्याइयो ।

मिलानको सैनिक अदालतले समेत ग्राम्चीलाई गिरफ्तारीको वारेन्ट जारी गरेको थियो । रोमको विशेष ट्राइब्युनलमा ग्राम्चीलगायत पार्टीका अन्य २१ जना नेताविरूद्ध मुद्दा चलाइयो । ग्राम्चीलाई २० वर्ष, ४ महिना, ५ दिनको जेल सजाय सुनाइयो । यसर्थ कि, जस्तो कि सरकारी वकिलले भनेका थिए-'ग्राम्ची भन्ने यो मान्छेको दिमागलाई बीस बर्षसम्म काम गर्नबाट हामीले रोक्नैपर्छ ।' यसैबाट स्पष्ट हुन्छ कि, ग्राम्चीको व्यक्तित्वबाट कत्तिको भयभीत रहेछन् फासीवादका चाकरहरू ! कैदी नं. ७०४७ को रूपमा उनलाई तुरीको जेलमा पुऱ्याइयो र एक्लै राखियो । जबकि, उनका भाइ मारिओ भने फासीवादका समर्थक थिए ।

ग्राम्चीको जेल सजाय १ बर्ष ४ महिना ५ दिन घटाइयो । उनी निद्रा नलाग्ने रोगबाट पीडित भए । फासिष्ट शासनको दश बर्षको अवसरमा उनको सजाय १२ बर्ष ४ महिनाको कैदमा झारियो । क्षमादानका लागि आवेदन दिएको खण्डमा ससर्त रिहा गर्ने प्रस्ताव फासिष्ट सरकारले राख्दा उनले त्यसलाई अस्वीकार गरे । त्यसै बेला उनको आमाको निधन भयो । उनका परिवारले लामो समयसम्म उनलाई यसको जानकारी दिएनन् । ग्राम्चीको रिहाइको अभियान छेड्न पेरिसमा समेत कमिटी गठन भएको थियो । जसमा विश्वविख्यात साहित्यकार रोमा रोलाँसमेत रहेका थिए ।

ग्राम्चीलाई उपचारका लागि तुरी जेल छाड्ने अनुमति दिइयो । तर, उनी कैदी नै थिए । इटालीबाहिर भने ग्राम्चीको रिहाइ अभियान तीव्र बन्दै थियो । यस सम्बन्धमा रोमा रोलाँले पर्चा नै निकालेका थिए । २५ अक्टोबर, १९३४ मा उनलाई ससर्त रिहा गरियो । विभिन्न क्लिनिकमा उपचार गराउँदासमेत प्रहरीले भने उनको निगरानी गरिरहेकै थियो । २१ अप्रिल १९३७ मा ग्राम्चीको सजाय सकियो । त्यसको एक हप्ता नबित्दै अर्थात् २७ अप्रिलमा रोमको एउटा क्लिनिकमा ग्राम्चीको निधन भयो ।

ग्राम्चीको शारीरिक अवस्था सानैदेखि अत्यन्त कमजोर थियो । जेलबाट आफ्नो भाइ कार्लोलाई पठाएको चिट्ठीमा उनले लेखेका थिए- 'आठ महिना जति मैले दिनको एक छाकमात्र खाएँ । यसै रूपमा गम्भीर कुपोषणको अवस्थामा हाइस्कुलको तेस्रो बर्षमा पुगें । मैले कसरी परीक्षा दिएँ, म कल्पनासम्म गर्न सक्दिनँ । यसर्थ कि, म दुई वा तीन पटक मूर्छा परेको थिएँ । ... म यतिविघ्न निराश भएँ कि, केही महिना मैले बोल्नै छोडें । पछि, जब म बोल्थें शब्दहरू छ्यासमिस हुन्थे ।'

ती एक ग्राम्ची थिए र यी एक ग्राम्ची- जसले त्यही चिट्ठीमा लेखेका थिए- 'त्यस्तो अवस्थाले मलाई उल्टै आफ्नो चरित्र सुदृढ पार्न सहयोग पुऱ्यायो । निराश हुनु छैन भने तिमीले अरूबाट आश राख्नुहुन्न, आफैंमा र आफ्नै शक्तिमा भर पर्नुपर्छ । कोही मलाई सैतान भन्छन्, कोही सन्त । तर, ममा वीर वा शहीद देखिने वा बन्ने कुनै अभिप्राय छैन । म आफूलाई सामान्य मान्छे ठान्छु, जो आफ्नो दृढ विश्वासलाई संसारका कुनै पनि कुरासँग साट्न अस्वीकार गर्छ ।'

ऐतिहासिक रोमन सम्राटहरूकै हैसियतमा आफूलाई पुऱ्याउन चाहने फासिस्ट तानाशाह मुसोलिनी, दोस्रो विश्वयुद्ध समाप्त हुने अवधितिर मारिए । आफ्नी रखैल क्लारा पेटाची र केही अनुयायीकासाथ भाग्दा मुसोलिनी विरोधी प्रतिरोध आन्दोलनका

लडाकाहरूले फेला पारेर दुवैलाई गोली ठोकेर मारेका थिए । उनीहरूको लासलाई मिलान चोकमा ल्याम्प पोष्टमा झुण्ड्याइयो । फासिस्ट मुसोलिनीप्रति इटालियन जनताको आक्रोश यतिबिघ्न थियो कि, ल्याम्पपोष्टमा झुण्ड्याइएको यो जोडीको लासमा समेत भरमार ढुङ्गा हानिएको थियो । तथापि, ग्राम्चीको भने भौतिक शरीर नरहे पनि दोस्रो विश्वयुद्धपश्चात् धेरै वर्षपछि उनका जेलभित्रका रचनाहरू बाहिर आएका थिए र विश्वव्यापीरूपमा चाखकासाथ पढिएका थिए ।

जेलभित्र लेखिएका नोटबुक र पाँचसय जति चिठ्ठीहरू ग्राम्चीको बौद्धिकताको उत्कृष्ट प्रमाण हुन् । पचासको दशकमा जब यी सामग्रीको प्रकाशन कम्युनिष्ट पार्टीले गर्न थाल्यो पश्चिमी संसारलाई मात्र होइन, तेस्रो विश्वलाई समेत आकर्षित गऱ्यो । यस सम्बन्धमा, फ्रान्क रोजेनगार्टेन लेख्छन्- वाम क्षेत्रमा ग्राम्चीका केही शब्दावली घरेलु शब्द नै बन्न पुगे जस्तो कि, हेगेमनि (Hegemony) अर्थात् हैकम ।

ग्राम्ची, जसले पटक-पटक भनेका थिए: 'जबसम्म मुसोलिनीको फासिस्ट आन्दोलनको उदयविरूद्ध संयुक्त कारबाही अपनाईंदैन, इटालियन प्रजातन्त्र र इटालियन समाजवाद दुवैले विपत्तिपूर्ण पराजय भोग्नुपर्ने हुन्छ ।' र, उनको यो भविष्यवाणी सही सावित भएको थियो ।

◆

# धादिङको कम्युनिस्ट आन्दोलन

**' राजेन्द्रप्रसाद पाण्डे**

**सं विधानको घोषणा**

०४७ साल कार्तिक २३ गते नयाँ सविधान आयो । त्यसपछि पार्टी एकताका लागि हाम्रो पार्टीसँग नेमकिपा, नेकपा आमात्य र नेकपा मार्क्सवादीबीच वार्ता भयो तर हाम्रो पार्टी र नेकपा (मार्क्सवादी)बीच एकता भई ०४७ साल पुस २२ गते नेकपा (एमाले) को गठन भयो । पार्टी कामलाई गति प्रदान गर्नका लागि ०४८ असार २४ गते क. रामप्रसाद अधिकारी र क. देव प्र. त्रिपाठीलाई जिल्ला संगठन कमिटीमा सामेल गराइयो ।

पार्टीलाई सुदृढ बनाउने सिलसिलामा पार्टी विधानअनुरूप ०४८ माघ २ गते धादिङवेंसीमा विशाल जनसमुदायका माझ नेकपा (एमाले) धादिङको दोस्रो जिल्ला अधिवेशनको उद्‌घाटन क. मदन भण्डारीले गर्नुभएको थियो । यो अधिवेशनको बन्दसत्र माघ ३ गते मुरलीभञ्ज्याङ गाविसको ससाहामा सम्पन्न भएको थियो । सो अधिवेशनले क. राजेन्द्र पाण्डे सचिव र क. गंगालाल तुलाधर उपसचिव रहनुभएको १५ सदस्यीय जिल्ला कमिटी निर्वाचन गरेको थियो । कमिटीका अन्य सदस्यहरूमा मीनराज कँडेल, जगन्नाथ नेपाल, उत्तम कँडेल, चुडामणि कँडेल, गुरूप्रसाद बुर्लाकोटी, खेमप्रसाद लोहनी, कृष्णप्रसाद अर्याल, रामप्रसाद अधिकारी, देवप्रसाद त्रिपाठी, कृष्णबहादुर दाहाल र नेत्रराज पौडेल हुनुहुन्थ्यो । २ सिट पछि थप्नेगरी खाली राखिएको थियो ।

०४९ सालको माघ महिनाको १४-२० गतेसम्म पार्टीको पाँचौं राष्ट्रिय महाधिवेशन काठमाडौंमा सम्पन्न भयो । सो सम्मेलनसम्म आइपुग्दा धादिङ जिल्लामा ९७८ जनाले पार्टी सदस्य हुने मौका पाइसकेका थिए भने ३५ जना महिला सदस्यको संख्या थियो । सो महाधिवेशनमा क. राजेन्द्र पाण्डे, कृष्णबहादुर दाहाल, गंगालाल तुलाधर, जगन्नाथ नेपाल, गुरूप्रसाद बुर्लाकोटी, कृष्णप्रसाद अर्याल, खेमप्रसाद लोहनी, नेत्रराज पौडेल, उत्तम कँडेल, बच्चुराम उप्रेती र जानुका सिखडा गरी १० जना पुरूष र १ जना महिलाले प्रतिनिधिको रूपमा र क. चुडामणि कँडेल, रामबहादुर रावल, भूमि त्रिपाठी, खेम पाठक र केदारनाथ खतिवडाले पर्यवेक्षकको रूपमा भाग लिने अवसर पाउनुभएको थियो । पाँचौं महाधिवेशनपछि पार्टीको विधानअनुसार कमिटी पुनर्गठन हुने क्रममा ०४९ वैशाख २२ गते क. राजेन्द्र पाण्डे वागमती अञ्चल समन्वय कमिटीको सचिव र केन्द्रीय कमिटीको निर्णयअनुसार स्थानीय निकाय विभागको सदस्य हुने अवसर पाउनुभयो ।

**दासढुंगा हत्याकाण्ड र त्यसपछिको आन्दोलन**

पाँचौं महाधिवेशन भएको ५ महिना नबित्दै महासचिव क. मदन भण्डारी, संगठन विभाग प्रमुख क. जीवराज आश्रितको ०५० जेठ ३ गते चितवन जिल्लाको दासढुंगामा रहस्यमय मोटर दुर्घटनामा परी जीवन समाप्त भयो । यस घटनाले देशभरीकै कार्यकर्तालाई गहिरो चोट पुऱ्यायो भने दासढुंगाको नजिकै रहेको धादिङ जिल्लाका कार्यकर्तालाई चोट नलाग्ने कुरै भएन । क. मदन भण्डारीको शवलाई खोज्ने कमिटीमा समेत क. राजेन्द्र पाण्डे रहनुभयो भने जोगीमाराका कटकबहादुर मल्लले पानीमा पसी खोज्ने प्रयत्न पनि गर्नुभयो । घटना घटेको २ दिनपछि शव भेटियो । अन्त्येष्टीका लागि राजधानी लगियो । क. भण्डारी र क. आश्रितको संझनामा जिल्लाका विभिन्न स्थानहरूमा श्रद्धाञ्जली सभाहरू सम्पन्न भए । नेता क. हरूको संझनालाई

चिरस्थायी वनाउन धादिङवेंसीमा “मदन आश्रित स्मृति भवन” वनाउने निर्णय भयो । सो कार्यका लागि क. राजेन्द्र पाण्डेको अध्यक्षतामा १५१ सदस्यीय मूल समिति गठन भयो । यो मूल समितिको २१ सदस्यीय स्टेयरीङ कमिटी बनाई कमिटीको सचिवमा क. गंगालाल तुलाधर र कोषाध्यक्षमा क. देवप्रसाद त्रिपाठीलाई छनौट गर्ने काम भयो । कमिटीको सक्रियतामा २ लाख त्रिहत्तर हजार खर्च गरी धादिङवेंसीमा २.५ रोपनी जमिन किन्ने काम सम्पन्न भयो ।

०५० साल फागुन महिनामा पार्टीको राष्ट्रिय परिषदको बैठक पाल्पामा सम्पन्न भयो

। सो बैठकमा क. राजेन्द्र पाण्डेले धादिङको जिल्ला सचिव र स्थानीय निकाय विभागको सदस्यको हैसियतले र क. गंगालाल तुलाधरले उद्योग व्यवसाय विभागको सदस्यको हैसियतले भाग लिनुभएको थियो । गिरिजाप्रसाद कोइरालाले आफ्नो पूर्ण बहुमत हुँदाहुँदै पनि आफ्नो पार्टीको झगडा मिलाउन नसकेपछि ०५१ असार २७ गते संसद भंग गराई निर्वाचनमा गएपछि संसदको पुनर्स्थापनाका लागि पार्टीले आन्दोलन गर्‍यो । पार्टीले ०५१ साउन ५ गते नेपाल बन्द गर्न साउन ४ गते शनिवार पृथ्वी राजमार्ग सडक क्षेत्रका बजारहरूमा मसाल जुलुस गरी बन्दको समर्थनका लागि आह्वान गरेको थियो भने साउन ९, १० र ११ गतेको ३ दिने नेपाल बन्द सफल बनाउन साउन ८ गते सडक क्षेत्रका सम्पूर्ण बजारहरू र धादिङवेंसी, नलाङ, मैदी, आरूघाट, खहरे बजारमा मसाल जुलुस गरी राष्ट्रव्यापी आन्दोलन सफल बनाउन प्रयत्न गरेको थियो । तर संसद पुनर्स्थापना हुन सकेन ।

**एमालेको अल्पमतको सरकार र सर्वोच्चको फैसला**

मध्यावधि निर्वाचनमा नेकपा(एमाले)ले ८८ स्थान विजयी गरी संसदको सवभन्दा ठूलो पार्टी हुने मौका पायो । जसअनुसार संविधानको धारा ४२ (२) अनुसारको सरकार गठन गर्ने मौका पायो । एमालेले सरकारमा वसेर गाउँको विकासका निम्ति प्रत्येक गाविसलाई ३/३ लाख रूपैयाँ, बृद्धहरूको सम्मान स्वरूप भत्ता, सुकुम्बासीलाई पूर्जा आदि वितरण गरी जनताको मन छुने कार्य गर्न सफल भयो । एमालेको सरकार बनेपछि क. राजेन्द्र पाण्डेले संसदमा सचेतक र नेपाल आयल निगमको सुधार सुझाव आयोगको संयोजक, क. पुष्प कँडेलले कर फर्स्यौट आयोगको सदस्य, हेरम्ब कँडेलले सुपथ मूल्य पसलको केन्द्रीय अनुगमन कार्यकर्ता, उत्तम कँडेलले सुकुम्वासी आयोग धादिङको अध्यक्ष हुने मौका पाउनुभयो ।

नेकपा (एमाले) को सरकार भएकै बखतमा ०५२ साल वैशाख १५-१७ गते धादिङवेंसीमा नेकपा (एमाले) धादिङको तेस्रो जिल्ला अधिवेशन सम्पन्न भयो । सो अधिवेशनको प्रमुख अतिथि उपमहासचिव क. वामदेव गौतम हुनुहुन्थ्यो । सो अधिवेशनले क. गंगालाल तुलाधर सचिव रहनुभएको १७ सदस्यीय जिल्ला कमिटी निर्वाचित गर्‍यो । कमिटीका अन्य सदस्यहरूमा क. राजेन्द्र पाण्डे, जगन्नाथ नेपाल, खेम लोहनी, कृष्ण अर्याल, गुरू बुर्लाकोटी, चुडामणि कँडेल, उत्तम कडेल, देवप्रसाद त्रिपाठी, नेत्रराज पौडेल, कृष्ण व. दाहाल, रामहरि अधिकारी, डा. रामकुमार अधिकारी, जानुका सिंखडा, खिनबहादुर थापाका साथै वैकल्पिक सदस्यहरूमा रामचन्द्र आचार्य र हरि पन्त छानिनुभयो भने मीनराज कँडेल र रामप्रसाद अधिकारी सल्लाहकारमा छानिनुभयो । कमिटीको दोस्रो बैठकले जि.क. उपसचिवमा क. खेम लोहनीलाई निर्वाचित गर्‍यो ।

०५४ जेठमा सम्पन्न स्थानीय निर्वाचनमा धादिङ जिल्लाका ५० गाविसमध्ये २९ गाविसमा अध्यक्ष, २९ मा उपाध्यक्षसहित ४५० वडाध्यक्षमध्ये २२५ जना, ४५० महिला सदस्यमध्ये २२६ जना, १३५० अन्य सदस्यमध्ये ६८६ विजय गरी जिल्लामा ११९५ सिट जित्न सफल भयो र जिविसको निर्वाचनमा नेकां र राप्रपाको तालमेल हुँदाहुँदै पनि सभापति र उपसभापतिसहित १३ वटा इलाकामध्ये ८ वटामा इलाका सदस्य पद विजय गरी पूर्ण बहुमतको जिविस वनाउन सफल भयो ।

०५४ साल माघ १२ देखि १८ सम्म नेपालगञ्जमा सम्पन्न छैटौं महाधिवेशनमा धादिङ जिल्लाबाट राजेन्द्र पाण्डे, देवप्रसाद त्रिपाठी, शिवराज कँडेल, रामचन्द्र आचार्य, गंगालाल तुलाधर, गुरूप्रसाद बुर्लाकोटी, रामप्रसाद अधिकारी, जगन्नाथ नेपाल, डा.रामकुमार अधिकारी, रामहरि अधिकारी र मायादेवी शर्माले प्रतिनिधित्व गर्नुभएको थियो ।

०५५ पुस १० देखि ११ गते धादिङवेंसीमा पार्टीको चौथो जिल्ला अधिवेशन सम्पन्न भयो । नेकपा (एमाले)का अध्यक्ष क. मनमोहन अधिकारीले उद्घाटन गर्नुभएको सो अधिवेशनमा ४० हजार जति जनताको उपस्थिति भएको र सो अधिवेशनलाई धादिङ जिल्लाको इतिहासमा सर्वाधिक ठूलो उपस्थिति मान्न सकिन्छ । सो अधिवेशनले क. गुरूप्रसाद बुर्लाकोटी सचिव र क. मीनराज कँडेल उपसचिव रहनुभएको २२ सदस्यीय जिल्ला कमिटी र ७ सदस्यीय सल्लाहकार कमिटी गठन गर्‍यो । कमिटीका अन्य सदस्यहरूमा गंगालाल तुलाधर, खेम लोहनी, कृष्ण अर्याल, चुडामणि कँडेल, रामप्रसाद अधिकारी, देवप्रसाद त्रिपाठी, नेत्रराज पौडेल, जानुका सिंखडा, खिनबहादुर थापा, डा. रामकुमार अधिकारी, रामहरि अधिकारी, रामचन्द्र आचार्य, हरि पन्त, गिरिराज कँडेल र शुकदेव रेग्मी हुनुहुन्छ भने वैकल्पिक सदस्यमा खेमबहादुर पाठक, हरि अधिकारी, नारायण रूपाखेती, शंकर तामाङ र भूमि त्रिपाठी हुनुहुन्थ्यो । यसैगरी जगन्नाथ नेपालको सभापतित्वमा कृष्णबहादुर दाहाल, भरत तामाङ, टापबहादुर श्रेष्ठ, जगन्नाथ शर्मा, भगवान थापा र बलराम ढुंगाना रहेको ७ सदस्यीय सल्लाहकार कमिटी गठन भएको थियो । पार्टीको चौथो जिल्ला अधिवेशनको उपस्थितिले प्रतिक्रियावादीहरूको ओठतालु सुकेको थियो भने पार्टी फुटको कारण निरास हाम्रा समर्थकहरूमा उत्साहको रक्तसंचार पैदा भएको थियो ।

२०६० साल वैशाख ५ र ६ गते पार्टीको पाँचौं जिल्ला अधिवेशन धादिङवेंसीमा सम्पन्न भयो । सो अधिवेशनको उद्घाटन महासचिव क. माधवकुमार नेपालले गर्नुभएको थियो । सोही दिन मदन-आश्रित स्मृति भवनको पनि उद्घाटन महासचिव माधवकुमार नेपालले नै गर्नुभएको थियो । सो अधिवेशनले क. गुरू प्रसाद बुर्लाकोटी सचिव र क. मीनराज कँडेल उपसचिव रहनुभएको २१ सदस्यीय जिल्ला कमिटी, ६ जना वैकल्पिक सदस्य र ५ सदस्यीय सल्लाहकार कमिटी निर्वाचित गर्‍यो । कमिटीका अन्य सदस्यहरूमा खेम लोहनी, कृष्ण अर्याल, जगन्नाथ नेपाल, चुडामणि कँडेल, रामप्रसाद अधिकारी, देवप्रसाद

त्रिपाठी, नेत्रराज पौडेल, जानुका सिंखडा, खिनबहादुर थापा, रामहरि अधिकारी, हरि पन्त, गिरीराज कँडेल, प्रमोद रूपाखेती, लक्ष्मण शर्मा, जगन्नाथ शर्मा, खेमबहादुर पाठक, शंकर तामाङ, हरि अधिकारी र भूमि त्रिपाठी हुनुहुन्छ भने वैकल्पिक सदस्यहरूमा शिवराज कँडेल, रामबहादुर रावल, मायादेवी शर्मा, केदार खतिवडा, इन्दिरा ढुंगाना र परशुराम ठाकुर हुनुहुन्छ भने रामकुमार शर्माको सभापतित्वमा बच्चुराम उप्रेती, नारायण रूपाखेती, भरत अधिकारी र लोकेन्द्रकुमार थापा रहेको सल्लाहकार कमिटी गठन भएको छ ।

०५२ सालदेखि नेकपा (माओवादी) द्वारा सञ्चालित कथित जनयुद्धका कारण त्यस पार्टीका अराजक, वर्गीय दृष्टिकोण नभएका कार्यकर्ताहरूले हाम्रो पार्टीका होनाहार कार्यकर्ताहरू जयराम श्रेष्ठ- त्रिपुरेश्वर, नवराज सुवेदी थाक्रे, रामचन्द्र श्रेष्ठ-कटुञ्जे, रामबहादुर पण्डित- किराञ्चोक, गोपीबहादुर भुजेल-जीवनपुर, बच्चुराम अर्याल-तसर्पु, इच्छाविक्रम मल्ल- सल्यानकोट, गोमा कोइराला- केवलपुर लाई निर्ममतापूर्वक हत्या गरेका छन् भने आतंककारीलाई नियन्त्रण गर्ने नाममा सुरक्षा निकायबाट क. रामशरण थापा जीवनपुरको हत्या भएको छ ।

**निर्वाचन**

०४२ सालमा पञ्चायतभित्रै पसेर पञ्चायत भण्डाफोरको निति लिई देशभरी २५ जना जतिलाई राष्ट्रिय पञ्चायतको सदस्यमा उम्मेदवार बनाइएको थियो । धादिङमा क. राजेन्द्र पाण्डेलाई उम्मेदवा्र बनाइएको थियो । यो निर्वाचनमा जनतामाझ पार्टीलाई परिचय गराउन अत्यन्त उपयुक्त अवसर मिल्यो । व्यापक धाँधली, बुथ कब्जाका बाबजुद १७ हजार मत ल्याई झिनो मतमा पराजित भएपछि धादिङ जिल्लामा पार्टीलाई जनतामाझ लैजान अत्यन्त सजिलो भयो । राष्ट्रिय पञ्चायतमा भएको पराजयलाई जिल्ला पञ्चायतको निर्वाचनमा विजयमा परिणत गरियो । जिल्ला पञ्चायतको १८ जनाको कार्यसमितिमा ४ वटा सदस्यसहित सभापतिमा क. राजेन्द्र पाण्डेलाई विजय गराउन पार्टी सफल भयो । अत्यन्त झिनो मतको अन्तरमा उपसभापतिको पराजय भयो । यो निर्वाचनमा हाम्रो विजयले राष्ट्रव्यापीरूपमा धादिङ जिल्लालाई परिचय गरायो भने पञ्च र प्रशासकहरू नेकपा (माले)को तर्फबाट जिताइएका जनपक्षीय कार्यकर्ता र जनतालाई अनेकौं बहानामा निर्मम दमन गराउन टुप्पी टेकेर लागे । सभापति क. राजेन्द्र पाण्डेलाई ३ बर्ष जेल र ३ हजार जरिवाना हुने राजकाज मुद्दा लगाई जेल पठाए भने जिल्लाका कार्यकर्तालाई गिरफ्तार गर्ने, कुटपिट गर्ने, प्रहरी हिरासतमा राख्ने आदि गरी अत्यन्तै दुःख दिए । ०४४ सालदेखि ०४६ सालको जनआन्दोलन समाप्त हुने समयसम्म झण्डै ३ सयभन्दा बढी कार्यकर्तालाई यातना दिने काम भयो ।

बहुदलीय व्यवस्थाको शुरूवातपछि ०४८, ०५१ र ०५६ मा ३ वटा आमनिर्वाचन सम्पन्न भइसकेका छन् । ०४८ र ०५१ सालमा सम्पन्न प्रतिनिधिसभाको निर्वाचनमा धादिङको क्षेत्र नं. ३ बाट राजेन्द्र पाण्डे, क्षेत्र नं. २ बाट गंगालाल तुलाधरले विजय प्राप्त गर्नुभएको थियो भने क्षेत्र नं. १ बाट गुरू बुर्लाकोटीले सम्मानजनक तेस्रो मत प्राप्त गर्नुभएको थियो । ०५६ सालमा सम्पन्न निर्वाचनमा क्षेत्र नं. ३ बाट राजेन्द्र पाण्डे विजयी हुनुभयो भने २ बाट झिनो मतले गंगालाल तुलाधर ने.का. द्वारा पराजित हुनुभयो । क्षेत्र नं. १ बाट रामहरि अधिकारी तेस्रो हुनुभयो ।

बहुदलीय व्यवस्थाको स्थापनापछिका २ वटा स्थानीय निर्वाचनहरूमध्ये ०४९ मा सम्पन्न निर्वाचनमा हाम्रो पार्टीले ५० गाविस मध्ये २२ वटामा अध्यक्ष, २५ वटामा उपाध्यक्ष र १५ जनाको जिविसमा ४ सिट इलाका सदस्य विजय गरेको थियो भने ०५४ सालमा सम्पन्न निर्वाचनमा २९ अध्यक्ष, २९ उपाध्यक्ष, १७ जनाको जिविस मध्ये सभापति, उपसभापतिसहित १३ जना विजयी भएका थिए ।

यस जिल्लाको कम्युनिष्ट आन्दोलनलाई अगाडि बढाउने क्रममा विभिन्न अवधिमा पार्टीका निम्न नेता कमरेडहरू मनमोहन अधिकारी, मदन भण्डारी, माधव नेपाल, अमृत बोहरा, केपी ओली, केशव वडाल, इश्वर पोखरेल, मोदनाथ प्रश्रित, वामदेव गौतम, युवराज ज्ञवाली, सीपी मैनाली, सिद्दिलाल सिंह, शंकर पोखरेल, सुरेन्द्र पाण्डे, वेदुराम भुसाल, महेशमणि दीक्षित आदि समेतको कार्यकर्ता तथा जनतामाझको उपस्थितिले पार्टीलाई अझ मजवुत बनाउन मद्दत गरेको छ ।

◆

# माओवादी ज्यादती र प्रतिशोधको राजनीति

**' सूर्य थापा**

**सिं**गो राष्ट्रले शान्तिवार्ता प्रक्रिया अघि बढोस् भन्ने कामना गरिरहेका बेला विद्रोही नेकपा (माओवादी)ले हत्या, हिंसा, अपहरण, एरियाबन्दी र यातनाको क्रमलाई तीब्र पारेको छ । माओवादीका नेता, कार्यकर्ता र छापामारहरूसमेत शान्तिवार्ताको पक्षमा

वकालत गर्छन् तर आफ्नो तर्फबाट त्यसको निम्ति सकारात्मक संकेत दिनु आवश्यक नठानी बलप्रयोगलाई मात्र बढावा दिने गर्छन् भने जनमानसमा आशंका बढ्नु अस्वाभाविक होइन ।

प्यूठानको लुडबाट माओवादीले ७३ वर्षीय रामप्रसाद रिजाल, उहाँका छोरा शिक्षक देवी रिजाल र बुहारी प्रतिभा रिजाललाई अपहरण गरी गएको साउन ८ गतेदेखि आफ्नो कब्जामा लिएको घटनाले माओवादी पार्टीमा प्रतिशोधको राजनीति कति बढ्दो छ, बदलाको भावना बोकेर आफ्नो निहीत स्वार्थ सिद्ध गर्न त्यस पार्टीमा सामेल भएका व्यक्तिहरू कति हावी भइरहेका छन् र आमूल परिवर्तनको लक्ष्य बोकेर जनयुद्ध लडिरहेको बताउने त्यो पार्टी त्यस्ता निहीत स्वार्थले लिप्त व्यक्तिको बहकाउ र दवावका सामु कति निरीह भइसकेछ भन्ने गम्भीर प्रश्नहरू खडा भएका छन् ।

**मोटाएको रूप, स्वार्थकेन्द्रित जमघट**

माओवादी पार्टी आज मूलतः पाँचखाले मानिसहरूको जमघटमा परिणत भएको छ । त्यस पार्टीका एकथरी नेता, कार्यकर्ता यस्ता छन्, जो जनयुद्धको माध्यमबाट नेपालमा आमूल परिवर्तन सम्भव छ र जनवादी राज्यसत्ता कायम गर्न सकिन्छ भन्ने स्पष्ट लक्ष्यका साथ लडिरहेका छन् । तिनीहरू दशकौं लामो र निरन्तर संघर्षको प्रक्रियाबाट गुज्रेर अहिलेको अवस्थामा पुगेका हुन् र कम्युनिष्ट आचरण, नैतिकता र त्यसअनुरुपको व्यवहारप्रति तुलनात्मकरूपमा चनाखो छन्, अनि शत्रु र मित्रको स्पष्ट पंक्तिभेदका साथ अघि बढिरहेका छन् । दोस्रोथरी नेता-कार्यकर्ता हद दर्जाका उपयोगितावादी छन्, तिनीहरू राजा, अमेरिका, भारत, नेपाली कांग्रेस, एमाले, राप्रपा, सद्भावना- सबैलाई उपयोग गर्ने, अनि 'फुटाउ र शासन गर'को सामन्ती चरित्रले विशेष प्रभावित भएर व्यवहार गरिरहेका छन्, त्यसकारण सबभन्दा अविश्वसनीय र अन्यौलग्रस्त देखिन्छन् । यस पंक्तिको मुख्य जोड सूदखोर, घुस्याहा, दलाल, सीआइडी, हत्यारा, ज्यानमारा, गरीबमारा, शोषक, सामन्त प्रत्येकलाई आफ्नो स्वार्थ अनुकूल उपयोग गर्ने सकिने रहेको देखिन्छ । चन्दा दिने, वाद-प्रतिवाद नगर्ने, सेल्टर र खानपानको 'ज्वाइँ सत्कार' गर्ने सबैलाई मित्र र अरूलाई चाहिँ दुश्मनको कोटीमा राखेर व्यवहार गर्नु, राजनीतिक आस्था र विश्वासलाई बन्दुकको नोकले तह लगाउन खोज्नु यस प्रवृत्तिको मुख्य अभिप्राय देखापर्छ । तेस्रो, साहुको ऋण नतिरेका, बैंकको ऋणले घर जग्गा लिलाम भइसकेका, लम्पट, चरित्रहीन, ठग र कतिपय ठाउँमा हत्यारासमेत माओवादी बनेका छन् । तिनको हातमा थमाइएको बन्दुक क्रान्ति, आमूल परिवर्तन र नयाँ समाज निर्माणको निम्ति होइन, लुटपाट, ठगी, मोजमस्ती र बदला लिने प्रयोजनमा प्रयोग भइरहेको छ । यस्ता कतिपय तत्वहरू चन्दा असुलेर 'पाँच-सात लाख रकम र राम्री छापामार' लिएर भारततिर पलायन भएका कैयौं उदाहरण भेटिन थालेका छन् । देशभरि चन्दा आतंक मच्चाउने, जनयुद्धको नाममा ठगी अभियान चलाउनेहरू मूलतः यही कोटीका माओवादी रहेको पाइन्छ ।

चौथो, माओवादी पार्टीमा नपढेका, सामाजिक रूपमा असल मान्छे भन्ने छवि नभएका, निराशा, कुण्ठा र हीनताबोधले ग्रस्त तथा जीवन प्रत्याशा नरहेका व्यक्तिहरू संलग्न भइरहेका छन् । यस पंक्तिका माओवादीहरूमा मुख्यतः एसएलसी र त्यसभन्दा तलको कक्षामा अनुर्तिण भई अगाडि बढ्ने स्थिति नदेखेका युवायुवती छन् । यस्ता व्यक्तिहरूलाई युद्धमा सामेल गर्न, मिलिसिया-छापामार बनाउन र 'मुक्ति या मृत्यु' को उन्मादमा 'दुश्मन'सँग लडाउन माओवादी नेतृत्वलाई सबभन्दा सजिलो भइरहेको छ । जीवन र जगत नबुझेका, सामाजिक परिवर्तनको लामो र अथक संघर्षको धैर्य नभएका तर शीघ्र परिवर्तनको मनोगत इच्छाले 'बन्दुक'को भाषा बाहेक अरू केही पनि नबुझ्ने यो पंक्ति अल्पज्ञानको कारण शत्रु र मित्र, क्रान्ति र प्रतिक्रान्ति, राजनीति र आतंक, जनसेवा र जनअत्याचारको कुरा बुझेर तद्नुरूप व्यवहार गर्न असमर्थ रहेको पाइन्छ । यसले गर्दा निर्दोष जनसमुदाय थुप्रै दमन, कुटपिट र बर्बर यातना व्यहोर्न बाध्य हुनुपरेको छ ।

पाँचौं, माओवादी जनयुद्धको मूलतः सैन्य क्षेत्रमा भएको तीव्र विकाससँगै अरू कतिपय पार्टीका नेता-कार्यकर्ताहरू त्यस पार्टीमा सामेल हुन पुगेका छन् । खासगरी नेकपा (एमाले)को विभाजनसँगै नेकपा (माले)मा लागेका र पछि दुई पार्टीको एकीकरण प्रक्रियामा सामेल नभएका व्यक्तिहरू ठूलो संख्यामा माओवादी बने । तिनको एकमात्र अभिप्रायः एमालेको पंक्तिसँग बदला लिने, हिजो एकैठाउँमा हुँदा आफ्नो निहीत स्वार्थ पूरा गर्न बाधक बनेका नेता-कार्यकर्तालाई छानीछानी आक्रमणको निशाना बनाउने, तिनको परिवारलाई सताउने, बृद्ध, महिला र बालबालिकासमेतलाई अपहरण गरी यातना दिन र हत्या गर्न यस पंक्तिका माओवादीहरू केन्द्रित रहेको पाइन्छ । राजनीतिलाई प्रतिशोध र बदलाको माध्यम बनाएर आफ्नो व्यक्तिगत स्वार्थ पूरा गर्न यस पंक्तिका माओवादीहरू सामाजिक र राजनीतिक मूल्य मान्यताका सबै सीमारेखाको बेवास्ता गरेर बन्दुकको आडमा दमनचक्र चलाउन उद्यत रहन्छन् ।

उल्लेखित प्रवृत्तिहरूमध्ये-पहिलोबाहेक अरू चारवटै पंक्तिका व्यक्तिहरूको चिन्तन प्रक्रिया र व्यवहारमा समान चरित्र देखिन्छ । जसको संख्या निकै ठूलो रहेको छ । फलतः पहिलो पंक्तिका माओवादीहरू अरू चारथरीको संयुक्त स्वार्थका सामु निरीह बन्नुपरेको छ । यसप्रकार माओवादी पार्टी रूपमा केही मोटाएजस्तो अवश्य देखिन्छ, तर गुणमा निकै कमजोर हैसियतमा रहेको छ ।

**दमनका तीन बहाना**

माओवादीले आफ्नो राजनीति र व्यवहारसँग असहमत हुने, जनतामा स्थापित र लोकप्रिय रहेका व्यक्तिहरूमाथि दमन गर्न मूलतः तीनवटा आरोप लगाउने गरेको छ । १. सुराकी, २. भ्रष्ट र ३. अनैतिक । माओवादीका निम्ति चुनौतीको रूपमा रहेका अरू राजनीतिक पार्टीका नेता-कार्यकर्तालाई सुराकीको अभियोग थोपरेर हत्या गर्न माओवादीलाई कुनै आइतवार चाहिंदैन । यसरी राजनीतिक नेता-कार्यकर्ताको हत्या गरेर माओवादीले समाजमा आफ्नो एकछत्र हुकुमीतन्त्र कायम गर्न सकिने विश्वास राख्दछ । जनप्रतिनिधि भइसकेका व्यक्तिलाई 'भ्रष्ट'को उपाधि दिएर तह लगाउने पनि उसको एक प्रमुख तरिका रहेको छ । समाजका अरू खाले व्यक्तिहरू जो कोही 'अनैतिक' भएको आरोपमा सताइन्छन् र एकपटक माओवादीले कब्जामा परेपश्चात् यातनाबाट जोगिनका लागि उसका सबै आरोप स्वीकार गरी आत्मसमर्पण गर्छन् । त्यसमध्येका कतिपय बन्दुक बोकेर हिंड्छन् भने धेरैजसो माओवादीका सहयोगी बनेर गाउँमा फर्किन्छन् । यसरी माओवादीको दमन प्रक्रिया चल्ने गरेको छ । उनीहरू तथ्यको आधारमा सत्य खोज्ने र निचोडमा पुग्ने तरिका अपनाउनुको साटो जस्तासुकै हतकण्डा अपनाएर भएपनि अरू राजनीतिक पार्टीका कार्यकर्ता र समर्थकलाई सताउन पछि पर्दैनन् । यस क्रममा नै हत्या, यातना, नगद-सजाय र एरियाबन्दी गर्ने गरेको पाइन्छ । अरूलाई तर्साउन यातनाको बर्बर रूपको प्रयोग गर्ने तथा आतंक फैलाएर समाजमा शून्यता कायम गर्ने माओवादीको मुख्य तरिका हो । यसै सन्दर्भमा माओवादी

जनयुद्ध सामाजिक फासिवादमा पतन भइरहेको संकेत गर्ने खालका घटनाक्रमहरू पनि देखिने गरेका छन् । र, सामाजिक मुक्तिको पवित्र उद्देश्य बोकेर थालिएको भनिने माओवादी विद्रोह नयाँ सत्ताको नाममा सामाजिक-अपराधिकरणको माध्यम भइरहेको छ । र, यसका निम्ति सामाजिक झै-झगडाका कचहरीलाई 'जनअदालत'को नाममा रकम असुलीको माध्यम बनाउने र जोसुकैलाई दमन गर्न पछि नपर्ने खालका प्रवृत्तिहरू देखिने गरेका छन् ।

**प्रतिशोधको एउटा नमूना**

माओवादीमा घुसेका व्यक्तिहरू आफ्नो निहीत स्वार्थमा बाधक बनेका व्यक्तित्वहरूलाई सताउन जेसुकै गर्न पनि पछि पर्दैनन् भन्ने त कुनै नौलो कुरा भएन । यस प्रसँगमा प्यूठानको लुङ गाउँ, त्यहाँ भएको अपहरण र ज्यादती प्रतिशोधको एउटा नमूना बनेको बताउन थालिएको छ । सन्दर्भ ०५४ को स्थानीय निर्वाचन र ०५५ को जिविस चुनावबाट शुरू भएको थियो । साउन ८ गतेको अपहरण त्यसै प्रपञ्चको परिणाम हो र महिना दिन बित्दा समेत अपहरित व्यक्तिहरू माओवादीको कब्जामा रहनुपरेको छ ।

पीडित परिवारका सदस्य, स्थानीय बासिन्दा, अरू राजनीतिक पार्टीका जिम्मेवार व्यक्तिहरूसमेत लुङको अपहरण काण्डमा स्थानीय नवमाओवादी कार्यकर्ता हरिबहादुर केसीको पूर्वाग्रहले काम गरेको बताउँछन् । नेकपा (एमाले) यस्तो निष्कर्षमा पुगिसकेको छैन । किनकि माओवादी पार्टी एकजना व्यक्तिको स्वार्थ, पूर्वाग्रह र प्रतिशोध सिद्ध गर्न दुरूपयोग हुनुनपर्ने हो । तर २०६० पुस १ गते लुङकै ढाँडमा भएको मधु, झवि र बुद्धि रिजालको एकै घरमा भएको रहस्यमय मृत्युको घटनामा संलग्न रहेको भनेर माओवादीले नेकपा (एमाले) प्यूठानका उपसचिव हरि रिजालको परिवारका चारजनालाई अपहरण गरी आफ्नो कब्जामा लिएको छ । यस घटनाको पृष्ठभूमिमा रहेका दामोदर रिजालको अपहरण प्रकरण र त्यससम्बन्धमा माओवादी र एमालेका जिल्लास्तरीय नेताहरूबीच पुस १ गते भएको संवाद र सहमतिविपरीत माओवादीले रिजाल परिवारको अपहरण गरेको छ ।

पुस १ गते भएको तीनजनाको मृत्यु रहस्यमय थियो । तर बुद्धि रिजालको कारण त्यो घटना भएको भन्ने स्थानीय वासिन्दालाई लागेको भएपनि माओवादीका स्थानीय गाजस प्रमुख बनेका हरिबहादुर के.सी.ले मृतकका शवको पोष्टमार्टम नगराई दाहसंस्कार गर्न बाध्य पारेको सन्दर्भ यहाँनेर उल्लेखनीय छ । पुरानो सत्ताले यस्ता घटनामा पोष्टमार्टम गर्नुपर्ने अनिवार्य गरेको छ । तर नयाँ सत्ताका शासकले पोष्टमार्टम गर्न नदिई दाहसंस्कार गराउनुपर्ने के कारण थियो ? यो प्रश्न अनुत्तरित नै रहेको छ । जबकि नयाँ सत्ताको काम, व्यवहार र तौरतरिका यस्तो पछौटे र 'पुरानो सत्ता' भन्दा पनि पुरानो होइन, उन्नत, जनअनुमोदित, नयाँ र वैज्ञानिक मूल्य मान्यताअनुरूप हुनुपर्दथ्यो ।

२०५४ को स्थानीय चुनावमा हरिबहादुर के.सी.लाई उम्मेदवार हुन आग्रह गर्दा पहिले पाखुरा सुर्केर 'म सांसद हुनुपर्ने मान्छेलाई वडामा उठ्न भन्ने !' भनेको, तर पछि पार्टी निर्णय विपरित स्वेच्छाले वडा सदस्यमा चुनाव जितेर जिविस सभापतिको उम्मेद्वार बन्न चाहेको स्थितिमा छलफल हुँदा हरि रिजालले केसी माथि कारवाहीको माग गरेको तथा जिल्ला कमिटीले जिविस सभापतिको उम्मेदवारका लागि सिफारिश गर्ने निर्णय गर्दा 'नोट अफ डिसेन्ट' लेखेको सन्दर्भबाट लुङमा अहिलेको प्रतिशोधपूर्ण घटनाको बिऊ रोपिएको थियो । एमालेको विभाजनपश्चात् के.सी. माले र नेपाली कांग्रेसको गठबन्धनबाट सभापतिको उम्मेदवार भई पराजित भएको, रिजाल चाहिं एमाले-जनमोर्चाको समीकरणबाट उपसभापति हुन पुगेको परिणाम हरिबहादुर के.सी.लाई असैह्य भयो । फलतः २०५९ मंसिरमा उनी माओवादी बने र शुरू भयो-लुङमा एमालेका नेता, कार्यकर्ता र समर्थकहरूलाई धम्काउने, सताउने, कुटपिट र अपहरण गर्ने श्रृंखला । उनको यो रवैया माओवादी पंक्तिले बुझेको छैन भन्न सकिन्न । तर बुझेर पनि किन लाचार भइरहेको छ ? भन्ने प्रश्न उठिरहेको छ ।

**एमालेमाथि हमलाको राजनीति**

हरिबहादुर के.सी. माओवादी बन्नुअघि लुङ खोलामा माओवादीद्वारा एमाले नेता कार्यकर्तामाथि कुनै दुर्व्यवहार र दमन भएको थिएन । यद्यपि माओवादीले २०५९ असोजमा तत्कालिन जिल्ला कमिटी उपसचिव धनबहादुर रायमाझीलाई बाङ्गेसालबाट अपहरण गरेको थियो । तर मंसिर पछि एमालेमाथि हमलाको क्रम तीब्र भयो । स्याउलीबाङ्मा अशोक बुढाको अपहरण, खवाङमा बेगम विकमाथि कुटपिट, लुङमा हरि रिजालमाथि सुराकी गरेको आरोप र कारबाहीको चेतावनी, अर्खामा रतिमान रानाको अपहरण, डाम्रीमा डिलबहादुर थापाको अपहरण, बहानेमा शोभाराम भण्डारीमाथि हरिबहादुर के.सी.स्वयंद्वारा हातपात, बाग्दुलामा हिक्मत थापाको घर अगाडि शहीदगेट बनाई बारूदी धराप थाप्ने जस्ता काम भएका छन् । जसले गर्दा थापा अनाहकमा सैनिक हिरासतमा समेत बस्नुपऱ्यो । यस्तो दमन र दुर्व्यवहारका कारण माओवादी र एमालेबीचको सम्बन्ध तनावपूर्ण बन्ने खतरा बढेको छ । लुङमा हरि रिजालका बाबु, काका, दाजु र श्रीमतीको अपहरणले माओवादी पंक्ति एमालेका जिल्लास्तरीय नेतृत्वलाई सताउने बहाना रच्न जुटेको अनुभूति भएको छ । शोभाराम भण्डारी माथिको कुटपिटमा फागुन २७ गते माओवादीले पार्टीको तर्फबाट कमजोरी भएको भन्ने आत्मालोचना गरेकाले पनि हरिबहादुरको रवैयालाई संरक्षण भएको र उनी अझ उदण्ड बनेको स्थानीय वासिन्दाहरू बताउँछन् । स्थानीय वासिन्दा एवं एमाले जिल्ला कमिटीका सदस्य विष्णु के.सी. भन्छन्-'लुङमा आफ्नो खलकबाहेक राजनीतिमा अरू अगाडि बढेको देख्न नसक्ने प्रवृत्ति छ । अहिलेको अपहरणमा मुख्यतः त्यही कारणले काम गरेको छ ।'

**प्रचण्डकै घोषणाको अवज्ञा र स्थानीय प्रतिक्रिया**

माओवादीले लुङको अपहरण सम्बन्धमा भनेको छ- 'विगत केही महिना अघि लुङ गाविसमा मधु रिजालसहित ३ जनाको विभत्स ढंगले भएको सामूहिक हत्याकाण्डको छानविनको क्रममा केही समय अगाडि पार्टीले कब्जामा लिएका व्यक्तिहरूको बयान र अनुसन्धानको क्रममा प्राप्त रिपोर्टहरूको आधारमा थप अनुसन्धानको लागि लुङका रामप्रसाद रिजाल, देवी रिजाल र राधा रिजाललाई पार्टीले आफ्नो कब्जामा लिएको छ । निश्चित अनुसन्धानको प्रक्रिया पूरा गरेपछि निजहरूको घटना प्रक्रियामा संलग्नताको आधारमा दोषी ठहरिए प्रमाणसहित कारवाही प्रक्रिया अघि बढ्ने र निर्दोष भएमा रिहा गरिने कुरा समेत सम्बन्धित सबैमा जानकारी गराउन चाहन्छौं ।' पीडित परिवारका सदस्य हरि रिजाल बताउनुहुन्छ-'पुस १ गते त्यो घटना हुँदा म खासामा थिएँ । मैले प्राप्त गरेको जानकारी र घटनाको प्रकृति हेर्दा त्यो घटना बाहिरी मान्छेले नभई रक्सीको उन्माद र आवेशमा बुद्धि रिजालले गरेको हुनुपर्छ ।' एमाले राप्ती अञ्चल समन्वय कमिटीका सदस्य रमेशप्रसाद राजभण्डारीका अनुसार-'माओवादीले तथ्यलाई आत्मसात् गरेका छैनन् । मृतकका शवको पोष्टमार्टम गर्न समेत दिएनन् । पोष्टमार्टम नगराई कसैले हत्या गरेको हो कि के हो भन्न सकिन्न । घटनाका

प्रत्यक्षदर्शी पनि छैनन्, घरमा आगो लागेको छ, त्यस स्थितिमा त्यो हत्या मृतक तीनजनामध्ये कसैको काम हुनसक्छ । किनकि तिनीहरू जाँड रक्सी खाई एक ठाउँमा जम्मा भएर झगडा समेत गरेका थिए ।' जनमोर्चा, नेपाल-पश्चिमाञ्चल क्षेत्रीय समितिका सल्लाहकार एवं हाल प्यूठानमा क्रियाशील राजनीतिकर्मी विमल शर्मा भन्छन्-'अरू को संलग्न छ भन्ने छानविन गरे हुन्छ, तर ढाँडको त्यस घटनामा संलग्न भनी माओवादीद्वारा अपहरित बृद्ध, शिक्षक र महिलाको कुनै दोष छैन । हरिबहादुर के.सी.को पूर्वाग्रह र प्रतिशोधका कारण माओवादीले त्यो अपहरण गरेका हुन् । माओवादीले नयाँ सत्ताको कुरा निकै गर्छन्, तर नयाँ सत्ताले मृतकका शवको पोष्टमार्टम त गराउनुपर्थ्यो, किन त्यसमा रोक लगायो ?' यी समग्र तथ्यले ढाँड घटनाको छानविन गर्ने हो भने माओवादीले निर्दोष बृद्ध, महिला र बुद्धिजीवीलाई अपहरण गर्नुका सोटो आफ्नै नवकार्यकर्तालाई श्रम शिविरमा राखेर अनुसन्धान गर्न सक्नुपर्छ । र, लुङ्का स्थानीय जनताको सामु उभ्याएर उनलाई सोधपुछ गर्नुपर्दछ । के यसको निम्ति माओवादीको स्थानीय नेतृत्व तयार छ ? यसो नगर्ने हो भने माओवादी पोलिटब्यूरोले गत वर्ष गरेको र अध्यक्ष प्रचण्डले सार्वजनिक गरेको निर्णयको ठाडो अवज्ञा गर्ने माओवादी पंक्ति अराजकताको भूमरीमा फसेको पुष्टि हुनेछ । पोलिटव्युरोको उक्त निर्णयमा अरू पार्टीका कार्यकर्ताका कुनै कमजोरी देखिए पहिले सम्बन्धित पार्टीलाई जानकारी गराउने कुरा उल्लेख थियो । तर प्यूठानमा कुनचाहिँ कार्यकर्ताको अपहरण गर्नुअघि माओवादीले एमालेसँग कम्प्लेन गरेको छ ? यतापट्टि ध्यान पुग्नु आवश्यक छ ।

◆

# सिंगो मुलुकको ढुकढुकी समेटिएको बजेट

**’ डा. गोविन्दबहादुर थापा**

जेट सिंगो मुलुकको बार्षिक आर्थिक दस्तावेज हो । यसले अघिल्लो आर्थिक बर्षको मुलुकको आर्थिक अवस्थाको समीक्षा गर्नुका साथै आगामी आर्थिक बर्षमा अवलम्बन गरिने विकास नीति र कार्यक्रम, त्यसको कार्यान्वयनको लागि आवश्यक पर्ने वित्तीय साधन र त्यो साधन परिचालन गर्ने रणनीतिको बारेमा प्रकाश पार्दछ । त्यसो त बजेट एक बर्षको निमित्त मात्र भएतापनि यसले मुलुकले अवलम्बन गरेको समष्टिगत आर्थिक नीतिअनुरूप नै तर्जुमा र कार्यान्वयन गरिन्छ । साथै सरकारको बजेटले मुलुकले तत्काल सामना गरिरहेका आर्थिक, सामाजिक तथा राजनीतिक समस्याहरूलाई पनि प्रकारान्तरले समेट्न र संबोधन गर्न सक्नुपर्दछ। आर्थिक बर्ष २०६१/६२ को बजेटले बजेटका यी सार्वभौम मान्यताहरूलाई समेटेको देखिन्छ ।

नेपाल विगत केही बर्षदेखि आन्तरिक द्वन्द्वबाट पीडित रहेको कुरा सर्वविदित छ । विशेषगरी ग्रामीण क्षेत्रमा विगत केही बर्षदेखि निर्माण तथा विकासका कार्यहरू संचालन हुन सकिरहेका छैनन् । त्यसो त त्यहाँ निर्माण तथा विकासका कार्यहरू संचालन गर्ने स्थानीय निकायहरू पनि छैनन् । यसले गर्दा सरकारले विकासको निमित्त रकम उपलब्ध गराएतापनि खर्च हुन सकिरहेको छैन । शहरी क्षेत्रका उद्योग, व्यापार व्यवसायहरू पनि सिथिल अवस्थामा छन् । यसले गर्दा आर्थिक बर्ष २०५८/५९ मा त अर्थतन्त्रमा संकुचन नै आयो । त्यसपछिका बर्षहरूमा पनि आर्थिक बृद्धिदर जनसंख्या बृद्धिदरभन्दा नगन्य दरमा मात्र अधिक रह्यो । यसको कारण मुख्यरूपमा मुलुकमा चलिरहेको द्वन्द्व नै रह्यो । हुन त नेपालमा द्वन्द्व सुरू हुनुभन्दा अगाडि पनि आर्थिक बृद्धिदर उच्च रहेको थिएन । तर पनि मुलुकमा उदार आर्थिक नीति अवलम्बन गरिएदेखि आर्थिक बृद्धिदर उच्च हुने धेरै सम्भावना थियो । र, उदारीकरणका शुरूका बर्षहरूमा त्यो स्थिति देखापरेको पनि थियो । तर द्वन्द्व शुरू भएपछि त्यो बृद्धिदरले निरन्तरता पाउन सकेन । त्यसैले आर्थिक क्षेत्रमा गति ल्याउन मुलुकमा द्वन्द्वको स्थिति समाप्त गरी शान्ति सुरक्षा बहाल गर्नु जरूरी थियो भन्ने सम्बन्धमा कसैको पनि दुईमत हुन सक्दैन । यस कुरालाई आत्मसात गरेर यो बजेटले शान्ति बहालीलाई सर्वाधिक महत्व दिएको छ । शान्ति कोषको स्थापना र शान्ति सचिवालयको स्थापना यसका ज्वलन्त उदाहरण हुन् । सामान्य दृष्टिले हेर्दा यी दुई वटा व्यवस्थाहरू केही होइनन् जस्ता देखिन्छन् । तर गम्भीरतापूर्वक विचार गर्दा मुलुकमा द्वन्द्व अन्त्य गर्ने कार्यमा यी व्यवस्थाहरूको महत्वपूर्ण भूमिका हुनसक्ने देखिन्छ ।

दोस्रो, यो बजेटले समाजमा सदियौंदेखि विद्यमान शोषण, दमन, अन्याय, अत्याचार, कमजोर तथा पिछडिएको वर्ग र जाति, जनजातिको किनारीकरण (मार्जिनलाइजेशन) गरिएका जनतालाई विभिन्न ढंगले संबोधन गर्ने प्रयत्न गरिएको देखिन्छ । आज मुलुकमा चलिरहेको द्वन्दको मूल कारण पनि यही किनारीकरण नै भएकोले त्यस्ता जनतालाई समेट्ने प्रयासले समाजमा मौजुद रहेको द्वन्द्वको कारकतत्वको निवारण हुन जाने हुन्छ । यसरी यस बजेटले पहिलो पटक मुलुकले अहिलेसम्म उपेक्षा गरेका जातजाति, वर्ग र समुदाय र क्षेत्रलाई उचित ढंगले समेट्ने प्रयास गरेको पाइन्छ । वास्तवमा

विगतका बजेटले यसो गर्न सकेको भए मुलुकमा अहिलेको जस्तो द्वन्द्वको स्थितिको सिर्जना नै हुने थिएन। निम्नलिखित बजेटका उद्देश्यहरूबाट यस कुराको पुष्टि हुन्छः

(क) शान्तिको स्थापना,

(ख) सामाजिक तथा आर्थिक रूपान्तरण र अग्रगमन,

(ग) साधन, स्रोत र अवसरमा न्यायोचित पहुँच तथा अधिकारको निक्षेपण, तथा

(घ) आर्थिक सुधार एवम् लगानी प्रबर्धनको माध्यमबाट आर्थिक गतिविधिमा विस्तार तथा रोजगारीका अवसरहरू सिर्जना गरी गरिबी निवारणमा थप टेवा।

बजेटका यी उद्देश्यहरूले यतिखेरको मुलुकको मूल समस्या र जनताका चिन्ताका विषयहरूलाई आत्मसात गरेको प्रष्ट हुन्छ। त्यसैगरी यी उद्देश्यहरू हासिल गर्न बजेटले निम्नलिखित नीतिहरू अवलम्बन गर्ने कुरा उल्लेख गरेको छ।

(१) माओवादी समस्याको शान्तिपूर्ण समाधानका लागि शान्ति प्रक्रिया अघि बढाउन आवश्यक सहयोग पुर्‍याउने,

(२) हिंसा र द्वन्द्वबाट पीडित क्षेत्रहरू र विस्थापित परिवारहरूका लागि उद्धार, राहत तथा क्षतिपूर्तिको प्रभावकारी व्यवस्था गर्दै क्षतिग्रस्त पूर्वाधार र संरचनाहरूको पुनर्निर्माण कार्य तीब्रताका साथ अघि बढाउने,

(३) मानवीय विकास, सशक्तिकरण तथा अन्य आर्थिक-सामाजिक परिसूचकका दृष्ट्रिले राष्ट्रिय औसतभन्दा तल रहेका पिछडिएका जिल्लाहरूमा लक्षित वर्ग तथा जनसहभागितामा आधारित कार्यक्रमहरू एकसाथ संचालन गरी सामाजिक द्वन्द्वको समाधान र गरिबी निवारणमा टेवा पुर्‍याउने,

(४) कृषिको दीर्घकालीन योजना प्रभावकारीरूपमा संचालन गर्नुका साथै कृषि क्षेत्रमा रहेका संरचनागत तथा संस्थागत समस्याहरू समाधान गर्न आवश्यक कदम चाल्ने। आर्थिक-सामाजिक रूपान्तरणमा टेवा पुर्‍याउन भूमि वितरण गर्ने तथा जमिनमाथि गरीब र भूमिहीन किसानको पहुँच बढाउनेगरी भूमिसुधार कार्यक्रमलाई अघि बढाउने,

(५) बेरोजगारी समस्या कम गर्न रोजगारीका थप अवसरहरू सिर्जना गर्नुका साथै बैदेशिक रोजगारीलाई व्यवस्थित र प्रोत्साहित गर्ने,

(६) "गाउँ-गाउँमा सहकारी, घर–घरमा रोजगारी" को अभियानलाई अगाडि बढाउन सहकारी क्षेत्रमा संस्थागत सुधार र सहुलियतको व्यवस्था गर्ने,

(७) प्राथमिक शिक्षामा सबैको अधिकार प्रत्याभूत गर्दै सबै तहको शिक्षा, स्वास्थ्य लगायत सामाजिक सेवामा उपेक्षित वर्ग र समुदायको हक-अधिकार स्थापित गराउने। यसक्रममा दलित, उपेक्षित, जनजाति तथा महिलाहरूलाई राज्यले शिक्षामा आरक्षण लगायतका सुविधाहरू प्रदान गर्ने कार्य अगाडि बढाउने,

(८) बृद्ध, बिधवा, महिला, बालबालिका लगायत द्वन्द्वबाट पीडित परिवार तथा अन्धा, अपाङ्गको सामाजिक सुरक्षाको व्यवस्था गर्न। असुरक्षित बसोबासमा आश्रित तथा घरवारबिहीनका लागि व्यवस्थित बसोबासको कार्यक्रम अघि बढाउने,

(९) मानवाधिकारको संरक्षण, सम्पत्तिमा महिलाको समान अधिकार, सामाजिक विभेदहरूको समाप्ति र आधारभूत सेवाहरूमा न्यायोचित पहुँच प्रत्याभूत गर्ने कार्यलाई विशेष प्राथमिकता दिने,

(१०) स्थानीय स्वायत्त शासनको सुदृढीकरण, अधिकार निक्षेपण, पारदर्शिता र जवाफदेहीता मार्फत् विकेन्द्रित विकास प्रक्रियालाई सुदृढ पारी जनसमुदायबीच सेवा र सुविधा सहज, छिटोछरितो र भरपर्दो पार्ने,

(११) सबैभन्दा दुर्गम र पछाडि परेको कर्णाली अंचलका जनताको आर्थिक तथा सामाजिक विकासलाई विशेष प्राथमिकता दिने,

(१२) खाद्य सुरक्षा, कृषि जोखिम न्यूनीकरण, स्वास्थ्य वीमा, आधारभूत तालिम र रोजगारी अभिबृद्धिद्वारा सामाजिक संरक्षण सुदृढ गर्दै जाने,

(१३) आर्थिक सुधारका कार्यक्रमहरू विस्तार गरी सन्तुलितरूपमा अघि बढाउने तथा यिनमा रहेका विसंगतिहरू कम गर्दै यिनलाई उच्च, दीगो र फराकिलो आर्थिक बृद्धि तथा गरिबी निवारण उन्मुख गराउने,

(१४) शान्तिसुरक्षाको प्रत्याभूति, उपयुक्त बजार संयन्त्र र संस्थागत व्यवस्था, सहज र समयबद्ध सरकारी सेवा र सुविधा, कारोबार लागत न्यूनीकरण मार्फत् निजी क्षेत्रको लगानी प्रबर्द्धन गर्दै बैदेशिक लगानीसमेत आकर्षण गर्ने,

(१५) जनउपयोगी सेवाको आपूर्ति सुलभ गर्ने तथा यी क्षेत्रमा निजी र सरकारी क्षेत्रको साझेदारी बढाउने,

(१६) रूग्ण उद्योगको पुनरूत्थान तथा घरेलु र साना उद्योगको सम्बर्द्धनका लागि प्राविधिक तथा संस्थागत टेवा पुर्‍याउने,

(१७) बिनियोजित साधन-श्रोतको प्रभावकारी उपयोग गरी त्यस्तो साधन श्रोत लक्षित वर्ग र समुदायमा पुग्ने कुरालाई सुनिश्चित गर्न खर्चको अनुगमन प्रणाली सुदृढ गर्ने।

बजेटका यी नीतिहरू हेर्दा यो बजेटले नेपालले यतिखेर सामना गरिरहेका राष्ट्रका मूल चुनौतीहरूलाई बजेटले समाधान गर्न खोजेको देखिन्छ। तर बजेटको मुख्य चुनौती भनेको यसको कार्यान्वयन पक्ष नै हो। बजेटको प्रभावकारी

ढंगले कार्यान्वयन हुन सकेमा यो बजेटले मुलुकमा रहिरहेको द्वन्द्वको स्थिति र त्यसको कारकतत्वको उपचार हुने देखिन्छ । यथासक्य शान्तिको बहाली बजेट कार्यान्वयनको पहिलो पूर्वशर्त हो ।

◆

# ‘चेतनाले भ्याएसम्म पार्टीको काम गर्छु’

म गाँउका सामन्त र फटाहाहरूको शोषण, अन्याय र अत्याचारसहन नसकेर कम्युनिष्ट भएँ भन्नुहुन्छ कमरेड हेमनाथ भुसाल । वि.सं.१९९९ असोज १७ गते अर्घाखाँची जिल्लाको सन्धिखर्कमा जन्मनुभएका कमरेड भुसाल वि.सं.२०१६ सालदेखि कम्युनिष्ट पार्टीको सम्पर्कमा आउनुभएको हो । आफ्नो राजनीतिक जीवनको प्रारम्भिक क्षणको संस्मरण गर्दै उहाँ भन्नुहुन्छ-*२०१५ सालको निर्वाचनमा मेरा बुबा र आफन्तहरू डा. के आई सिंहको चुनाव प्रचारमा लाग्नुभएको थियो । तर त्यसखेर के आई सिंहले चुनाव हारेर सुवर्णसमशेरले चुनाव जिते । सुवर्णसमशेर काँग्रेसबाट उठेका थिए, उनले त्यहाँमात्र हैन अर्को ठाउँमा पनि चुनाव जिते र त्यस क्षेत्रमा चाहिँ राजीनामा दिए । त्यसपछि २०१६ सालमा त्यहाँ उपनिर्वाचन हुने भयो । उक्त निर्वाचनमा खुवीराम आचार्य कम्युनिष्ट पार्टीको तर्फबाट उम्मेदवार बन्नुभयो । त्यही निर्वाचनको सन्दर्भमा २०१६ सालमै अर्घाखाँची जिल्लामा कम्युनिष्ट पार्टीको गठन पनि गरियो । कमरेड टीकाराम आचार्यको नेतृत्वमा गठित उक्त कमिटीले नै त्यहाँको कम्युनिष्ट आन्दोलनलाई अगाडि बढायो ।*

आफ्नो राजनैतिक यात्राको बारेमा कमरेड भुसाल भन्नुहुन्छ- *म त्यहाँका जाली फटाहा र सामन्तले गरेको अन्याय र अत्याचारको विरोध गर्दै उनीहरूका विरूद्ध जनतालाई सचेत गराउँदै संगठन निर्माण गर्ने र विस्तार गर्ने क्रममा जुटिरहें र निरन्तर काममा जुट्दाजुट्दै २०२४ सालमा विधिवतरूपमा म कम्युनिष्ट पार्टी (पुष्पलाल समूह) को सदस्य भएँ । त्यसपछि पार्टीको क्षेत्रीय सदस्य भएँ । २०२७ सालमा अखिल नेपाल क्रान्तिकारी किसान संघ गठन गर्‍यौं, त्यसको संस्थापक सचिव थिएँ । २०३० साल फागुनमा सम्मेलन भयो र सम्मेलनबाट म अध्यक्ष भएँ । त्यसको लगतै केही दिनपश्चात् अर्घाखाँची जिल्लामा बर्रे संघर्ष भयो, सामन्त र जाली फटाहा विरूद्धमा थालिएको उक्त संघर्षमा कमरेड बेदुराम भुसाल, नेत्रप्रसाद ढुङ्गाना, म लगायत त्यहाँको पार्टी नेतृत्वमा रहेका ९ जना कमरेडहरू एकै पटक गिरफ्तार भएका थियौं । त्यसपछि म २०४३ साल असार १२ गतेमात्र जेलबाट छुटें र अरू कमरेडहरू पनि केही अलि अगाडि, केही अलि पछाडि गर्दै त्यसै बर्ष छुट्नुभयो ।*

जेलमा रहँदाको राजनीतिक अनुभव र निरन्तरताको सवालमा उहाँ भन्नुहुन्छ- *हामीलाई त्यतिखेर नख्खु जेलमा राखिएको थियो, सात-आठ बर्षसम्म हामी के.पी. ओली , घनेन्द्र बस्नेत, मोहनचन्द्र अधिकारी, आर.के. मैनालीलगायतका झापाली कमरेडहरूसँगै रह्यौं । त्यहाँ पनि हाम्रो राजनीतिक छलफल, बहस, प्रशिक्षण जस्ता बैचारिक क्रियाकलापहरू हुने गर्थे । हाम्रो लामो राजनीतिक-बैचारिक छलफलबाट निस्केको निष्कर्षस्वरूप हामीले जेलमै तत्कालीन नेकपा (माले) सँग एकता गर्‍यौं ।*

जेलबाट छुटेपछिको राजनीतिक निरन्तरता र सम्पर्कका सन्दर्भमा उहाँ भन्नुहुन्छ-*२०४३ सालमा जेलबाट छुट्ने वित्तिकै हाम्रो क. माधव नेपाल, क.जीवराज आश्रित, क. युवराज कार्कीसँग सम्पर्क भयो । त्यसपछि हामी आफ्नो जिल्ला अर्घाखाँची पुग्यौं, त्यहाँ हाम्रो जिल्लामा रहनुभएका त्यस क्षेत्रका जिम्मेवार कमरेडहरूसँग सम्पर्क भयो र हामी तुरून्तै पार्टी काममा जुट्यौं । त्यसखेर मैले तत्कालीन नेकपा (माले) को इलाका कमिटीको सदस्य र अनेकिसंघको जिल्ला सदस्य भएर काम सुरू गरें । केही समयपछि म पार्टीको जिल्ला कमिटी सदस्य भएँ, अनेकिसंघको केन्द्रीय समितिमा रहें ।*

तेह्र बर्षसम्म लगातार जेलमा बिताउनुभएका कमरेड भुसाल भन्नुहुन्छ- *जेल पर्दा मैले खासै पढेको थिइनँ, मेरो पढाई औपचारिकरूपमा ५-६ कक्षामात्र थियो, तर त्यही जेल बसाईको क्रममा मैले आफ्नो अध्ययनलाई बढाएँ र जेलबाटै आई. ए. पास गरें । जेल पर्नुभन्दा अगाडि हाम्रो घरको आर्थिक अवस्था मध्यम थियो, आफूलाई लाउन-खान राम्ररी पुग्ने खेती-पाती थियो तर म जेल परेपछि निरन्तर घर व्यवहार सञ्चालन गर्न नै समस्या भएर मेरा परिवारले जग्गा बेच्दै घर-*

व्यवहार चलाउनु पऱ्यो । तर जे जसरी भए पनि मेरा छोरा-छोरीहरू लेख-पढको अवसरबाट बञ्चित भएनन्, अहिले सबैको अवस्था सन्तोषजनक छ, सबैको विवाह भइसक्यो ।

राजनीतिक जीवनका उकाली-ओरालीले क. भुसाललाई कुनै फरक पारेको छैन । अहिले पनि उहाँ नेकपा( एमाले)अर्घाखाँची जिल्ला कमिटीको सदस्य हुनुहुन्छ । उहाँ भन्नुहुन्छ- मेरो राजनीतिक जीवनको निरन्तरता र गतिशीलताको प्रेरणास्रोत भनेका मेरी पत्नी र मेरा छोरा-छोरी नै हुन् । म लामो समय जेल परेको, पैतृक सम्पति, जग्गाजमिन मासिएको, घर व्यवहार हेर्न नसकेको र उनीहरूलाई उचित माया र हेर-विचार गर्न नपाएको कुरामा उनीहरू पटक्कै गुनासो गर्दैनन् । बरू मेरा छोरा-छोरी हुन पाएकोमा खुशी मान्छन् । कहिलेकाहीँ म दुई-चार दिनसम्म घरबाट टाढा कतै हिंडडुल गरिन भने उनीहरू मलाई सोधपुछ गर्न थाल्छन्- हिजोआज किन घरमा ? के भयो, संगठनको काम गर्न छाड्नुभयो कि क्या हो ? त्यसो त गर्नुहुँदैन नि ! भनेर सधैं घचघच्याउँछन् । त्यसैले मेरो ऊर्जा र प्रेरणा नै उनीहरू नै हुन् । संगठनको काममा मलाई कहिल्यै थकाई लाग्दैन । २०५७ सालमा अनेकिसंघले मेची-महाकाली पैदल यात्रा (किसान जागरण मार्च) गर्दा म पनि महाकाली जिल्लाको दोधाराबाट चितवनसम्म सामेल भएको थिएँ । हामीलाई त्यो यात्रा पूरा गर्न फागुन २ गतेदेखि चैत्र २ गतेसम्म एक महिना लागेको थियो ।

पार्टी जीवन र अनुशासनको सर्न्भमा उहाँ भन्नुहुन्छ- संगठनमा गुटबन्दी गर्ने र पार्टी फुटाउने कामलाई म स्वार्थी कुरा भन्छु, त्यसैले म छैटौ महाधिवेशनपश्चात् पनि पार्टी फुटाउनेहरूको पक्षमा लागिनँ र कहिले पनि गुटबन्दीको पक्षमा लाग्दिनँ । जहिलेसम्म मेरो चेतनाले भ्याउँछ तहिलेसम्म म पार्टीको काम इमान्दार भएर गरिरहन्छु ।

**' कमला पराजुली**

# कविता

# कत्ति नढाँटी भन

**सुषमा शर्मा**

पीडा, भोक र प्यास बोल्छ दुनियालाई उठ है भनी
भत्केका मनभित्रका दिलहरू उत्सर्ग आफैं गरी
बाँधेको दिल पाखुरीभरि नयाँ संसारमा जीवन
ल्याउने तिमी देशकी विभूति हौ आफैं पढिछौ किन ?

ज्यूँदो बस्ती उठाउने सपथली संसार फेर्ने तिमी
मुट्ठीभित्र लिएर नानी दुधिलो हुँकार गर्ने तिमी
तिम्रै पौरखभित्र हाँस्दछ नयाँ संसार जित्ने मन
आफ्नो त्यो इतिहास आज तिमीले आफू उठेरै भन

शीला पर्वत फोडी खोपी डिलको उद्यानमा वैभव
रोपें रोप्न लगाउने म त हुँ नि के चिन्ह गाह्रो छ र
मेचीकाली उठाउँदा हृदयको रातो मफेरीभरी
वामे सर्न सिकाउने जीवनमा गार्गी म आफैं हुँ नि

मेरा भिन्चुरी भन्कदा बिउँभिने संसारको जीवन
पाखा पर्वतबाट बोल्छ दुनियाँ कत्ति नढाँटी भन
तिम्रो हिम्मत बोक्छु पाखुरीभरी शक्ति भली आउँछु
बाँभ्रो धर्ती फुलाउँदै हृदयको छानो म बिछ्याउँछु

मेरो जीवनसाथी सारथी थियो अन्याय भत्काउने
पाखा पर्वतभित्रको विषमता खारेर सम्याउने
नौलो उत्सुकता लिई समरको उद्वेगको छालमा
रातो नानी लिई समर्पित भएँ नेपालको मालमा

भोको प्यास कहाँ कहाँ छ दिलले छामेर पैल्याउँछु

*खानापानी नपाई सृष्टि धमिलो जाँ हुन्छ त्याँ आउँछु*
*मेरो उद्गम यो सफा हृदयको झुप्रे मझेरी थियो*
*गोठाले मन भावना कति कति माथि उठेको थियो*

*मेरो बस्ती र फाँटमा प्रसवका पीडाहरू दुख्दथे*
*स्यालापानी कथा बनेर मुटुमा आएर जिस्क्याउँथे*
*फाटेको अनुहार भित्री दिलमा आएर छोरा बस्यो*
*आमा भोक र प्यास भनी दिलको टुक्रा दिलैमा पस्यो*

*मेरो सृष्टि समानतासँग बसोस् भन्ने म आमा थिएँ*
*सानो नानी किसानको परिधिमा राखेर आफै हिंडें*
*मेरा निसृत रक्तश्रावहरूमा संकल्प जन्मिरह्यो*
*आस्था अर्पण त्यागले पछिपछि बाटो समेट्दै गयो*

*रातो फूल फुलाउने धरणीमा क्लारा बनी आउन*
*मुक्ति शंख निनादको स्वरसँगै कहिल्यै नथाकीकन*
*मेरो जीवन साथ दिन्छु दुनियालाई बदल्नेहरू ।*
*त्यतिमात्र म दिन्न दिन्छु गहिरो आस्था भरोसाहरू ।*

*- दाङ*

# मार्क्सवाद सम्बन्धी संक्षिप्त प्रश्नोत्तर

## गोपीरमण उपाध्याय

**प्रश्नं. १. कम्युनिष्ट पार्टीभित्र विचारधारात्मक काम गर्नु भनेको के हो ?**

- कम्युनिष्ट पार्टीभित्र विचारधारात्मक काम गर्नु भनेको समाजको चरित्र निरूपण गर्नु र त्यसका वर्ग अन्तर्विरोधका बारेमा सांगोपांग रूपमा बुझ्नु र त्यसको समाधानकारी शक्तिको पहिचान गर्नु र त्यसका निम्ति प्रेरित गर्नु । वर्गको दृष्टिकोण कस्तो हुन्छ र त्यसले सामाजिक गतिलाई कस्तो दिशा प्रदान गर्छ भन्ने बुझ्नु हो । वर्ग-वर्गका छुट्टाछुट्टै दृष्टिकोणहरू हुन्छन् । त्यसको अभिव्यक्ति पनि छुट्टाछुट्टै किसिमका हुन्छन् भन्ने कुराको फरक छुट्याउन र त्यसैअनुसार आफ्ना विचारधारात्मक क्रियाकलापहरूको संचालन गर्नु हो ।

**प्रश्न नं. २. विचारधारा भनेको के हो ?**

(१) कुन वर्गको दृष्टिकोण के हो ? भन्ने कुराको पहिचान गर्नु (२) वर्गविशेषका आधारभूत स्वार्थ र लक्ष्यहरूको पहिचान गर्नु (३) समकालीन वर्गसंघर्षमा सर्वहारा श्रमजीवी वर्गको स्थिति सुदृढ पार्ने प्रयत्न गर्नु (४) सामाजिक घटना र परिघटनाहरूमा आफ्ना अभिमतहरू प्रकट गर्नु (५) वर्गका आधारभूत क्रियाकलाप र अभिव्यक्तिमा आकर्षण उत्पन्न गर्नु । उपरोक्त विषयवस्तुको समग्रतालाई विचारधारा भनिन्छ ।

**प्रश्नं ३. दृष्टिकोण भनेको के हो ? त्यसको संरचना कस्तो हुन्छ ?**

(१) जीवन र समस्त जगत्को उत्पत्ति र संरचनाका सम्बन्धमा आधारभूत विश्वास (२) मानव जीवनको सार्थकता र त्यसका उद्देश्यहरूको निर्धारण एवं वर्गीकरण । (३) वर्तमान वास्तविकतामा स्वयंको भूमिका निर्धारण, उपरोक्त ३ वटा आधारभूत विषयमा रहने अभिमतलाई दृष्टिकोण भनिन्छ । दृष्टिकोणको निर्माणमा दर्शनको प्रबल भूमिका हुन्छ । मानिस जस्तो जस्तो दर्शनको सम्पर्कमा रहन्छ त्यसको दृष्टिकोण पनि सोहीअनुरूपको निर्माण हुन्छ ।

**प्रश्नं. ४. दर्शन भनेको के हो ?**

जीवन र जगत्लाई हेर्ने बुझ्ने विचारधारात्मक माध्यमलाई दर्शन मानन्छि । कार्लमार्क्सका शब्दमा भन्ने हो भने "समकालीन युगको उच्चतम बौद्धिक सारतत्वलाई दर्शन भनिन्छ" अर्थात् कुनै पनि दर्शन भनेको निश्चित युगको उच्चतम बौद्धिक सारतत्व हो । वर्तमान सर्वहारा क्रान्तिको युगको उच्चतम बौद्धिक सारतत्व मार्क्सवाद लेनिनवाद हो । यसले वैज्ञानिक आधारमा जीवन र जगत्को परिभाषा गर्दछ । परिभाषामात्र होइन, हामी बाँचेको परिस्थितिलाई परिवर्तन गर्न मार्गदर्शन गर्दछ ।

**प्रश्नं. ५. दर्शनको आधारभूत प्रश्न के हो ?**

दर्शनका दुईवटा आधारभूत प्रश्न छन्:

१. पदार्थ र चेतनाको सवाल
२. विषय बोधगम्य छ कि छैन भन्ने सवाल ।

यिनै २ वटा आधारभूत सवालहरूले गर्दा दर्शन दुई खेमामा बाँडिएको छ । यसलाई यो तालिकाबाट बुझ्न सकिन्छ । भौतिकवाद र अध्यात्मवादको फरकका रूपमा पनि बुझ्न सकिन्छ ।

| भौतिकवाद | आध्यात्मवाद |
|---|---|
| १. पदार्थ प्रमुख हो । चेतना | १. चेतना प्रमुख हो । पदार्थ |

त्यसको गौण पक्ष हो ।              त्यसको गौण पक्ष हो ।
२. पदार्थको अस्तित्व, गति,        २. गति, देश र काल चेतनाका
देश र कालमा निहीत छ ।            उपज हुन् ।
३. विश्व बोधगम्य छ ।              ३. विश्व अजेय छ ।

उपर्युक्त आधारहरू नै दर्शनका प्रमुख सवाल हुन् र यसैबाट भौतिकवाद र अध्यात्मवादका रूपमा दर्शनको विभाजन भएको हुन्छ । यसैका आधारमा २ किसिमका दृष्टिकोणहरूको उत्पत्ति हुन्छ । समाजमा र देशमा दुई विपरीत वर्ग शोषित र शोषक वर्गको दृष्टिकोण पनि यसैका आधारमा निर्माण हुन्छ । *क्रमशः*

# नरक–यात्रा

## ' विष्णु रिजाल

**उ**सले आकाशतिर हेऱ्यो-जून सधैंझैं मुस्कुराइरहेको थियो । ऊ दृढता र कठोरताका साथ उभिएको थियो तर पनि भावुकताको सागरमा चुर्लुम्मै डुब्यो । 'यस्तै रै'छ जीवन !' चित्त बुझाउन उसले अनुभवको सार खिच्यो ।

उसका अगाडि दुइटामात्र विकल्प थिए । ऊ हारेर बाँच्न चाहदैनथ्यो । नाथे जीवनका लागि उँधो मुन्टो लगाएर दासता स्वीकार्न उसको सिद्धान्तले दिँदैनथ्यो । त्यसकारण उसका सामु एकमात्र मार्ग बाँकी थियो-मृत्यु । उसले गुन्यो- आखिर एकदिन त मर्नैपर्छ । अनि आफैंसँग प्रश्न गऱ्यो-त्यसो भए किन डराउने ?

'डराउनै हुँदैन'- उसको निरन्तरको निष्कर्ष थियो ।

'किन ?'- कहिलेकाहीँ ऊ आफैं खोतलिन्थ्यो । यसको जवाफ खोलाको पानी जतिकै सङ्लो थियो-उसले कुनै गल्ती गरेकै छैन । हो, त्यसैले ऊ डराउँदैन । 'नविराउनू-नडराउनू' उसको प्रिय जीवनदर्शन थियो ।

पूरै वातावरण स्तब्ध थियो । वरिपरि उभिएकाहरूले सतर्कतापूर्वक उसैलाई नियालिरहेका थिए । उसले पाएको सूचनाअनुसार, सम्भवतः उसले भोलि विहानको रक्तिम सूर्य हेर्न पाउनेछैन । मृत्यु आफ्नै टाउका वरिपरि घुमिरहेको सूचनाले पनि ऊ खासै आतङ्कित भएन । शायद उसको मानसिकता त्यसका लागि तयार थियो ।

यो उसको ४५ औं दिन थियो, जसलाई उसले 'नरक-यात्रा' नामाकरण गरेको थियो । हातहतियारधारीको नियन्त्रणमा रहँदारहँदा त्यही जीवन सामान्य जस्तो लाग्नु उसको बाध्यता थियो । हिजो-अस्ति यतिबेला अलिकति भए पनि खान दिइन्थ्यो । तर आज त्यसको पनि केही चाल भएन । विहानको खानाले बेलैमा आफ्नो कर्तव्य पूरा गरिसकेको थियो ।

'म गद्दार हुँ भन्'

अर्थहीन यो शब्द उसका लागि नयाँ थिएन न त यसमा ऊ कुनै आकर्षण नै देख्थ्यो । त्यसैले 'ज्यान गए भन्दिन' को पुरानै अडानमा उसले कुनै प्रतिक्रिया जनाएन ।

'कान सुन्दैनस् ?'

'सियो खसेको पनि सुन्छु ।'

'गद्दार हुँ किन भन्दैनस् त ?'

'किनकि म गद्दार हुँदैहोइन ।'

'कसरी होइनस् ?'

'कसरी हुँ ?'

दुईजनाबीच चर्काचर्की पऱ्यो । 'जे पर्ला, त्यही टर्ला' को कठोर मनस्थितिमा उभिएकोले कुनै प्रश्नको जवाफ दिन पनि उसले धक मानेन । अझ भनौं, उसले त्यो झुण्डलाई टेरपुच्छर लगाएन ।

'यदि यो गौरवशाली जनअदालतले मेरा सम्पूर्ण अपराधहरूलाई क्षमा गऱ्यो भने म बाँचुन्जेल यो महान् पार्टी र महान् जनयुद्धको विरोध गर्नेछैन भन् ।'

हतियारधारीहरूले घेरिएको इजलाशमा 'न्यायाधीश' को दोस्रो आदेश पनि उसले सुनेको नसुन्यै गऱ्यो ।

ऊ अर्थात् रविशंकर शर्मा, अपहरणको ४५ औं दिनमा पहिलेभन्दा निकै कठोर र दृढ बन्यो । जनसत्ताको अपहेलना र जनयुद्धको विरोधको अभियोगमा उसलाई गाउँको विद्यालयबाट अपहरण गरिएको थियो, जहाँ ऊ विद्यालय कसरी चलाउनेबारे गाउँलेहरूसँग छलफल गर्दैथ्यो ।

मध्यरातको त्यो चर्तिकलाले ऊ चकित र लज्जित भयो । उसलाई सम्बोधन गरिएका शब्दको स्तरले उसलाई महेन्द्र पुलिस क्लव र नख्खु जेल बिर्सायो । जतिबेला ऊ पञ्चायती कालरात्रीका विरूद्ध इन्कलाव-जिन्दावादको नारासहित सडकमा उत्रेको थियो, त्यतिबेला पनि ऊसँग हतियार त थिएन, तर थरथर काँप्दै सत्ताले उसका हातमा हत्कडी र खुट्टामा

नेल ठोकेको थियो । रात त्यतिबेला पनि पर्थ्यो, बुट बजाउँदै सत्ताका रक्षकहरू त्यतिबेला पनि थर्काउँथे । ऊ सम्झिन्छ- 'गाथगादी ताकेको' अभियोगमा काला बुटहरू उसका छातीमाथि कैयौं पटक बज्रेका थिए । अहिले पनि ऊ एक त्यस्तो इजलाशको सामुन्ने उभिएको छ, जहाँ नयाँ 'गाथगादी ताकेको' मा उसमाथि केरकार हुँदैछ ।

जनअदालतको 'न्यायाधीश'को भाषा, शैली, व्यवहार र सम्पूर्ण भावभङ्गीमामा उसले प्रदीप समशेरको छायाँ देख्यो ।

'मेरो कुनै गल्ती नै छैन, प्रदीपजी ।'

उसको कुराको छेउ-टुप्पो नपाएर 'न्यायाधीश' वाल्ल पर्‍यो ।

'तेरो अन्तिम इच्छा के छ ?'

'अन्याय-अत्याचारका सामु नझुक्ने ।'

प्रश्न भुईंमा खस्न नपाउँदै रविले दिएको जवाफले प्रश्नकर्ता रन्थनियो । 'के भनूँ, के भनूँ' को दोधारमै उसको मुखबाट फुत्त निस्क्यो-

'तँलाई डर लाग्दैन ?'

'म दिनेश शर्माजस्तो कायर होइन ।'

'टाई-वान'

'न्यायाधीश'को आदेश निमेषभरमै पूरा भयो । रविका दुवै हात पछाडि फर्काएर बाँधियो ।

'भन्- अब के गर्छस् ?'

'अन्तिम सास रहुञ्जेल अत्याचारका सामु झुक्दिनँ ।'

रवि साहस र दृढताको चट्टानको रूपमा अगाडि उभिंदा उनीहरू भित्रभित्रै इर्श्याले जलेनन् मात्र, आफ्ना कर्तुतहरूको खुल्लेआम भण्डाफोर हुँदा रिसले आगो  भए ।

'थुतुनो कति चलाउँछस् ?'

हात पछाडि बाँधिएकोले रविले अनुहारको बचाउ गर्न सकेन, 'न्यायाधीश'का जुत्ता उसको मुखमा बज्रिए । रगत छातीको बाटो हुँदै धर्तीतर्फ हिंड्यो ।

मानसिक त छँदैथियो, शारीरिक पीडाको आहालबाटै रविले फेरि आफूलाई नियाल्यो-कहीँ केही गल्ती पो भयो कि ? अहँ, उसले फेरि पनि आत्मग्लानी र पश्चाताप् गर्नुपर्ने कुनै काम भेट्टाएन । त्यसपछि आफैंसँग कठोर प्रश्न गर्‍यो- त्यसो भए किन झुक्ने ? गर्दै नगरेको अपराध किन कबोल गर्ने ? उसले ज्यान बचाउन आफ्नै स्वाभिमान गिराउने कल्पनासमेत गर्न सकेन ।  हुन पनि 'म गद्दार हुँ' भनेर ऊ आफैंप्रति वास्तविक गद्दारी कसरी गरोस् ?

रविमाथि मूलतः तीनवटा आरोपहरू थोपरिएको थियो ।

पहिलो, उसले जनयुद्धलाई आर्थिक सहयोग गरेन । यसमा ऊ कुनै दम देख्दैनथ्यो किनभने एकै पटकमा एक लाख रूपैयाँ दिने उसको हैसियत छैन भन्ने कुरामा ऊ ढुक्क थियो । रविको गल्ती त्यही थियो कि उनीहरूले देखाएको बाटो उसले अनुशरण गरेन । यसमा पनि उसको प्रष्ट मान्यता थियो- ऊ जनतालाई ढाँट्न र छल्न अध्यक्ष चुनिएको थिएन । कागजमा विकास-निर्माण तयार पारेर ऊ चन्दा दिन सक्दैनथ्यो ।

दोस्रो, रविले जनसत्ताको अपहेलना गर्‍यो । यसमा पनि उसको आफ्नै तर्क थियो । हो, गाउँ निकालाको आदेश उसले पालना गरेन । जसबाट भोट पाएको थियो, उसले तिनको सेवा गरेर ऋण तिर्नु आफ्नो कर्तव्य ठानेको थियो । ऊ नागरिकता बनाइदिन सदरमुकाम जान्थ्यो, साथीभाइसँग हारगुहार गरेर दुई-चार जनालाई हात-मुख जोड्ने मेसो पनि मिलाइदिएको थियो । एक त गाउँलेहरू उसलाई गाउँ छोड्न दिन तयारै थिएनन् । दोस्रो, ऊ आफै पनि कुनै हालतमा गाउँ छोड्ने पक्षमा थिएन । तसर्थ, जति पटक धम्क्याएर पनि गाउँ छोड्न उसले जरूरी ठानेन ।

तेस्रो, रवि युद्धविरोधी थियो । उसले शुरूदेखि नै आफूलाई हिंसाको शिविरको विपक्षमा खडा गर्‍यो । दर्शनको स्रोत त रविको पनि त्यही थियो, तर त्यसलाई समयसापेक्ष रूपले बुझ्ने र ग्रहण गर्ने सवालमा आकाश-पातालको फरक थियो । प्रतिस्पर्धाविनाको एक्लो विजेता बन्ने तानाशाही रहरलाई रविले जमानामै सेलाइदिएको थियो । यसकारण उसले छाला जोगाउन नरम र चिल्ला कुरा कहिल्यै गरेन । उसले जे बुझेको थियो, त्यही बोल्यो र त्यही बुझाउन क्रियाशील बन्यो । उग्रता र क्षणिक रोमाञ्चकता अन्तिम सत्य होइन भन्ने उसको दृष्टिकोण नै उनीहरूका लागि 'जनयुद्धको विरोध' थियो ।

रविले फेरि पनि आफूलाई सच्याइनुपर्ने ठाउँ पाएन । तर उनीहरू भने पाइला-पाइलामा गिर्दैगएको देख्यो । सोच, शैली, चिन्तन, दृष्टिकोण, व्यवहार, जीवनशैली- कहीँ पनि छैन सङ्गति, कहीँ पनि छैन सामञ्जस्यता ।

'म गद्दार हुँ भन्'- रवि गलेको निष्कर्ष निकाल्दै 'न्यायाधीश' अदवसाथ फेरि बोल्यो ।

'तँ गद्दार होस्'- रवि पाखा-पखेरा थर्किने गरी गर्जियो ।

'टाइ-टु'

अघिझैं निमेषभरमै उसको आदेश तामेल गरियो । रविका खुट्टा पनि बाँधियो ।

'अब के गर्छस् त ?'- मन्द मुस्कानसहित 'न्यायाधीश'ले विजित मुद्रामा व्यंग्य गर्‍यो ।'

'तँ पाजीको मुखमा थुक्छु'- वाक्य पूरा गरिनसक्दै रविले 'न्यायाधीश'को मुखभरि थुकिदियो ।

'न्यायाधीश'ले उद्‌घाटन गऱ्यो, रविको अनुहारमा बज्रिएका लात्ती र लाठीले अगाडिका चार दाँत भुईंमा खसे ।

अपहरणको दिनदेखि रविसँग अनेक किसिमका मान्छेले भेटे, कुरा गरे । कोही शालीन र भद्र थिए, अधिकांश उग्र र मूर्ख । भाँती-भाँतीका मान्छेपछि यो 'न्यायाधीश' भनाउँदो कसाहीसँग भेट गराएको आज तेस्रो दिन थियो ।

उसलाई देख्नेवित्तिकै रविको कन्सिरी नतातेको होइन तर पिंजडाको सुगाले के नै गर्न सक्थ्यो र ! त्यसैले भित्रभित्रै मुर्मुरियो मात्र । त्यो 'न्यायाधीश' को नालीवेली एक-एक थाहा थियो रविलाई । मित्रताका हिसावले ऊ रविको साथी थियो हाइस्कूल पढ्दाको । चरित्रको हिसावले ऊभन्दा गए-गुज्रेको मान्छे खोज्नु स्यालको सिङ खोज्नु सरह नै हुन्थ्यो । रविले वी.ए. पढ्दा पनि ऊ टेष्ट परीक्षाको डाँडोबाट तलै थियो । हो, त्यही भक्ते फटाहा, आज रविलाई उतिबेलादेखिको रिस सम्झँदै पढाउन खोज्दैछ ।

'जनयुद्धको विरोध गर्छस् कि गर्दैनस् ?'

'बलात्कारी भक्ते !'

वरिपरि उभिएका मिलिसियाहरूले कान ठाडो पारे, आपसमा मुखामुख गरे र पहिलभैmं सतर्क भए ।

रविलाई झलझली सम्झना छ-सात कक्षामा पढ्दै गरेकी उसकी बहिनीलाई बलात्कार गर्ने यही भक्ते हो, जसलाई स्कूलका गुरूसहितले रामधुलाई  गरेका थिए ।

'कट-वान'

मानौं, कुनै फिल्मको सुटिङ चलिरहेको छ । पाखा-पखेराबाहेक कसैले सुनेन रविको चित्कार । हेर्दाहेर्दै आफ्नै हात दुई मिटर पर फ्याँकिएको पत्याइनसक्नुको दृश्य रविले आफ्नै आँखाले देख्यो । उसले सुनेको मात्रै थियो, देखेको थिएन-नरक, यमराज र यमदूतहरू ।

'तिमीहरूले एकदिन मेरो रगतको पाईपाई मूल्य चुक्ता गर्नुपर्ने छ'- रविले शारीरिक पीडा झेल्दै चेतावनी दियो ।

पूरै समूहले अट्टाहास गऱ्यो । उनीहरूको अनुहारमा देखिएको चमक र उल्लासले त्यहाँ कुनै ठूलो उत्सव चलिरहेको प्रतित हुन्थ्यो ।

'तिमीहरू हत्यारा हौ, अपराधी हौ र गद्दार हौ'- भुईंमा जम्दै गरेको आफ्नो रगत नियाल्दै रवि कहालियो ।

'कट-टु'

रविका दुवै खुट्टा ठुन्क्याइयो । उसको क्रन्दन पहाडमा ठोकिएर आकाशतर्फ उक्ल्यो ।

पींडाको दहमा चुर्लुम्मै डुबेर रविले फेरि आफ्नो अतीततर्फ पाइला चाल्यो । उसका लागि राजनीति कुनै चिट्ठा थिएन न त उसले आफ्नो अपराधको रक्षाकवचस्वरूप नै राजनीति अंगालेको थियो । कति सुन्दर थियो उसको सपना ! अहिले पनि उसको दिमागमा ताजै छ- निरंकुश सत्ताले दिएको यातना । उसले बिर्सेको छैन- प्रहरी कष्टडी र जेलका ती चिसा छिंडीहरू । राजधानी पुगेर उच्चशिक्षा हासिल गरेपछि प्रजातन्त्रको पुनर्बहालीसँगै आफ्नो सपना फुलाउन रवि गाउँ फर्केको थियो । त्यसयता सिङ्गो गाउँ उसको वरिपरि झुम्मिएको थियो र गाउँले उसलाई निरन्तर अगुवा मानिरहेको थियो । सिंगो गाउँको आँखामा राखे नबिझाउने रवि त्यहीकारणले नै उनीहरूको आँखाको कसिंगर बनेको थियो । उनीहरूको निष्कर्ष थियो-जवसम्म रवि गाउँमा रहन्छ, तवसम्म उनीहरूको साम्राज्य चल्दैन । यही अभीष्ट पूरा गर्न जनअदालत, बयान, सफाइ आदिको नाटक मञ्चन गरिँदैथ्यो ।

'महान जनयुद्ध-जिन्दावाद भन् ।'

'मेरो हात खुट्टा- जिन्दावाद ।'

'फेरि बोल् त ?'

'हत्यारा-अपराधी- मुर्दावाद'

'डार्क डवल'

रविका दुवै आँखा झिकियो । उसको अगाडि अँध्यारोको साम्राज्य खडा भयो । पीडाको त के गणना ? उसँग यतिबेला हात, खुट्टा, आँखा थिएनन् र ऊ लमतन्न भुईंमा लडिरहेको थियो । तर उसले ठान्यो, उसँग यी भन्दा पनि ठूलो चीज छ- आस्था । उसले फेरि एकपटक जोडले आस्था पुकाऱ्यो । त्यतिबेला कतै गोली पड्केको सुन्यो ।

रविको लमतन्न शरीरमा गोली हान्न प्रतिस्पर्धा चल्यो । चन्द्रमा पनि मध्यरातको त्यो क्रूरता हेर्न नसकेर कोल्टे लागिसकेको थियो । बारूदको धुवाँ र गन्धले पूरै झुण्डलाई छोप्यो । अभ्यस्त झुण्ड मध्यरातमा ओरालो लाग्यो । रविको निष्प्राण शरीरमाथि आकाशले आँशु खसालिरहेको थियो ।

*२०६०/६/२४*

***दैलेख, हाल-काठमाडौं***

# सहकारी : समस्या र सम्भावना

' डा. अयोधीप्रसाद यादव

**ने**पालमा सहकारी : नेपाल सहकारीको आधुनिक र संस्थागत विकासक्रम २०१० सालदेखि भएको इतिहास छ । तर सहकारीको योजनाबद्ध विकास प्रथम पञ्चवर्षीय योजना २०१३ सालदेखि नै सुरू भयो । सहकारीको संस्थागत विकास गर्न २०१६ सालमा सहकारी संस्था दर्ता ऐन- २०१६ र २०१८ सालमा सहकारी नियमावली तर्जुमा गरी कार्यान्वयन गरियो । साथै सहकारी विकास कोषको पनि व्यवस्था गरियो । २०२० सालमा सहकारी बैंकको स्थापना गरियो जसलाई पछि कृषि विकास बैंकमा गाभियो । २०४१ सालमा सहकारी ऐन- २०१६ लाई खारेज गरी साझा संस्था ऐन- २०४१ लागू गरियो । यसरी २०४७ सालअघिसम्मको पञ्चायतकालीन अर्थ व्यवस्थामा सहकारी र साझा संस्थासम्बन्धी थुप्रै प्रयोगहरू भए । तर अपेक्षित परिणाम प्राप्त हुन सकेन । प्रजातन्त्रको पुनर्वहालीपश्चात् पुनः २०४८ सालमा साझा संस्था ऐन- २०४१ लाई खारेज गरी सहकारी ऐन- २०४८ र सहकारी नियमावली-२०४९ तर्जुमा गरी लागू गरियो । २०५७ सालमा सहकारी ऐनमा केही संशोधन गरियो जसअनुसार सहकारी संस्थाहरूले शेयर सदस्यहरूबीच मात्र कारोवार गर्नसक्ने, सहकारी बैंकको स्थापना गर्ने र वित्तीय कारोवार गर्ने सहकारी संस्थाहरूको मुनाफामा कर लाग्ने जस्ता व्यवस्था गरियो ।

यसरी नेपालमा सहकारी कार्यक्रम सुरू भएको आधा शताब्दी भइसकेको छ । तर यसले स्पष्ट दिशा र स्थिरता प्राप्त गर्न सकेको छैन । सहकारी प्रयोगात्मक रूपमै संचालन भइरहेको छ । पंचायतकालमा सहकारी बैंक जस्तो महत्वपूर्ण निकायलाई निरन्तरता दिन सकिएन । साझा संस्थामा अनेक विकृति उत्पन्न भएको थियो र यसले छोटो समयमै आफ्नो उपादेयता गुमाएको थियो । साझा संस्थाअन्तर्गत संचालित साझा व्यवसाय, सेवा र उद्योगले अपेक्षित सफलता प्राप्तगर्न सकेन । प्रजातन्त्रमा पुनः सहकारी कार्यक्रम अघि सारियो । सहकारी ऐन-२०४८ र नियमावली-२०४९ ले सहकारी सिद्धान्तलाई आत्मसात गरेको भए तापनि, राज्यको सहकारी सम्बन्धी नीतिगत अस्पष्टता भएकाले अपेक्षाकृत सफलता प्राप्त गर्न सकेको छैन ।

सहकारीको सम्भावना : नेपालमा जीवननिर्वाह स्तरको कृषि व्यवस्था छ । राष्ट्रिय आय र राष्ट्रिय रोजगारको आधारभूत क्षेत्र कृषि नै रहेको छ । परम्परागत असमान भूमि वितरणको कारण सीमान्त भूमि हुने सीमान्त र साना किसानको बाहुल्यता छ । भूमि उपविभाजित र उपखण्डित छ । जग्गाको स्वामित्व ससाना टुक्रामा बाँडिएका छन् । यस्तो अवस्थामा साना कृषक समूह निर्माण गरी आवश्यक सेवा, सुविधा सरल र नियमितरूपमा उपलब्ध गराएमा सहकारी खेतीको राम्रो सम्भावना छ । यसबाट सहकारी श्रमको विकास हुनसक्छ र उत्पादन एवं उत्पादकत्वमा बृद्धि हुनगई गरिबी र बेरोजगारी न्यूनीकरण हुन जान्छ ।

नेपालमा पशुपालनको क्षेत्र संकुचित हुँदै गए पनि अझै पशुपालनको राम्रो सम्भावना छ । पशुपालन र पशुजन्य उत्पादन नेपाली किसानको जीवन निर्वाहको आधारभूत स्रोत हो । यससित सम्बन्धित सहकारी संस्थाको प्रवर्द्धन गरिएमा आय र रोजगारमा छिटो र तीब्र बृद्धि हुन जान्छ । देशका कतिपय ठाउँमा दूध सहकारी सफलतापूर्वक संचालन भइरहेका छन् र किसानहरू लाभान्वित भइरहेका छन् । सप्तरीको मडुली बजारको दूध सहकारी संस्थाको सफलता उल्लेखनीय छ । यस्तै खासगरी शहरी क्षेत्रमा खसी, बोका र राँगाको मासु उत्पादन र बिक्री क्षेत्रमा सहकारीले ठूलो भूमिका खेल्न सक्छ ।

साना कृषि व्यवसायीहरू, घरेलु उत्पादनकर्ताहरू र साना व्यापारीहरूलाई ऋण र बचतको समस्या छ । पर्याप्त धितोको अभाव र भएका धितोयोग्य सम्पत्तिको कम मूल्यांकनले गर्दा यिनीहरू सरकारको बैंकिङ र वित्तीय संस्थाबाट लाभान्वित हुन सकेका छैनन् । यसले गर्दा यिनीहरूलाई आर्थिक र सामाजिक क्रियाकलाप एवं आपत विपतमा चाहिने ऋणको लागि निजी क्षेत्रका साहु महाजनमाथि निर्भर हुनुपर्छ । अचेल निजी क्षेत्रका ऋणदाताहरूले धितोबापतको जग्गा मालपोत कार्यालयबाट रजिष्ट्रेशन गराएर ६०/७० प्रतिशत बार्षिक चर्को ब्याजमा ऋण प्रदान गर्दछन् । यसरी ग्रामीण मौद्रिक क्षेत्र अत्यन्त असंगठित र शोषणयुक्त छन् । यस्तो स्थितिको निवारण गर्नमा ऋण र बचत सहकारी संस्थाको ठूलो भूमिका छ । हाल नेपाल राष्ट्रबैंकको निर्णयानुसार ऋण तथा बचत सहकारी संस्थाको कारोवार क्षेत्र सीमित भएको र सहकारी विभागबाट यस प्रकृतिका संस्थाको दर्ता बन्द गरिएको भएतापनि पहिलेदेखि संचालित ऋण तथा बचत सहकारी संस्थाहरूमध्ये अधिकांशले साधारण व्यवसायीहरूको ऋण खाँचो पूरा गर्न र तिनीहरूको बचत प्रवर्द्धनमा निकै सफल भएको देखिन्छ । सप्तरी जिल्लामा यस्ता संस्थाहरू धेरै छन् तर वेलफेयर नेपाल बहुमुखी सहकारी संस्था यस क्षेत्रमा निकै सफल रहेको कुरा जिल्ला सहकारी कार्यालय सप्तरीको ठहर छ ।

आजको खुल्ला र निजी अर्थतन्त्रमा सर्वसाधारण उपभोक्तालाई सुलभ ढंगले गुणस्तरीय दैनिक उपभोगका वस्तुहरू उचित दरमा बिक्री वितरण गर्नको लागि ग्रामीण क्षेत्र र शहरी क्षेत्रमा उपभोक्ता सहकारी संस्थाको स्थापना, विस्तार र प्रवर्द्धन अति आवश्यक छ । यस्तै सहकारी विद्यालय र सहकारी औषधि पसलको बढ्दो आवश्यकतालाई इन्कार गर्न सकिंदैन ।

सहकारी विकासका अवरोध : माथिको विश्लेषणअनुसार नेपालमा सहकारीका पर्याप्त सम्भावना भएतापनि सहकारी कार्यक्रम बाञ्छित रूपले फस्टाउन सकेका छैनन् । क्षेत्र र स्थान विशेषमा केही सहकारी संस्थाले राम्रो सफलता पनि प्राप्त नगरेका होइनन् । तर यसले बृहतस्तरमा प्रभाव पार्न सकेका छैनन् । सरकारले सफल सहकारी सिकाईलाई विस्तार गर्न सकेको छैन । कृषि मन्त्रालयलाई कृषि तथा सहकारी मन्त्रालय नामाकरण गरे पनि सहकारीको विकासप्रति प्रतिबद्धताको अभाव देखिन्छ । जिल्ला सहकारी कार्यालय ६८ वटा जिल्लामा रहेकोमा जिल्ला सहकारी कार्यालयलाई थापा सरकारको मन्त्रीमण्डलले बन्द गरी ३८ वटा डिभिजन कार्यालय स्थापना गर्ने निर्णय गरेको थियो र सो कार्यान्वयनको चरणमा छ । सहकारी डिभिजन कार्यालयबाट जिल्ला-जिल्लामा रहेका सहकारी संघ संस्थाको रेखदेख, अनुमान, सुझाव, सल्लाह दिने काम र संस्था दर्तासम्बन्धी काम झन् खर्चिलो र कठिन हुन जाने कुरामा दुईमत छैन । सहकारी संस्थाहरूबाट उक्त निर्णयको व्यापक विरोध र ज्ञापनपत्रसमेत दिने काम भएको छ । तर त्यसको बारेमा पुनर्विचार हुनसकेको छैन । सहकारी आन्दोलनलाई अग्रगति दिन यो ठूलो बाधकको रूपमा रहेको छ । सारा सहकारीकर्मीको माग रहेको छ, सहकारी मन्त्रालय अलग्गै स्थापना गर्ने र देशका सबै जिल्लामा आफ्नै कार्यालय स्थापना गर्ने । तत्काल त्यसो गर्न सम्भव छैन भने जिल्ला विकास समितिमा वा जिल्ला कृषि विकास कार्यालयमा सहकारी शाखा खोलेर सबै काम गर्ने व्यवस्था हुनुपर्छ ।

दशौं पञ्चवर्षीय योजनामा सहकारीको छुट्टै अस्तित्व र बृहत्तर कार्यक्षेत्रलाई स्वीकार गरिएको छैन । सहकारीलाई कृषि क्षेत्रमा सीमित गर्न खोजिएको छ । सहकारीसम्बन्धी स्पष्ट नीति र कार्यक्रमको अभाव देखिन्छ । दशौं योजनाअन्तर्गत कृषि तथा सहकारीको क्षेत्रगत उद्देश्यमा सहकारीलाई तेस्रो स्थानमा राखिएको छ र निर्धारित उद्देश्य यसप्रकार रहेको छ :'सहकारी तथा निजी क्षेत्रको समेत सहभागितामा कृषिजन्य बस्तुहरूमा आधारित उद्योग एवं व्यवसायको प्रवर्द्धन गर्दै आन्तरिक बजार विकासको साथै निर्यात प्रवर्द्धन गर्ने' । यसरी सहकारीको व्यापकतालाई सीमित गरी यस क्षेत्रको विकासलाई कम महत्व दिएको देखिन्छ ।

यस्तै स्थानीय निकाय (गाविस र नपा)को काम, कर्तव्य र अधिकारमा सहकारितालाई उचित महत्व प्रदान गरिएको छैन । काम, कर्तव्य र अधिकारको विविध शीर्षक अन्तर्गत सहकारिताको विकासको लागि सहयोग पुऱ्याउने मात्र उल्लेख गरिएको छ । यसैले गर्दा स्थानीय निकाय सहकारी विकासप्रति उत्तरदायी हुनसकेको छैन । यसरी श्री ५ को सरकारको सहकारीसम्बन्धी उद्देश्य, नीति तथा कार्यक्रम औपचारिकतामा मात्र सीमित रहेको देखिन्छ ।

सहकारीजस्तो गरीब र सर्वसाधारण वर्ग सदस्य रहेको संस्थालाई करको दायराभित्र ल्याइएको छ । सामाजिक-आर्थिक विकासको नाममा उपल्लो वर्गका मानिसले एनजीओ/आईएनजीओबाट लाखौं करोडौं रूपैयाँ आर्जन गरिराखेका छन् र ती व्यक्ति एवं संस्था करको सीमाभन्दा बाहिर छन् । तर सहकारीले आर्जन गरेको मुनाफाको १५ प्रतिशत शेयर सदस्यमै वितरण गरिन्छ र बाँकी रकम कल्याणकारी कोष र अन्य विकासमा ब्यय गरिन्छ । यसरी सहकारीको मुनाफामा कर लगाइनु सहकारीको विकासलाई अवरूद्ध पार्नु हो । कर व्यवस्थाको कारण सहकारी संस्थामा कर छल्ने प्रवृत्ति पनि देखापरेको छ जुन कि सहकारीको सिद्धान्तविपरीत छ ।

सहकारीको आधारभूत सिद्धान्त र मूल्य मान्यता नुरूप आचरण र कार्यव्यवहार फितलो हुनु र सहकारीप्रतिको प्रतिबद्धता कमजोर हुनुबाट पनि सहकारिताको विकास अवरूद्ध हुन गएको छ । सहकारी संघ संस्थामा आबद्ध व्यक्तिहरू-सदस्यहरूमा सामूहिकता भन्दा निजीपनको भावना प्रबल रहेको पाइएको छ । संचालक समितिका सदस्यहरूमा इमान्दारिता, नैतिकता र खुलापनको अभाव देखिन्छ । संचालक समिति, सल्लाहकार, उपसमितिका सदस्यहरू र संस्थापकहरूमा आपसी अनुचित गठबन्धन र आत्ममुखी प्रवृत्ति बढिरहेको देखिन्छ । समानताको सिद्धान्तविपरीत कहिलेकाहीं विभिन्न प्रकारका देखावटी कार्यक्रम बनाएर बढी लाभान्वित हुने पाइएको छ । यसरी 'All are equal but a few are more equal' जस्ता गैरसहकारी स्थिति विद्यमान छ ।

यस्तै सहकारी संस्था संचालन गर्नेहरूमा अपेक्षित योग्यता, क्षमता र दक्षताको अभाव देखिन्छ । सहकारी ऐन, विनियम, सहकारीका सिद्धान्त र मान्यताबारे स्पष्ट जानकारी नभएको पाइएको छ । संचालक समितिका कतिपय निर्णयहरू ऐन र विनियमसम्मत हुँदैनन् । यसरी व्यवस्थापकीय क्षमताको अभाव सहकारीको दीगो विकासमा बाधक देखिन्छ ।

सहकारी संस्था विशेषगरी वित्तीय कारोवार गर्ने सहकारी संस्थाप्रति जनविश्वास कायम हुनसकेको छैन । कृषि विकास बैंक, राष्ट्रिय बाणिज्य बैंक र नेपाल बैंक लिमिटेडमाथि जनताको जुन विश्वास छ त्यो साख सहकारीले प्राप्त गर्नसकेको छैन । वचतकर्तामा सँधैं अनिश्चितता र अविश्वास रहिरहेको अवस्था छ जसले गर्दा शेयर सदस्यबीच बचत परिचालनमा कठिनाई उत्पन्न हुन्छ ।

निष्कर्ष : सहकारी कार्यक्रम ऐतिहासिक अनुभव र प्रयोगमा आधारित प्रजातान्त्रिक कार्यक्रम हो । नेपालजस्तो देशमा यसको निकै औचित्य र महत्व छ । तर विगत ५० बर्षदेखि सामाजिक-आर्थिक रूपले बञ्चित र विपन्न वर्गको उत्थान गर्न सहकारी/साझासम्बन्धी अनेक कार्यक्रमहरू संचालन गरिएतापनि अहिलेसम्म सहकारी स्पष्ट दिशा प्राप्त गर्न सकेको छैन । यो

प्रयोगात्मक रूपमै छ । अर्थव्यवस्थामा यसको योगदानलाई उचित मूल्यांकन गरिएको देखिँदैन । त्यसैले सहकारीको पर्याप्त सम्भावना हुँदाहुँदै एकीकृत, संगठित र संस्थागतरूपमा सहकारीको दीगो विकास हुन सकेको छैन ।

अतः आजको बदलिंदो परिस्थितिमा सहकारीको विकास र विस्तार गर्न सरकारले ठोस प्रतिबद्धतासहित एक निश्चित दायित्व बहन गर्नुपर्ने आवश्यक छ । सहकारी संस्थाको अनुगमन र निरीक्षणलाई नियमित र तीब्र पारी जिल्ला सहकारी कार्यालयलाई जिल्लामै पूर्ववत् संचालन गर्नुपर्ने देखिन्छ । लक्षित वर्गको सहकारीमा पहुँचको लागि कार्यक्रम बनाइनुपर्छ । सहकारी बैंकलाई विस्तार गरी सहकारी संस्थाप्रति जनविश्वास कायम गर्न कार्यक्रम संचालन गर्नु आवश्यक छ । स्थानीय निकायलाई सहकारी विकासको लागि सक्रिय पार्नुपर्ने आवश्यक छ । यसको लागि सहकारी ऐनमा समयसापेक्ष संशोधन र परिमार्जनको आवश्यकता छ ।

श्री ५ को सरकारको आ.व. २०६१/६२ को बजेट वक्तव्यमा "गाउँ-गाउँमा सहकारी, घरघरमा रोजगारी"को नीतिबाट सहकारी संस्थाको विकासमा एउटा नयाँ आयाम थपिएको देखिन्छ । साथै बजेट भाषणमा सहकारी विकासको लागि सहकारी क्षेत्रमा संस्थागत सुधार र सहुलियतको व्यवस्था गरिने नीति अघि सारिएको छ । यसरी सहकारिताप्रति सरकारले व्यक्त गरेको प्रतिबद्धता सान्दर्भिक छ ।

प्रस्तुत नीति तथा कार्यक्रमलाई सार्थक बनाउन र व्यवहारमा लागू गर्न उपयुक्त नीतिगत निर्देशनसहित कार्यान्वयन हुन जरूरी छ ।

◆

# नेपालको प्रजातान्त्रिक परम्परा

बन्देज तिब्बती भाषामा लेखिएको छ । यसको थालनीमा छम्बा छल्हमटु नाम गरेका मानिसका पालामा बनेको भनी लेखिएको छ । सम्भवतः यो बन्देज अभिलेख उल्लिखित छम्ब छल्हमटु प्रभावकारी व्यक्ति थिए र निजकै मार्गनिर्देशनमा तत्कालीन सामाजिक रीतिस्थितिको व्यावहारिक परम्परा बसेको थियो कि भन्ने तर्क गर्न सकिन्छ । जे होस् तिनी प्रभावशाली भएकाले नै तिनको पालामा बनेको भनी उल्लेख भएको हुनुपर्छ । बन्देजको अनुदित शब्द "... (सर्वप्रथम) घरापजोङ (पुरानो ठिनी गाउँ)को राम्रो होस् । पछिसम्म राम्रो हुनुपर्छ । पञ्च भलाद्मी र सबै गाउँहरू मिलेर घम्बाले भनेको मान्नुपर्छ । सानो-ठूलो सबै कुरा गाउँलेहरू सबै मिलेर खुशी-राजीसाथ यो बन्देज लेखी घम्बालाई चढाउँदछौं ।" बन्देजको उल्लिखित शब्दका विवरणले वर्तमान विकसित देशका नियम तर्जुमाकारले नियम बनाउनका उद्देश्य, लक्ष्य र कारणको संक्षिप्त रूपको प्रस्तावना बनाई उल्लेख गरेजस्तै गरेको पाइन्छ । बन्देज अभिलेखका माथिका शब्दहरूले घरापजोङ गाउँको वर्तमान र भविष्य राम्रो हुनुपर्दछ र गाउँका ठूला-ठालू (पञ्चभलाद्मी वा अन्य प्रभावशाली व्यक्तिहरू) र ग्राम निवासीले घम्बाले भनेको मान्नुपर्दछ भनी गाउँ र गाउँ निवासीको रक्षा, हित र कल्याणका निमित्त एक नेता वा मार्गप्रदर्शक घम्बा नियुक्त गर्ने कुरामा घरापजोङ निवासी समाजमा परिकल्पना गरिएको छ । यसरी परिकल्पित घम्बाले गाउँ र समाजको हित र कल्याणका निमित्त भनेको र मार्गप्रदर्शन गरेको कुरामा सबैले आज्ञा पालन गर्ने अठोट गरेको कुरा उल्लिखित अभिलेखको भागले स्पष्ट गर्दछ । उक्त नेताको नेतृत्वमा समस्त घरापजोङ निवासी आपसमा मिली काम गरेमा गाउँको उन्नति हुनेछ भनी विश्वस्त भई समस्तगाउँले जनताले एकै भाषाको शब्दमा एकमत भई लिखित राय व्यक्त गरी, चिरकालसम्म व्यवस्थित समाज गराउने उद्देश्यले लिपीबद्ध रूपमा प्रमाणित गरेको कुरा प्रस्तुत भाषाले व्यक्त गरेको देखिन्छ । यसरी परिकल्पना गरी सबैको एकमत र एक रायद्वारा लिपीबद्ध रूपको व्यवस्थामा "....... यो बन्देज लेखी घम्बालाई चढाउँछौं ......" भन्ने आफ्नो सकंल्पलाई अभिव्यक्त गर्दै भविष्यमा आफ्नो मत, राय चुनी नियुक्त गर्ने वा हुने घम्बालाई आदरसाथ "चढाउँछौं" भनी सम्मानित शब्दको प्रयोग भएको पाइन्छ ।

उक्त बन्देजको अभिलेखमा घम्बा (मुखिया वा नेता) नियुक्त गर्ने सम्बन्धमा स्पष्ट व्यवस्था गरिएको छ । लेखको यस सम्बन्धमा चर्चित अनुदित भाषाको शब्दमा "........ घम्बा (मुखिया) ले तीन बर्ष राम्रोसँग काम गर्नुपर्दछ । तीन बर्ष राम्रो काम गरी देखाएमा जनताले तीन बर्ष र झन् राम्रो काम गर्दै गएमा फेरि तीन बर्ष थप गरी लगातार ९ वर्ष काम गर्न पाउँछ । यसरी बाबुले लगातार ९ बर्ष घम्बा (मुखिया) भयो भन्ने कारणले, उसको छोरा र भाइले घम्बा पाउनुपर्छ भन्ने अधिकार रहँदैन । ३-३ बर्ष थप गरेपछि (९ बर्षभन्दा) बढी घम्बाले अधिकार पाउने छैन ... ...।" आदि कुरा उल्लेख छ । प्रस्तुत लेखमा जोङकाई निवासी जनताले आफ्नो जोङकाई जमीनको कल्याण र हितका निमित्त नियमितरूपले शान्ति-सुव्यवस्था कायम राख्नका निमित्त नेता नियुक्त गरी स्वयं प्रशासित हुने इच्छा व्यक्त गरी नियुक्तिका शर्तहरू राखेका छन् । हुन त लेखमा घम्बाले राम्रो काम गर्नुपर्दछ, पहिलो नियुक्तिको ३ बर्ष, दोस्रो र तेस्रो पटक राम्रो काम गर्दै गएमा ३-३ बर्षका दरले जम्मा ९ वर्षसम्म नियुक्ति हुने शर्त राखिएको छ । उक्त बन्देजको शर्तअनुसार घटीमा ३ बर्षको नियुक्ति गरेपछि त्यसको कार्यकुशलता राम्रो र

उच्च आदर्श तथा नैतिकताद्वारा जनता सन्तोष भएमा, जनताले ३ बर्षको निमित्त पुनः नियुक्ति नवीकरण गर्ने र यसपछि पनि जनता र गाउँको राम्रो तरक्की गरी जनताले चाहेमा ३ बर्षको निमित्त नियुक्तिको अवधि बढाई नवीकरण गर्ने सर्त बन्देजमा छ । आधुनिक विकसित देशहरूको प्रजातान्त्रिक व्यवस्थासँग तुलना गर्न लायक उच्च आदर्शवादी सिद्धान्त सन्निहित भएको कुरा यस बन्देजको लेखले प्रमाणित गर्दछ ।

प्रस्तुत बन्देजमा व्यवस्थित गरिएका नियमहरू परिवर्तनशील वा अपरिवर्तनशील कस्ता-कस्ता छन् भनी राम्ररी अध्ययन गरिएमा संशोधन गर्ने प्रणालीको स्पष्ट व्यवस्था देखिंदैन तापनि प्रत्येक बर्ष घरापजोङ निवासी जम्मा भई ठीक छ भनी समर्थन गर्ने परम्परालाई कायम गरिएको छ । यस व्यवस्थाले परिवर्तनशील छ भन्न सकिन्छ । अभिलेख बन्देजको अनुदित शब्दमा "............ प्रत्येक बर्ष-बर्षमा सबै जनताले यो बन्देज ठीक छ भनी शपथ (क्रिया खाने) ग्रहण गर्नुपर्नेछ । फेरि अर्को बन्देज लेख्न भन्न पाइने छैन । गाउँले ठालू कमिसोक, हल्टुकध्याको, खइप कुन्जो छिरिङ छेवाङ घेक्याप र खोङपा नम्बी ..." सहीको चिन्ह धेरै छ । तर नाम लेखिएको छैन ।

यो बन्देजका नियमहरू पनि लागू गर्ने मुख्य व्यक्तिको अभावमा असल रहेकोले घम्बा (मुखिया)को परिकल्पना गरी व्यवस्थित रूपले नियमको निर्माण गरे । किनभने ठिनीमा प्राप्त बन्देजको अभिलेखमा "..... पहिलादेखि बनाएको बन्देज गाउँलेहरूले कायम राख्नेछौं भनी क्रिया खायौं ..." भन्ने कुरा लेखिएकोले यसभन्दा अगाडि विभिन्न बन्देजहरूको निर्माण भएको थियो । तर ती बन्देजका नियमहरू लागू गर्ने मानिसको अभावमा असफल हुनाको कारण घम्बा (मुखिया) नेताको आवश्यकता त्यस समाजले चाह्यो र त्यसको व्यवस्था गऱ्यो । पहिला बनेका वा भइरहेका बन्देजका नियमहरूलाई यथावत् राख्ने भन्ने सम्बन्धमा शपथग्रहण गर्ने कुरा उल्लेख भएकोले तत्काल घम्बाको आवश्यकता, निजको नियुक्ति र सेवा-सर्तहरू तोक्ने र पहिलेका बन्देजमा उल्लेख नभएका अन्य छुट्टै व्यवस्था गर्न आवश्यकता परेको जस्तै वन, बाली र छोवाको सेवाका सर्तहरूको व्यवस्थित नियमितरूपमा समाजले बन्देजको निर्णय गरेको कुरा सम्बन्धित बन्देजको अभिलेखमा उल्लिखित व्यवस्थाले प्रमाणित गर्दछ । परिचर्चित लेखको भागको अनुवादित शब्दमा "..... वनको काँचो काठ काटेर गाउँलेहरूले बेच्न नपाउने । घम्बा (घरमा राख्ने केराए, मुना) १ बेचेमा ३ पाथी चारमाना फापर दण्ड लाग्नेछ । आफ्नो घरमा काठ चाहिएमा पालो बन्दीको छोवा (कटुवालजस्तै) सँगै भन्नुपर्दछ र निजले पनि दिनुपर्दछ । छोवालो दिए भन्दा बढी काट्न पाइँदैन, साथै बढ्ता काठ काट्ने छैन भनेर काठ लिने र बढी दिएको छैन भनेर छोवाले पनि क्रिया खानुपर्दछ । जुन गाउँले भए पनि फलियो, लिस्नो (को लागि) सुकेको काठ काट्न पाउने फ्याङ्ता (ठिनीको पुरानो गाउँमाथि) छोवालाई भनेर पनि सल्लाको काँचो रूख काट्न पाउने छैन । छत्र वन घुम्बुचे कुलीनका तलका वनमा काँचो सल्लाको रूख काट्न पाउने छैन । कसैले काट्यो भने १ घम्बा (५ पाथी अन्न) दण्ड तिर्नुपर्छ भनी विचार गर्नुपर्दछ ।"

***– नारायणप्रसाद क्षेत्रीको 'मुस्ताङ दिग्दर्शन'बाट***

# *किसानको राष्ट्रिय भेला सम्पन्न*

*काठमाडौं । अखिल नेपाल किसान संघको राष्ट्रिय कार्यकर्ता भेला गएको साउन २७ गते सम्पन्न भएको छ । आगामी सेप्टेम्बर १ तारिखमा मलेशियाको राजधानी क्वालालम्पुरबाट सुरू हुने किसानहरूको जनमार्च-२००४ को तयारीका लागि आयोजित सो भेलाको महासचिव माधवकुमार नेपालले उद्घाटन गर्नुभएको थियो ।*

*असोज १० गते नेपाल आइपुग्ने सो मार्चलाई सफल बनाउन किसान संघले कसरी भूमिका निर्वाह गर्न सक्छ भन्ने बारेमा भेला आयोजना गरिएको थियो । उद्घाटन समारोहमा महासचिव नेपालले किसानको हकहितका लागि आफ्नो पार्टी सचेत रहेको उल्लेख गर्नुभयो ।*

*सो भेलामा स्थायी कमिटी सदस्य तथा उपप्रधानमन्त्री भरतमोहन अधिकारी, स्थायी समिति सदस्यहरू अमृतकुमार बोहरा, सहाना प्रधान, मुकुन्द न्यौपाने, केशव वडाल, वैकल्पिक सदस्य विष्णु पौडेललगायतले बोल्नुभएको थियो । संघका अध्यक्ष वामदेव गौतमको सभापतित्वमा सम्पन्न सो भेलाको समापनलाई स्थायी समिति सदस्यहरू के.पी. ओली र झलनाथ खनालले सम्बोधन गर्नुभएको थियो ।*

*जल, जमिन, जडीबुटी माथि किसानहरूको अधिकार स्थापित हुनुपर्ने नाराका साथ आयोजना हुने सो जनमार्चले विश्वका विभिन्न देशको परिक्रममा गर्नेछ ।*

**भीम रावल**

***केन्द्रीय कमिटी सदस्य***

***इन्चार्ज- सेती अञ्चल समन्वय कमिटी***

- **जन्म मिति** - २०१३ साल श्रावण ४ गते शुक्रवार
- **जन्मस्थान** :- सेती अञ्चल, अछाम जिल्ला, भागेश्वर गाविस-१, कालाआम गाउँ ।
- **माता** :- धनशोभा रावल **पिता** :- मोतिसिंह रावल
- **पत्नी**:- संजीता रावल, **छोरा**ः प्रभात रावल, प्रशान्त रावल
- **शिक्षा**:- प्रवेशिका- म.मा.विद्यालय, अछाम, एम्.ए.(राजनीति शास्त्र), बी. एल्.- त्रिभुवन विश्व विद्यालय, कानून, विकास र मानव अधिकारसम्बन्धी संक्षिप्त कोर्स- इस्टिच्युट अफ सोसल स्टडीज, द हेग, नेदरल्याण्डस् ।
- **राजनीतिक जीवनको आरम्भ**

+ २०३१ सालमा सिक्किम भारतमा विलय विरोधी विद्यार्थी आन्दोलनमा सक्रियरूपमा सहभागी र २०३२ सालको विद्यार्थी आन्दोलनमा केन्द्रीय कारागारमा एक महिनासम्म बन्दी भएपछि झापाली राजबन्दीहरूसंगको भेटबाट पार्टी राजनीतितर्फ आकर्षित ।
+ २०३३ सालमा रेडगार्डमा संगठित भई को-अर्डिनेशन केन्द्रमा प्रवेश र २०३५ सालमा नेकपा (माले) को सदस्यता प्राप्त । २०३३ सालमा नै राजकाज मुद्दा र कारावास ।

- **जिम्मेवारी** :-

- –२०३६ सालमा अनेरास्ववियु, राष्ट्रिय सम्मेलन तयारी समितिको सदस्य र एकताको पाँचौं राष्ट्रिय सम्मेलनबाट केन्द्रीय सेक्रेटारियटको सदस्य तथा विदेश विभाग प्रमुख, *विद्यार्थी आवाज र स्टुडेण्ट्स भ्वाइस*को सम्पादक, केन्द्रीय विद्यार्थी फ्र्याक्शनको सदस्य । यही क्रममा २०३८ सालमा पाँच महिना कारावास ।
- २०३९ सालमा काठमाण्डौमा पार्टी बुद्धिजीवी इलाका कमिटीको सदस्य तथा पार्टीको समाचार पत्रिका सम्पादन कमिटीको सदस्य (*छलफल साप्ताहिक*को सम्पादन) ।
- २०४१ सालमा पार्टीको कानून व्यवसायी कमिटीको सचिव ।
- २०४७ सालमा अन्तरीम सरकारमा पार्टीको तर्फबाट बन तथा भू-संरक्षण, भूमिसुधार तथा व्यवस्था र कृषि मन्त्रालयमा सल्लाहकार,
- अछाम क्षेत्र नं. बाट २०४८ सालमा प्रतिनिधिसभाको उम्मेदवार ।
- २०४८ सालमा पार्टी केन्द्रीय प्रचार विभागको सदस्य ।
- २०४९ सालमा पार्टी केन्द्रीय विदेश विभागको सचिव ।
- २०५१ सालमा अछाम क्षेत्र नं. १ बाट प्रतिनिधिसभा सदस्य निर्वाचित तथा नेकपा (एमाले) को नौ-महिने सरकारमा पर्यटन तथा नागरिक उड्डयन र बाणिज्य राज्यमन्त्री,
- २०५२ सालदेखि हालसम्म विदेश विभागको सदस्य ।
- २०५४ सालमा सम्पन्न छैटौं राष्ट्रिय महाधिवेशनबाट केन्द्रीय कमिटीको सदस्य तथा सेती अञ्चल ईन्चार्ज ।
- २०५५ सालको संयुक्त चुनावी सरकारमा पर्यटन तथा नागरिक उड्डयन र विज्ञान तथा प्रविधि मन्त्री ।
- २०५९ सालमा सातौं राष्ट्रिय महाधिवेशनबाट केन्द्रीय कमिटीको सदस्यमा पुनः निर्वाचित तथा सेती अञ्चल तथा विदेश स्थित पार्टी संगठनको ईन्चार्ज, संगठन विभागको सदस्य र *न्यू एरा*को सम्पादक मण्डलको सदस्य ।
- विभिन्न समयमा विभिन्न मानव अधिकार संगठन र आयोगमा काम गरेको तथा संयुक्त राष्ट्र संघ अन्तर्गत एक वर्ष कम्बोडियामा रहेर निर्वाचन सम्पन्न गराउन काम गरेको ।

- **तपाईंको आदर्श** -

- जनता र देशको हितप्रति पूर्ण निष्ठाका साथ सक्रिय रहँदै शोषित-पीडित र श्रमजीवी जनताको पक्षमा दृढतापूर्वक उभिने तथा परिश्रम, इमान्दारी, अध्ययनशीलता एवं अनुशासनलाई जीवन शैलीको रूपमा अुशरण गरिरहने ।

- **पार्टी कामको सन्दर्भमा अनुभूत गरेको दुःखद् क्षण**-

- दश वर्ष अघिको सन्दर्भमा मदन भण्डारी र जीवराज आश्रितको हत्याको खवर सुन्दाको क्षण तथा हालैका सन्दर्भमा सेती अञ्चल समन्वय कमिटीका सदस्य पूर्व सांसद चक्र बहादुर डगौरा चौधरी एवं बाजुरा जिल्ला कमिटीका उपसचिव ताराचन्द्र रेग्मीको माओवादीहरूद्वारा हत्या गरिएको जानकारी पाउँदाको क्षण ।

- **पार्टी कामको सन्दर्भमा अनुभूत गरेको अप्ठ्यारो क्षण**

- छैटौं राष्ट्रिय महाधिवेशनको लगत्तै पार्टी विभाजन पछि पार्टीको रक्षार्थ लाग्नु पर्दाको परिस्थिति ।

- **हालको ठेगाना** :- काठमाण्डौ महानगरपालिका-३२, अरूणमार्ग-२२, घट्टेकुलो

# भीम आचार्य

*केन्द्रीय कमिटी सदस्य*

*इन्चार्ज, कोशी अञ्चल समन्वय कमिटी*

- **जन्ममिति** :- २०१६/१/१४
- **जन्मस्थान** :- तेलीया गाविस, धनकुटा
- **माता** :- लक्ष्मीदेवी आचार्य
  **पिता** :- बालाप्रसाद आचार्य
- **पत्नी**:- नीरादेवी खनाल, **छोरी**ः अस्मिता, **छोरा**ः अशीम
- **शिक्षा**:- एम.बी.ए. (त्रिभुवन विश्वविद्यालय)
- **राजनीतिक जीवनको आरम्भ**

\+ ०३२ सालको विद्यार्थी आन्दोलनबाट प्रभावित भई ०३५/०३६ को आन्दोलनको समग्र सहभागिताबाट

- **जिम्मेवारी** :-

- ०३६-०३८-०४० विद्यार्थी युनियनको सचिव
- ०३६ मा स्ववियु सचिव इन्जिनीयरिङ्ग पुल्चोक
- ०३७ मा कोषाध्यक्ष अनेरास्ववियु काठमाडौं जिल्ला कमिटी
- ०३८/०४० मा स्ववियु सचिव सरस्वती
- ०३८ मा युथ लिग सचिव
- ०३८ मा लिडिङ युथ लिग सदस्य, काठमाडौं
- ०३९ मा पार्टी सदस्यता प्राप्त नेकपा (माले)
- ०३९ मा अनेरास्ववियु सातौं राष्ट्रिय सम्मेलन आयोजक कमिटी सदस्य
- ०३९ मा अनेरास्ववियु सातौं सम्मेलनबाट केन्द्रीय कमिटी महासचिव
- ०४० मा लिडिङ युथ लिग सचिव, काठमाडौं
- २०४१/२०४४ - राजकाज मुद्दा र जेल
- २०४४- नेकपा (माले) विद्यार्थी जि.क. सचिव
- २०४७ - जिल्ला सचिव सुनसरी
- २०४९ - पाँचौं महाधिवेशनबाट केन्द्रीय लेखा समितिको सदस्य निर्वाचित
- २०५४ - छैठौं महाधिवेशनबाट वैकल्पिक केन्द्रीय सदस्य निर्वाचित, २०५५ मा केन्द्रीय कमिटी सदस्य
- २०५९- सातौं महाधिवेशनबाट केन्द्रीय कमिटी सदस्य निर्वाचित

- **तपाईंको आदर्श -**

- स्वच्छ र इमान्दारिता

- **पार्टी कामको सन्दर्भमा अनुभूत गरेको ज्यादै दुःखको क्षण**

- दासढुङ्गा दुर्घटना र पार्टी विभाजन

- **पार्टी कामको सन्दर्भमा अनुभूत गरेको अप्ठ्यारो क्षण**

- ०३९ सालको पार्टीभित्रको आन्तरिक विवाद
- २०५४ सालको पार्टी विभाजन

- **हालको ठेगाना** :- मधेशा-९, सुनसरी, कोशी